
# गाउँ शिक्षा योजना

## गढी गाउँपालिका सुनसरी

(२०८३/८४-२०९२/९३)




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

गढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सुनसरी, कोशी प्रदेश

**गढी गाउँपालिका**
गाउँकार्यपालिकाको कार्यालय
औरावनी, सुनसरी

कोशी प्रदेश नेपाल

# गाउँपालिका अध्यक्षको भनाइ

**"गुणस्तरीय, समावेशी र प्रविधिमैत्री शिक्षा–समृद्ध गढी हामी सबैको इच्छा।"**

शिक्षा कुनै पनि समाजको समृद्धि, सभ्यता र दिगो विकासको प्रमुख आधार हो। शिक्षित नागरिकले मात्र सक्षम समाज, उत्तरदायी नेतृत्व र आत्मनिर्भर राष्ट्र निर्माण गर्न सक्छन् । यस यथार्थलाई आत्मसात् गर्दै गढी गाउँपालिकाले आगामी दश वर्षलाई दृष्टिगत गरी तयार गरेको **१० वर्षे शिक्षा योजना (२०८३/०८४–२०९२/०९३)** सार्वजनिक गर्न पाउँदा अत्यन्त हर्ष र गौरवको अनुभूति भएको छ।

यस योजनाले गाउँपालिकाभित्रका सबै बालबालिकालाई गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षा उपलब्ध गराउने स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ। प्रारम्भिक बालविकासदेखि माध्यमिक शिक्षासम्म सिकाइको गुणस्तर अभिवृद्धि, सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग, शिक्षकको पेशागत क्षमता विकास, विद्यालयको भौतिक तथा डिजिटल पूर्वाधार सुदृढीकरण, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार, सुशासन तथा जवाफदेहिताको प्रवर्द्धन र सबै वर्ग, समुदाय तथा लैङ्गिक समानताको सुनिश्चितता यस योजनाका प्रमुख प्राथमिकताहरू हुन् ।

संघीय, प्रदेश तथा स्थानीय सरकार, विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, विकास साझेदार तथा सरोकारवाला सबै पक्षको सक्रिय सहकार्यबाट मात्र यस योजनाका लक्ष्यहरू हासिल गर्न सकिन्छ भन्ने हाम्रो दृढ विश्वास छ। योजना कार्यान्वयनमा आवश्यक स्रोत व्यवस्थापन, प्रभावकारी अनुगमन तथा निरन्तर सुधारका लागि गाउँपालिका पूर्ण रूपमा प्रतिबद्ध रहनेछ।

यस योजना निर्माण प्रक्रियामा महत्त्वपूर्ण सुझाव, अनुभव र सहयोग प्रदान गर्नुहुने शिक्षा क्षेत्रका विज्ञहरू, जनप्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछु।

अन्त्यमा, यस योजनाले गढी गाउँपालिकाको शिक्षा क्षेत्रलाई नवीन, समावेशी, प्रतिस्पर्धी र परिणाममुखी बनाउँदै समृद्ध, सक्षम र जिम्मेवार नागरिक उत्पादन गर्ने हाम्रो साझा लक्ष्य प्राप्तिमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्दछु।

**धन्यवाद!**

.......................................
**श्री आश नारायण चौधरी**
**अध्यक्ष**
**गढी गाउँपालिका, सुनसरी**

गढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
ओरबन्नी, सुनसरी

कोशी प्रदेश नेपाल

## गाउँपालिका अध्यक्षको भनाइ

**"गुणस्तरीय, समावेशी र प्रविधिमैत्री शिक्षा–समृद्ध गढी हामी सबैको इच्छा।"**

शिक्षा कुनै पनि समाजको समृद्धि, सभ्यता र दिगो विकासको प्रमुख आधार हो। शिक्षित नागरिकले मात्र सक्षम समाज, उत्तरदायी नेतृत्व र आत्मनिर्भर राष्ट्र निर्माण गर्न सक्छन्। यस यथार्थलाई आत्मसात् गर्दै गढी गाउँपालिकाले आगामी दश वर्षलाई दृष्टिगत गरी तयार गरेको **१० वर्षे शिक्षा योजना (२०८३/०८४–२०९२/०९३)** सार्वजनिक गर्न पाउँदा अत्यन्त हर्ष र गौरवको अनुभूति भएको छ।

यस योजनाले गाउँपालिकाभित्रका सबै बालबालिकालाई गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षा उपलब्ध गराउने स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ। प्रारम्भिक बालविकासदेखि माध्यमिक शिक्षासम्म सिकाइको गुणस्तर अभिवृद्धि, सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग, शिक्षकको पेशागत क्षमता विकास, विद्यालयको भौतिक तथा डिजिटल पूर्वाधार सुदृढीकरण, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार, सुशासन तथा जवाफदेहिताको प्रवर्द्धन र सबै वर्ग, समुदाय तथा लैङ्गिक समानताको सुनिश्चितता यस योजनाका प्रमुख प्राथमिकताहरू हुन्।

संघीय, प्रदेश तथा स्थानीय सरकार, विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, विकास साझेदार तथा सरोकारवाला सबै पक्षको सक्रिय सहकार्यबाट मात्र यस योजनाका लक्ष्यहरू हासिल गर्न सकिन्छ भन्ने हाम्रो दृढ विश्वास छ। योजना कार्यान्वयनमा आवश्यक स्रोत व्यवस्थापन, प्रभावकारी अनुगमन तथा निरन्तर सुधारका लागि गाउँपालिका पूर्ण रूपमा प्रतिबद्ध रहनेछ।

यस योजना निर्माण प्रक्रियामा महत्त्वपूर्ण सुझाव, अनुभव र सहयोग प्रदान गर्नुहुने शिक्षा क्षेत्रका विज्ञहरू, जनप्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछु।

अन्त्यमा, यस योजनाले गढी गाउँपालिकाको शिक्षा क्षेत्रलाई नवीन, समावेशी, प्रतिस्पर्धी र परिणाममुखी बनाउँदै समृद्ध, सक्षम र जिम्मेवार नागरिक उत्पादन गर्ने हाम्रो साझा लक्ष्य प्राप्तिमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्दछु।

**धन्यवाद!**

**श्री आश नारायण चौधरी**
**अध्यक्ष**
**गढी गाउँपालिका, सुनसरी**

# संक्षेपीकरण

| संक्षेप रुप | साङ्केतिक अर्थ |
|---|---|
| आ.व. - | आर्थिक वर्ष |
| वि.स. - | विक्रम संवत् |
| मि.मि.- | मिलिमिटर |
| आ.वि. - | आधारभूत विध्यालय |
| प्रा.वि.- | प्राथमिक विध्यालय |
| नि.मा.वि.- | निम्न माध्यमिक विध्यालय |
| मा.वि.- | माध्यमिक विध्यालय |
| उ.मा.वि.- | उच्च माध्यमिक विध्यालय |
| प्र.अ - | प्रधानाध्यापक |
| स.का.- | सहयोगी कार्यकर्ता |
| जि.पि.ए. - | ग्रेड प्वाईन्ट एभ्रेज |
| वि.सु.यो. - | विद्यालय सुधार योजना |
| वि.व्य.स. - | विद्यालय व्यवस्थापन समिति |
| वि.क्षे.वि.यो . - | विद्यालय क्षेत्र विकास योजना |
| शि.अ.स. - | शिक्षक अभिभावक संघ |

**शिक्षा योजना निर्माण कार्यदल :**

१ श्री छवि खड्का शिक्षा अधिकृत (शा.अ.), गढी गाउँपालिका - संयोजक

२ श्री चन्द्र कुमार सरदार वडाध्यक्ष, ५ नं. वडा कार्यालय - सदस्य

३ श्री शिवचरण साह प्र.अ., श्री मा.वि., छिँटाहा - सदस्य

४ श्री रामकुमार चौधरी प्र.अ., श्री सरस्वती मा.वि., औरावनी - सदस्य

**विज्ञ सहजकर्ताः**

श्री दुर्गाप्रसाद खतिवडा- सेवा निवृत्त उपसचिव, शिक्षा सेवा

श्री डिल्लिराम अधिकारी - सेवा निवृत्त उपसचिव, शिक्षा सेवा

# योजनाको सारांश

गढी गाउँपालिकालाई एक समृद्ध, समतामूलक र प्रविधिमैत्री शैक्षिक केन्द्रको रूपमा विकास गर्ने दूरगामि उद्देश्यका साथ यो १० वर्षे गाउँपालिका शिक्षा योजना (२०८३/८४-२०९२/९३) तयार पारिएको हो। यस योजनाले नेपालको संविधानले प्रत्याभूत गरेको अनिवार्य तथा निःशुल्क शिक्षाको अधिकार र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार क्षेत्रभित्र रही पालिकाको समग्र शैक्षिक रूपान्तरणको स्पष्ट खाका प्रस्तुत गर्दछ । यो योजना तर्जुमा गर्ने क्रममा गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालय, मदरसा, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी, जनप्रतिनिधी र शिक्षा विज्ञहरूको व्यापक सहभागिता सुनिश्चित गरिएको छ। यस योजनाले विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै सबै बालबालिकालाई समतामूलक, समावेशी र पहुँचयोग्य शिक्षा सुनिश्चित गर्ने प्रतिवद्धता राखेको छ।

" प्रविधिमैत्री, गुणस्तरीय र जीवनोपयोगी शिक्षा ; समृद्ध गढी हामी सबैको ईच्छा " दुरदृष्टि रहेको यस योजनाका लक्ष्य समावेशी पहुँच सहित गुणस्तरीय शिक्षाका माध्यमबाट सिर्जनशील, सीपमुलक, प्रतिस्पर्धी, नवप्रवर्तनशील, सुसंस्कृत, सक्षम र राष्ट्रिय अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम, नैतिक र आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने, रहेको छ भने उद्देश्यहरु सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित गर्नु,औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासमा पहुँच अभिवृद्धि गर्नु ।विद्यालय शिक्षामा सुशासन पारदर्शिता र प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्नु रहेका छन् ।

हाल पालिकामा कुल ४३ वटा विद्यालयहरू सञ्चालित छन्, जसमध्ये २४ सामुदायिक, ४ मदरसा (धार्मिक) र १५ संस्थागत (निजी) विद्यालयहरू रहेका छन्। प्रारम्भिक बालविकास र पूर्वप्राथमिक शिक्षातर्फ सामुदायिक, धार्मिक र संस्थागत गरी कुल ६१ वटा मन्टेश्वरी तथा पूर्वप्राथमिक कक्षाहरू सञ्चालनमा छन्। शैक्षिक वर्ष २०८२ को तथ्याङ्क अनुसार पालिका भरि कुल ८८१५ विद्यार्थीहरू (४३९९ छात्रा र ४४१६ छात्र) अध्ययनरत छन्।

राष्ट्रिय जनगणना २०२१ अनुसार पालिकाको कुल साक्षरता दर ७०.८% रहेको भएता पनि पुरुष साक्षरता ७८.८% र महिला साक्षरता ६३.०% मात्र रहनुले लैङ्गिक खाडल छ। विद्यालयहरूको भौतिक पूर्वाधारमा क्रमशः सुधार भए तापनि सामुदायिक विद्यालयतर्फ विद्यार्थीको आकर्षण र सिकाइ उपलब्धिमा अपेक्षाकृत सुधार हुन सकेको छैन। हाल कक्षा ५ को औसत जीपीए २.९ र कक्षा ८ को २.८ मात्र रहनु र सामुदायिक तथा संस्थागत विद्यालयहरूबीचको शैक्षिक गुणस्तरमा ठूलो अन्तर हुनु प्रमुख समस्याको रूपमा रहेको छ ।

भौतिक पूर्वाधारको क्षेत्रमा गढी गाउँपालिकाका सामुदायिक विद्यालयहरू सुधारको खाँचो छ । हाल ५४ वटा कक्षाकोठालाई तत्काल मर्मत सम्भार (जीर्णोद्धार) गर्नुपर्ने देखिन्छ भने विद्यार्थी संख्याको अनुपातमा कुल ३४ वटा नयाँ कक्षाकोठा निर्माण गर्नुपर्ने आवश्यकता छ। विद्यालयहरूमा स्वच्छ र सुरक्षित

खानेपानीको विद्यमान संरचना संख्या १० मात्र सुरक्षित देखिएकाले कुल ३१ वटा खानेपानीका संरचनाहरू मर्मत सम्भार गर्नुपर्ने अवस्थामा छन् भने १५ वटा नयाँ खानेपानीका पूर्वाधारहरू निर्माण गर्नुपर्ने देखिन्छ। शौचालय व्यवस्थापनतर्फ कुल ५८ संरचनामध्ये ३६ वटा शौचालय तत्काल मर्मत सम्भार गर्नुपर्ने अवस्थामा छन् भने थप ४ वटा नयाँ शौचालय निर्माण गर्नु पर्ने आवश्यकता छ। महिनावारी स्वच्छता व्यवस्थापन अन्तर्गत छात्राहरूका लागि सेनेटरी प्याड वितरण र गोपनीयता सुनिश्चित गर्न १९ वटा चेन्जिङ रुम मर्मत गर्नुपर्ने र ९ वटा नयाँ चेन्जिङ रुम निर्माण गर्नुपर्ने अवस्था छ, जसले गर्दा कक्षा ९-१० मा रहेको १०.३% को उच्च ड्रपआउट दरलाई न्यून गर्न मद्दत पुग्नेछ ।

शैक्षिक गुणस्तर अभिवृद्धि र व्यवस्थापनलाई सुदृढ गर्न यस योजनाले ठोस रणनीतिहरू अघि सारेको छ। विद्यार्थीहरूको पठन संस्कृतिको विकास गर्न आवश्यक देखिन्छ। र प्रयोगात्मक ज्ञानका लागि ५ वटालाई प्रयोगाशाला मर्मत गर्नुपर्ने जरुरत छ ।

१० वर्षे योजनाले औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्ने लक्ष्य लिएको छ। सीमान्तकृत समुदायका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याउन पालिकामा रहेका परम्परागत धार्मिक विद्यालय (मदरसा) हरूलाई आधुनिक पाठ्यक्रम र सरकारी प्रविधिसँग व्यवस्थित रूपमा आबद्ध गरिनेछ। यसका साथै विद्यालय बाहिर रहेका ५-१२ वर्ष उमेर समूहका ३०० जना बालबालिकाहरूलाई विद्यालय भर्ना गराई आधारभूत तहको चक्र पुरा गराउने प्रतिबद्धता योजनाले व्यक्त गरेको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा एवं सीप विकासमा पहुँच अभिवृद्धि गर्दै विद्यार्थीहरूलाई स्वरोजगार र जीवनोपयोगी शिक्षातर्फ आकर्षित गरिनेछ, जसले गर्दा कक्षा १ मा भर्ना भएका बालबालिकाहरू मध्ये कक्षा १० मा पुग्ने हालको ६८.२% को टिकाउ दरलाई उल्लेख्य रूपमा वृद्धि गर्न सकियोस्।

यो १० वर्षे योजना सफलतापूर्वक कार्यान्वयन गर्नका लागि सुरुका ५ वर्ष (२०८३-२०८७) का लागि आवश्यक पर्ने कुल बजेट १,०१,४८,४२,०००।-अनुमान गरिएकोछ । यस योजनाको वित्तीय स्रोत व्यवस्थापन गढी गाउँपालिकाको आन्तरिक बजेटबाट १२.१३%, संघीय सरकारको अनुदानबाट ८०.८७%, प्रदेश सरकारको अनुदानबाट ६.७७% तथा अभिभावक र समुदायको साझेदारीबाट ०.२३% बेहोरिने गरी वित्तीय ढाँचा प्रस्ताव गरिएको छ। योजना केवल कागजमा मात्र सीमित नभई परिणाममुखी होस् भन्नका लागि यसको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन कार्ययोजना परिच्छेद ८ मा समाविष्ट गरिएको छ। जसअन्तर्गत प्रत्येक आर्थिक वर्षको अन्त्यमा योजनाको 'वार्षिक समीक्षा' र पाँचौं वर्षमा विस्तृत 'मध्यावधि मूल्याङ्कन' गरी आवश्यकता अनुसार रणनीतिहरू परिमार्जन गरिनेछ। यस योजनाको सफल कार्यान्वयनका लागि गाउँपालिका, वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, निजी क्षेत्र र नागरिक समाजबीचको सहकार्य, समन्वय र साझेदारीलाई विशेष महत्व दिइएको छ ।

# बिषय सूची


**१. विषय प्रवेश ........ X**

**२. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य ........ XI**

**३. शिक्षा योजना निर्माणका आधार ........ XII**

**४. योजना निर्माण प्रक्रियाः ........ XIII**

**५. योजना तर्जुमाका सीमाहरु ........ XIV**

**६. योजनाको लेखाजोखा ........ XV**

**७. योजनाको दस्तावेजको स्वरूप ........ XVI**

**परिच्छेद १ ........ 1**

**१.१ परिचय ........ 1**

*१.१.१ भौगोलिक अवस्थिति ........ 1*
*१.१.२ जनसंख्या ........ 1*
*१.१.३ सामाजिक तथा सांस्कृतिक अवस्था ........ 1*
*१.१.४ आर्थिक अवस्था ........ 2*
*१.१.५ शैक्षिक अवस्था ........ 3*

**१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण ........ 8**

**१.३ गढी गाउँपालिकाको शिक्षा क्षेत्रको SWOT विश्लेषण ........ 10**

क. सवल पक्षहरू (STRENGTHS) ........ 10
ख. कमजोरी वा समस्याहरू (WEAKNESSES) ........ 10
ग. अवसरहरू (OPPORTUNITIES) ........ 11
घ. चुनौतीहरू (THREATS) ........ 12

**१.४ मुख्य कार्य सम्पादन शैक्षिक सूचकहरु ........ 13**

**परिच्छेद २ ........ 17**

**दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ 17**

२.१ दूरदृष्टि ........ 17
२.२ लक्ष्य ........ 17
२.३ उदेश्य ........ 17
२.४ रणनीतिहरु ........ 18
२.५ अपेक्षित उपलब्धि ........ 21
२.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ 21

**परिच्छेद ३ ........ 24**

**विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र ........ 24**

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ 24
*३.१.१ परिचयः ........ 24*
*३.१.२ वर्तमान अवस्थाः ........ 25*
*३.१.३ उदेश्यः ........ 26*
*३.१.४ रणनीतिहरू ........ 26*
*३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण ........ 27*
*प्रारम्भिक वालविकास र शिक्षा कार्यक्रमका ........ 27*
*प्रारम्भिक वालविकास र शिक्षा कार्यक्रमका ........ 28*

३.२ आधारभतू शिक्षा ........ 29
*३.२.१ परिचय* ........ *29*
*३.२.२ वर्तमान अवस्था-* ........ *29*
*३.२.३ उद्देश्य* ........ *30*
*३.२.४ रणनीतिहरू* ........ *30*
*३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ *32*
***ख.*** ........ *32*
***ग.*** ........ *34*
३.३ माध्यमिक शिक्षा ........ 36
*३.३.१ परिचय* ........ *36*
*३.३.२ वर्तमान अवस्था* ........ *36*
*३.३.३ उद्देश्य* ........ *37*
*३.३.४ रणनीतिहरू* ........ *37*
*३. ३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ *38*
*ग. प्रमुख क्रियाकलापहरू तथा बजेट* ........ *41*
३.५ अनौपचारिक शिक्षा तथा आजिवन सिकाई ........ 44
*३.५.१ परिचय* ........ *44*
*३.५.२ वर्तमान अवस्था* ........ *44*
*३.५.३ उद्देश्य* ........ *47*
*३.५.४ रणनीतिहरू* ........ *47*
*३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य* ........ *48*
***ग. प्रमुख क्रियाकलापहरू तथा बजेटः*** ........ *48*

**परिच्छेद ४ ........ 49**

**अन्तरसम्बन्धित विषय क्षेत्रहरु ........ 49**

४.१ पाठ्यक्रम र मूल्याङ्कन ........ 49
*४.१.१ परिचय* ........ *49*
*४.१.२ वर्तमान अवस्था* ........ *49*
*४.१.३ उद्देश्य* ........ *50*
*४.१.४ रणनीतिहरू* ........ *50*
*४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ *51*
४.२ शिक्षक व्यवस्थापन र विकास ........ 53
*४.२.१ परिचय* ........ *53*
*४.२.२ वर्तमान अवस्थाः* ........ *53*
*४.२.३ उद्देश्य* ........ *54*
*४.२.४ रणनीतिहरू* ........ *54*
*४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ *55*
४.३ समता र समावेशीकरण ........ 58
*४.३.१ परिचय* ........ *58*
*४.३.२ वर्तमान अवस्था* ........ *59*
*४.३.३ उद्देश्यः* ........ *59*
*४.३.४ रणनीतिहरू* ........ *60*
*४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ *61*
४.४ विद्यालय पोषण र स्वास्थ्य सरसफाई कार्यक्रम ........ 63
*४.४.१ परिचय* ........ *63*
*४.४.२ बर्तमान अवस्था* ........ *63*
*४.४.३ उद्देश्यहरु* ........ *64*
*४.४.४ रणनीतिहरू* ........ *64*
*४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य* ........ *65*

४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता ........ 68
*४.५.१ परिचय* ........ *68*
*४.५.२ वर्तमान अवस्था* ........ *69*
*४.५.३ उद्धेश्य* ........ *69*
*४.५.४ रणनीति* ........ *69*
*४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ *70*
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ 72
*४.६.१ परिचय* ........ *72*
*४.६.२ वर्तमान अवस्था* ........ *72*
*४.६.३ उद्देश्य* ........ *73*
*४.६.४ रणनीतिहरू* ........ *73*
*४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य* ........ *74*
४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि ........ 76
*४.७.१ परिचय* ........ *76*
*४.७.२ वर्तमान अवस्था* ........ *76*
*४.७.३ उद्देश्य* ........ *77*
*४.७.४ रणनीतिहरू* ........ *77*
*४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ *77*
***ख. प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*** ........ *78*
***ग. प्रमुख क्रियाकलापहरू तथा बजेट*** ........ *79*

**परिच्छेद ५ ........ 80**

**अन्य उपक्षेत्र ........ 80**

५.१ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम ........ 80
*५.१.१ परिचय* ........ *80*
*५.१.२ वर्तमान अवस्था* ........ *81*
*५.१.३ उद्देश्य* ........ *81*
*५.१.४ रणनीतिहरू* ........ *82*
*५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ *83*
*ख. मुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण* ........ *83*

**परिच्छेद ६ ........ 85**

**विद्यालय सुशासन तथा व्यवस्थापन ........ 85**

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ 85
*६.१.१ परिचय* ........ *85*
*६.१.२ वर्तमान अवस्था* ........ *86*
*६.१.३ उद्देश्य* ........ *90*
*६.१.४ रणनीतिहरू* ........ *90*
*६.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ *90*
*प्रमुख क्रियाकलाप तथा लक्ष्य* ........ *92*
***ग) प्रमुख क्रियाकलापहरू तथा बजेटः*** ........ *91*
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ 92
*६.२.१ परिचय* ........ *92*
*६.२.२ वर्तमान अवस्थाः* ........ *92*
*६.२.३ उद्देश्यहरुः* ........ *93*
*६.२.४ रणनीतिहरू* ........ *93*
*६.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ *93*

**परिच्छेद ७ ........ 96**

**लगानी र स्रोत व्यवस्थापन....96**

*७.१ परिचय....96*
*७.२ वर्तमान अवस्था....97*
*७.३ उद्देश्य....100*
*७.४ रणनीतिहरू....100*
*७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य....100*
विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको बजेट अनुमान....102

**परिच्छेद ८ ....103**

**अनुगमन तथा मूल्याङ्कन ....103**

८.१ परिचय ....103
८.२ वर्तमान अवस्था ....103
८.३ उद्देश्य....104
८.४ रणनीतिहरू....104
८.५ पालिका शिक्षा योजनाको अनुगमन तथा मूल्याङ्कन कार्ययोजना....104
८.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य....107

**अनुसूची १....109**

**अनुसूची २ ....110**

**अनुसूची ३....112**

**अनुसूची ४ ....114**

**अनुसूची ५ ....115**

**अनुसूची ६ ....117**

**अनुसूची ७ ....118**

# १. विषय प्रवेश

विद्यालय तहको शिक्षाको योजना निर्माण, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी संघीय शासन प्रणालीको कार्यान्वयनसँगै स्थानीय तहमा हस्तान्तरण भएको छ। नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा विद्यालय शिक्षासम्बन्धी विद्यमान कानुनी एवं नीतिगत व्यवस्थाहरूले स्थानीय तहलाई आफ्नो भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा शैक्षिक आवश्यकता अनुसार शिक्षा नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने स्पष्ट अधिकार तथा जिम्मेवारी प्रदान गरेका छन्। यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शैक्षिक विकासलाई योजनाबद्ध, समन्वित, प्रभावकारी र परिणाममुखी ढङ्गले अघि बढाउने महत्वपूर्ण मार्गदर्शन दस्तावेजका रूपमा स्थापित भएको छ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, किशोरकिशोरी, युवा तथा वयस्क नागरिकका लागि समावेशी, गुणस्तरीय, जीवनोपयोगी तथा समान पहुँचयुक्त शिक्षा सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने मध्यकालीन तथा दीर्घकालीन विकास योजना हो। यस योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तथा माध्यमिक शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक शिक्षा, आजीवन सिकाइ, शिक्षक व्यवस्थापन तथा क्षमता विकास, विद्यालय सुशासन, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षा, समावेशी शिक्षा, विद्यालय सुरक्षा तथा भौतिक पूर्वाधार विकास लगायत शिक्षा क्षेत्रका सम्पूर्ण आयामलाई समेट्दै स्थानीय आवश्यकता, सम्भावना तथा प्राथमिकताका आधारमा स्पष्ट उद्देश्य, लक्ष्य, रणनीति, कार्यक्रम, कार्ययोजना, अपेक्षित उपलब्धि तथा स्रोत व्यवस्थापनको रूपरेखा प्रस्तुत गर्दछ। साथै, यस योजनाले नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4), प्रदेश सरकारका शिक्षा नीति तथा स्थानीय विकासका प्राथमिकतासँग समन्वय र तादात्म्य कायम गर्दै स्थानीय शिक्षा प्रणालीलाई दिगो, उत्तरदायी, समावेशी तथा गुणस्तरीय बनाउने आधार तयार गर्दछ। स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागितामूलक, समावेशी तथा पारदर्शी हुनु अपरिहार्य भएकाले यसको तर्जुमा प्रक्रियामा विद्यालय, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी, वडा कार्यालय, जनप्रतिनिधी, विषय विज्ञ, नागरिक समाज, विकास साझेदार तथा अन्य सरोकारवाला निकायहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिएको छ। यसले स्थानीय तहको वास्तविक शैक्षिक अवस्था, आवश्यकता, चुनौती तथा सम्भावनाको वस्तुनिष्ठ विश्लेषण गरी शिक्षा क्षेत्रका प्राथमिकता निर्धारण गर्न सहयोग पुऱ्याएको छ।

यस योजनामार्फत शिक्षामा पहुँच, सिकाइको गुणस्तर, समता तथा सामाजिक समावेशीकरण, लैङ्गिक समानता, अपाङ्गतामैत्री शैक्षिक वातावरण, डिजिटल तथा प्रविधिमैत्री शिक्षा, विद्यालयको भौतिक पूर्वाधार विकास, जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरण, विद्यालय सुरक्षा, शिक्षकको व्यवसायिक क्षमता अभिवृद्धि, विद्यालय सुशासन तथा वित्तीय व्यवस्थापन जस्ता समसामयिक विषयहरूलाई समग्र रूपमा सम्बोधन गर्ने प्रयास गरिएको छ। यस स्थानीय शिक्षा योजनाले शिक्षा क्षेत्रमा आवश्यक लगानीका प्राथमिकता निर्धारण गर्न, उपलब्ध स्रोतसाधनको न्यायोचित तथा प्रभावकारी परिचालन गर्न, विभिन्न निकायबीच समन्वय र साझेदारी अभिवृद्धि गर्न तथा नतिजामुखी कार्यान्वयन सुनिश्चित गर्न महत्वपूर्ण आधार प्रदान गर्नेछ। दीर्घकालीन सोच, स्पष्ट उद्देश्य, मापनयोग्य सूचक, कार्यान्वयन योग्य रणनीति तथा

प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीसहित तयार गरिएको यस योजनामार्फत गढी गाउँपालिकाले सबै नागरिकका लागि समावेशी, गुणस्तरीय, प्रविधिमैत्री, जीवनोपयोगी तथा दिगो शिक्षा प्रणाली निर्माण गर्दै समृद्ध, सक्षम र प्रतिस्पर्धी मानव पुँजी विकासतर्फ ठोस, व्यवस्थित र परिणाममुखी कदम चाल्ने विश्वास लिइएको छ ।

# २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

**क) शिक्षा योजना निर्माणको आवश्यकताः**

कुनै पनि क्षेत्रको विकासलाई व्यवस्थित, प्रभावकारी र दिगो बनाउन योजना मार्ग दर्शक सिद्धान्त हो। विगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यप्रतिको दृष्टिकोण समेटिएको योजनाले सीमित साधन र स्रोतको सदुपयोग गरी अधिकतम लाभ लिने उद्देश्य राख्दछ। शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ भएकोले यस क्षेत्रमा वर्तमान अवस्था, चुनौती र सम्भावनाको विश्लेषण गरी स्पष्ट लक्ष्य र रणनीति तय गर्न दीर्घकालीन योजना अपरिहार्य मानिन्छ।नेपालको संविधानको अनुसूची ८ ले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन स्थानीय तहको एकल अधिकारमा राखेको छ। साथै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) ले तोकेका २३ वटा शिक्षा सम्बन्धी अधिकार र दफा २४(१) को आवधिक तथा क्षेत्रगत योजना निर्माण गर्नुपर्ने कानुनी बाध्यतालाई कार्यान्वयन गर्न यो शिक्षा योजना अनिवार्य भएको हो।

गाउँपालिकाभित्र विद्यालय उमेर समूहका बालबालिकाको बढ्दो सङ्ख्या, अपर्याप्त भौतिक पूर्वाधार, कमजोर सिकाइ उपलब्धि र सीमित प्रविधिको पहुँच जस्ता विद्यमान चुनौतीहरू रहेका छन्। यी चुनौतीहरूलाई चिर्दै शिक्षक क्षमता विकास, समावेशी शिक्षा, बालमैत्री वातावरण तथा गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गर्न स्पष्ट दृष्टि र रणनीति आवश्यक छ। तसर्थ, स्थानीय सन्दर्भ र आवश्यकताका आधारमा समग्र शैक्षिक विकास, सुशासन, र अपेक्षित नतिजा हासिल गर्न यो व्यवस्थित शिक्षा योजना तर्जुमा गरिएको हो।

स्थानितहमा शिक्षा योजना किन आवश्यक हुन्छ भनेर वृहत्तर रुपमा हेर्ने हो भने यि तलका बुदाहरुको कार्यान्वयन गर्न स्थानियतहको शिक्षा योजना आवश्यक हुन्छ जस्तै,

- नेपालको संविधान प्रदत्त शिक्षाका हक र अधिकारको कार्यान्वयन गर्न ।
- नेपालको राष्ट्रिय शिक्षा नीति २०७६ कार्यान्वयन गर्न ।
- अनिवार्य तथा निःशुक शिक्षा ऐन तथा नियमावली कार्यान्वयन ।
- दिगो विकास लक्ष्य २०३० र नेपालको सोह्रौ पञ्चवर्षीय योजनाको शिक्षा क्षेत्रको उद्देश्य पुरा गर्न ।
- विद्यालय शिक्षासम्वन्धी विद्यमान ऐन कानुनले प्राथमिकतामा राखेका नीति कार्यक्रम तथा लक्ष्यलाई कार्यानन्वयन गर्न ।
- विद्यालय शिक्षा क्षेत्र योजना २०७९–२०८८ कार्यान्वयन गर्न ।
- स्थनीयतहमा विद्यालयतहको शिक्षा विकासलाई दिशा निर्देश गर्न।
- विद्यालय शिक्षामा योजनबद्ध लगानी र विकास गर्न ।

### ख) शिक्षा योजना निर्माणको औचित्य

नेपालको संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन, सञ्चालन र विकासको प्रमुख जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। स्थानीय तहले आफ्नो क्षेत्रको भौगोलिक, सामाजिक, सांस्कृतिक अवस्था, शैक्षिक आवश्यकता तथा उपलब्ध स्रोतसाधनलाई नजिकबाट बुझ्न र परिचालन गर्न सक्ने भएकाले स्थानीय शिक्षा योजना निर्माण आफैंमा आवश्यक र औचित्यपूर्ण छ। यस योजनाले स्थानीय आवश्यकता अनुरूप कार्यक्रम तथा बजेट तर्जुमा गरी शिक्षामा पहुँच, समावेशिता, गुणस्तर र उत्तरदायित्व सुनिश्चित गर्न स्पष्ट मार्ग निर्देशन गर्दछ।यस योजनाको अर्को महत्त्वपूर्ण औचित्य सीमित स्रोत-साधनको प्रभावकारी र पारदर्शी उपयोग गर्नु हो। शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि सही प्राथमिकता निर्धारणको अभावमा अपेक्षित उपलब्धि हासिल हुन नसकेको वर्तमान अवस्थामा यस योजनाले स्पष्ट प्राथमिकता र नतिजामुलक लगानीको ठोस आधार प्रदान गर्दछ। यसले संघ, प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्दै विकास साझेदार तथा अन्य सरोकारवालाहरूसँग सहकार्य गर्न सहज वातावरण बनाउँछ। साथै, यस शिक्षा योजनाले विद्यालय व्यवस्थापन सुदृढीकरण, प्रविधिमैत्री शिक्षा विस्तार, शिक्षकको पेसागत विकास र विद्यार्थीको सिकाइ उपलब्धि वृद्धिमा प्रत्यक्ष सहयोग पुऱ्याउनेछ। स्थानीय शिक्षा प्रणालीलाई 'विद्यालय शिक्षा क्षेत्र योजना , दिगो विकास लक्ष्य तथा राष्ट्रिय शिक्षा नीतिसँग आबद्ध गर्दै समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्न यो योजना निर्माण गर्नु अत्यावश्यक र औचित्यपूर्ण ठहरिन्छ।

**प्रमुख औचित्यहरू:**

१ तीनै तहका शिक्षा योजनाबीच लम्बीय र क्षितिजीय समन्वय स्थापना गर्नु ।

२ संघ र प्रदेशबाट प्राप्त स्रोतलाई योजनाबद्ध रूपमा व्यवस्थापन र परिचालन गर्नु ।

३ दोहोरोपन, स्रोत अभाव र असक्षमता न्यूनीकरण गर्नु ।

४ लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउनु ।

५ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउनु ।

# ३. शिक्षा योजना निर्माणका आधार

पालिका शिक्षा योजना निर्माण गर्दा राज्यले विद्यालय शिक्षाको लागि गरेका हरेक क्षेत्रका व्यवस्थाहरुलाई आधार मानेर गरिएकोछ।मुख्य रुपमा देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर निर्माण गरिएको छ ।

क) नेपालको संविधान

ख) स्थानीय सरकार सञ्चालन ऐन २०७४

ग) सोहौं योजना २०८१/८२-२०८५/८६

घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७

ङ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच

च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५

छ) विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

ज) विद्यालय शिक्षा क्षेत्र योजना २०७९–२०८८

झ) राष्ट्रिय शिक्षा नीति २०७६,

ञ) दिगो विकास लक्ष्य सन २०३०

ट) स्थानीय तहको शिक्षा योजना निर्माणसम्वन्धी मार्गदर्शन २०७९ (परिमार्जित सस्करण २०८१)

ठ) स्थानीय तहको मध्यकालिन खर्च संरचना

ड) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

ढ) स्थानीय तहको शिक्षा योजना निर्माण स्रोतपुस्तिका २०२५

ण) विद्यालय सुधार योजना र अन्य सरकारी र शिक्षासम्बन्धी कार्यक्रमहरु

त) गढी गाउँपालिका बार्षिकवजेट तथा कार्यक्रमहरु २०८०।२०८१

थ) गढी गाउँपालिका बार्षिकवजेट तथा कार्यक्रमहरु २०८१।२०८२

द) गढी गाउँपालिका बार्षिकवजेट तथा कार्यक्रमहरु २०८२।२०८३

# ४. योजना निर्माण प्रक्रियाः

२०८१ साल पौष ५ गते गाउँ शिक्षा समितिका अध्यक्ष एवं गाउँपालिकाका अध्यक्ष श्री आश नारायण चौधरी ज्यूको अध्यक्षतामा बसेको बैठकले आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार "स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ (परिमार्जित तथा अद्यावधिक २०८१)" बमोजिम गाउँ शिक्षा योजना निर्माण गर्नका लागि देहाय बमोजिमको 'गाउँ शिक्षा योजना लेखन कार्यदल' गठन गर्ने निर्णय गरियो। बैठकको निर्णय अनुसार शिक्षा योजना लेखन कार्यलाई पूर्णता दिन देहाय बमोजिमको ५ सदस्यीय कार्यदल गठन गरिएको :

१. श्री छवि खड्का शिक्षा अधिकृत (शा.अ.), गढी गाउँपालिका- संयोजक

२. श्री चन्द्र कुमार सरदार वडाध्यक्ष, ५ नं. वडा कार्यालय- सदस्य

३. श्री शिवचरण साह प्र.अ., श्री मा.वि., छिँटाहा- सदस्य

४. श्री रामकुमार चौधरी प्र.अ., श्री सरस्वती मा.वि., औरावनी- सदस्य

५. श्री लोक ब. खड्का शिक्षाविद् / योजनाविद् -सदस्य

गाउँ शिक्षा समितिबाट निर्णय भई गठन भएको यस लेखन कार्यदलले योजना निर्माणका क्रममा संघीय सरकारको परिमार्जित तथा अद्यावधिक मार्गदर्शन २०८१ लाई मुख्य आधार मानी कार्ययोजना तयार

गऱ्यो। संयोजक श्री छवि खड्काको नेतृत्वमा पालिका भित्रका सामुदायिक, मदरसा र संस्थागत विद्यालयहरूको भौतिक अवस्था, खानेपानी, शौचालय, र शिक्षक दरबन्दीको वास्तविक लगत (IEMIS २०८२) सङ्कलन र विश्लेषण गरियो। वडाध्यक्ष श्री चन्द्र कुमार सरदार तथा प्र.अ. द्वय श्री शिवचरण साह र श्री रामकुमार चौधरीको समन्वयमा पालिकाका सबै सरोकारवालाहरू, शिक्षक र अभिभावकहरूसँग शैक्षिक चुनौती र आवश्यकता पहिचानका लागि अन्तरक्रिया सम्पन्न गरियो। शिक्षाविद् श्री लोक ब. खड्काको प्राज्ञिक सुझावलाई समेट्दै कार्यदलले गढी गाउँपालिकाको शिक्षा क्षेत्र सुधारका रणनीति सहितको १० वर्षे योजनाको अन्तिम मस्यौदा तयार गऱ्यो। सो मस्यौदा आवश्यक परिमार्जन गरी चालु शैक्षिक सत्र २०८२ का शैक्षिक सूचकहरु र विद्यालय तथा विद्यार्थी विवरणका आधारमा मस्यौदालाई अध्यावधिक गर्न आवश्यक भएको हुदा र सो कामका लागि विज्ञ सेवा समेत आवश्यक भएकोले शिक्षा सेवाबाट निवृत उपसचिव द्धय श्री दुर्गाप्रसाद खतिवडा सेवा निवृत्त उपसचिव , शिक्षा सेवा र श्री डिल्लिराम अधिकारी - सेवा निवृत्त उपसचिव , शिक्षा सेवा बाट विज्ञ सेवा प्राप्त गरी मस्यौदा उपर मिति २०८३।३।२३गते शिक्षाका सरोकारवालाहरु विच दफावार छलफल गराइयो र छलफलमा सरोकारवालाहरुले दिएका सुझावहरुलाई समेटेर योजनालाई अन्तिम रुप दिएकोछ ।यस योजनालाई शिक्षा विद सहितको समुहबाट लेखाजोखा गराई दिएका सुझावहरुलाई समेटेर अन्तिम योजना तयार गरिएकोछ। यो योजना गाउँ शिक्षा समिती मार्फत कार्यपालिका बैठकमा पेस भई कार्यपालिकाको मिति २०८३/०३/३१ को बैठकले स्विकृत गरी कार्यान्वयनमा ल्याईएको छ ।

# ५. योजना तर्जुमाका सीमाहरु

**यो आवधिक शिक्षा योजना तर्जुमा गर्दा देहायका सिमाहरु रहेका छन ।**

१. योजना निर्माण प्रक्रियामा सरोकारवालाहरुको सहभागीता प्रतिनिधी मुलक रुपमा मात्र गरिएको।

२ योजनामा तर्जुमाको क्रममा द्धितीय स्रोतबाट उपलब्ध सूचना र तथ्याङ्कमा एकरुपता हुन नसकेकोले तथ्यगत वास्तविक आधार लिन नसकिएको ।

३. कतिपय द्धितीय स्रोतबाट लिएका तथ्याङ्क सस्थागत विद्यालयको IEMIS अध्यावधिक हुन नसकेको कारण पर्याप्त रुपमा उपलब्ध हुन नसकेको।

४.स्रोत साधन सीमितताको कारण सवै सरोकारवालाहरुका अपेक्षा र आकांक्षाहरु योजनामा समेट्न नसकेको ।

५. शिक्षाक्षेत्र विकासका लागि लगानीको सिमितता रहेकाले अपेक्षित रुपमा कार्यक्रम र वजेट व्यवस्थापन गर्न नसकिने भएबाट योजनामा कार्यक्रमहरुको प्राथमिकतामा सिमितता रहेको ।

६. यस १० वर्षे पालिका शिक्षा योजनामा कार्यक्रम र भौतिक लक्ष्य १० वर्षको लागि अनुमान गरिएकोछ र कार्यक्रम तथा बजेट भने शुरुका ५ वर्ष (२०८३-२०८७) को लागि अनुमान गरिएकोछ ।

# ६. योजनाको लेखाजोखा

योजना कार्यान्वयन गर्नु पूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्गका रुपमा योजनाको लेखाजोखा रहेको हुदा यो गढी गाउँपालिका शिक्षा योजना निर्माण गरि सकेपछि योजना विश्वसनीय, वस्तुनिष्ठ दिगो र लगानी योग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर यसको आन्तरिक र बाह्य विभिन्न विषय क्षेत्रका विज्ञहरुबाट कार्यविवरण तोकी लेखाजोखा गराउनुपर्ने प्रावधान बमोजिम यो योजनाको पनि लेखाजोखा गराईएको छ । लेखाजोखा प्रतिवेदनले उल्लेख गरेका मुल बुदा तलको तालिका नं.१ अनुसार छनः

तालिका नं.१

योजनाको लेखाजोखा

| क्र.स | लेखाजोखाकापक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्त्व तथा सहभागिता | शिक्षा योजना निर्माण प्रक्रियामा स्थानीय तहको नेतृत्वदायी भूमिका सुनिश्चित गरिएको छ। योजना निर्माण प्रक्रियामा सरोकारवालाहरुको सहभागीता प्रतिनिधी मुलक रुपमा मात्र गरिएको छ । विद्यालयस्तरमा अभिमुखीकरण गरी सरोकारवालाहरूको सहभागिता गराई योजना निर्माण गरिएको र स्थानीय जनप्रतिनिधीहरुको सकृय सहभागितामा मस्यौदा उपर दफावर छलफल गराइ योजनालाई अन्तिमा रुप दिएको पाइयो। |
| २ | पर्याप्तता र सान्दर्भिकता | योजनामा समावेश गरिएका दुरदृष्टि, लक्ष्य, उद्देश्य , रणनीति, कार्यक्रम तथा क्रियाकलापहरू शिक्षा क्षेत्रका प्रमुख समस्या र चुनौतीहरू सम्बोधन गर्न सान्दर्भिक छन्, तर केही क्षेत्रमा थप सुदृढीकरण आवश्यक देखिन्छ किनकि योजनामा समावेश गरिएका रणनीतिहरुका लागि कार्यक्रमहरुको कमि देखिन्छ । |
| ३ | समता, सक्षमता तथा गुणस्तर | शिक्षा क्षेत्रमा पहुँच, समता, सक्षमता तथा सिकाइ उपलब्धि र गुणस्तर अभिवृद्धिलाई प्राथमिकताका साथ समेट्ने प्रयास गरिएको छ। तर कार्यक्रमहरु भने सिमित छन्। |
| ४ | अन्तर्सम्बन्ध र तादात्म्य | स्थानीय तहका अन्य क्षेत्रीय योजना तथा विद्यालय सुधार योजनासँग अन्तर्सम्बन्ध कायम गरिएको छ। साथै, SDG-4, राष्ट्रिय तथा प्रदेशस्तरीय नीति र लक्ष्यसँग तादात्म्य मिलाइएको छ। |
| ५ | सम्भाव्यता र कार्यान्वयनयोग्य | योजनाका क्रियाकलापहरू व्यवहारिक, कार्यान्वयन योग्य तथा स्थानीय सन्दर्भअनुसार सान्दर्भिक छन्। सामाजिक, आर्थिक तथा भौगोलिक विविधतालाई ध्यानमा राखिएको छ। |

| | | |
|---|---|---|
| ६ | स्रोतको प्रबन्ध | स्थानिय स्रोतको न्युनता भएको अवस्थामा पनि योजनाका कार्यक्रमका लागि स्रोत व्यवस्थापन गरिएको छ। यद्यपि केही क्षेत्रमा बजेट अपर्याप्त देखिन्छ । |
| ७ | संस्थागत क्षमता | योजना कार्यान्वयनका लागि स्थानीय तहमा भएको संरचना, संयन्त्रको उपयोग गर्ने र संस्थागत क्षमता विकास गर्ने गरि केहि कार्यक्रमको व्यवस्था गरिएको छ। |
| ८ | कार्यान्वयनमा तत्परता | सरोकारवालाको सहभागिता, अपनत्व र जिम्मेवारी स्पष्ट गरिएको छ। वार्षिक योजना र बजेट मार्फत कार्यान्वयन प्रक्रिया अघि बढाइएको छ। |
| ९ | अनुगमन र प्रतिवेदन | अनुगमन तथा मूल्याङ्कन प्रणाली, सूचक र प्रतिवेदन संरचना निर्धारण गरिएको छ। नियमित अनुगमन गर्ने व्यवस्था मिलाइएको छ। शिक्षा योजनाको अनुगमन तथा मूल्याङ्कन कार्ययोजना बनाईएकोछ जसले गर्दा योजना कार्यान्वयनमा स्पपष्टता दिएकोछ । |

# ७. योजनाको दस्तावेजको स्वरूप

स्थानीय तहको शिक्षा योजना निर्माण सम्वन्धी मार्गदर्शन २०७९ (परिमार्जित सस्करण २०८१)ले मार्गदर्शन गरेका ढाँचा अनुरुप नै यो १० वर्षे शिक्षा योजना तयार गरिएकोछ ।प्रारम्भमा योजनाको सारांश, विषय प्रवेश, शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य, शिक्षा योजना निर्माणका आधार, योजना निर्माणमा रहेका सिमाहरु, शिक्षा योजना निर्माण प्रक्रिया र योजनाको लेखाजोखा समावेश गरीएकोछ ।यसपछि अनुच्छेदहरु एक देखि सात सम्म रहेकाछन् ।अनुच्छेद समाप्त भए पछि अनुसूचीहरु समावेस गरीएकोछ ।

परिच्छेद १ मा परिचय अन्तर्गत स्थानीय तहको पृष्ठभूमि, पालिकाको जानसाङ्खिकी , सामाजिक तथा सास्कृतिक अवस्था ,आर्थिक अवस्था , शिक्षा क्षेत्रका समस्याहरु, चुनौतीहरु र अवसरहरु उल्लेख गरिएको छ।

परिच्छेद २ मा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरु प्रस्तुत गरिएको छ।

परिच्छेद ३ मा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका विस्तृत रुपमा समावेश गरिएको छ। यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन्।

परिच्छेद ४ मा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएको छ।यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास,

समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन् ।

परिच्छेद ५शिक्षाको उपक्षेत्र अन्तर्गत प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका बारेमा उल्लेख गरिएकोछ।

परिच्छेद ६ मा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरिएको छ ।

परिच्छेद ७ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ । परिच्छेद ८ मा योजनाको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन उल्लेख गरिएको छ ।

# परिच्छेद १

## १.१ परिचय

### १.१.१ भौगोलिक अवस्थिति

नेपालको संघीय संरचना अनुसार गढी गाउँपालिका कोशी प्रदेश अन्तर्गत पर्ने एक स्थानीय तह हो ।यस गाउँपालिकाको जम्मा **क्षेत्रफल** ६७.७ वर्ग किलोमिटर रहेको छ | यस गाउँपालिकाको पूर्वमा दुहबी पालिका, पश्चिममा इनरूवा नगरपालिका, उत्तरमा रामधुनी गाउँपालिका र दक्षिणमा बर्जु गाउँपालिका रहेको छ | नेपाल सरकारको २०७३ फाल्गुन २७ गतेबाट स्थानीय तह **स्थापना** गर्ने निर्णय अनुसार नेपालको कोशी प्रदेश अन्तर्गत कोशी रहेको सुनसरी जिल्लाको साबिकका मधेली, औरावनी, छिटाहा र सत्तेरझोरा गा. बि. स. समायोजन गरी गढी गाउँपालिका गठन गरिएको हो । हाल यस गाउँपालिकालाई ६ वटा वडामा विभाजन गरिएको छ ।सुनसरी जिल्लाको दक्षिण पूर्व क्षेत्रमा रहेको यो गाउँपालिका कोशी प्रदेशको राजधानी विराटनगर देखि २० किलोमिटर उत्तर पश्चिममा पर्दछ ।

### १.१.२ जनसंख्या

केन्द्रीय तथ्यांक विभागको राष्ट्रिय जनगणना २०७८ अनुसार यस गढी गाउँपालिकाको जम्मा घरधुरी संख्या ८५६५ रहेकोछ भने कुल जनसंख्या ३८७३९ रहेकोछ । पुरुषको संख्या १९०९६ रहेकोछ भने महिलाहरुको संख्या १९६४३ रहेको छ |

### १.१.३ सामाजिक तथा सांस्कृतिक अवस्था

यो गाउँपालिकामा विविध जातजातिहरुको बसोबास रहेकोछ । यहाँका **प्रमुख जातजातिहरुमा थारु, उराँव,मेहता (कुशवाहा), यादव,** मुसहर, **मुसलमान, तेली** , **कुशवाह सरदार** , धानुक, चमार/ हरिजन/ राम, मलाह, वाँतर, तत्मा, पासवान, सुडी, , तेली, नेवार लगायत करिव २५जातजातीको बसोवास रहेको छ । यो गाउँपालिकामा करिव १० वटा भाषा बोल्ने **नागरिकहरुको बसोबास रहेको** पाईन्छ भने यहाँ मुख्य रुपमा हिन्दु र त्यसपछि ईस्लाम धर्मावलम्बीहरुको बाहुल्यता रहेको छ । **गढी गाउँपालिका सामाजिक र सांस्कृतिक** दृष्टिले बहुजातीय, बहुभाषिक र बहुधार्मिक क्षेत्र हो र यहाँ हिन्दु धर्म प्रमुख भए पनि इस्लाम धर्मावलम्बीहरूको पनि उल्लेख्य उपस्थिति छ, जसले यसलाई सांस्कृतिक विविधताको केन्द्र बनाएको छ।

गाउँपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था विविधतायुक्त र गतिशील छ। यहाँ वासिन्दाहरुको प्रमुख पर्वमा दशैं, तिहार, छठ, ईद, रमजान, माघी मुख्य रहेकाछन् । बहुजातीय संरचना र ऐतिहासिक पहिचान यसपालिकाको मुख्य विशेषता हुन्। तीव्र शहरीकरण, सांस्कृतिक क्षयको जोखिम र सामाजिक असमानता जस्ता चुनौतीहरू पनि यहाँ रहेको पाईन्छ ।तसर्थ, समावेशी विकास नीति, सांस्कृतिक संरक्षण कार्यक्रम र लैङ्गिक समानतामा केन्द्रित पहलहरू र कार्यक्रमहरु यहाँको

विकासको लागि आवश्यक देखिन्छन्। यस गाउँपालिकामा सांस्कृतिक विविधता भएपनि आपसी, सदभाव, सहिष्णुता, मेलमिलाप तथा भातृत्वको सम्बन्ध प्रगाढ रहनु समाजको सुन्दर पक्ष हो ।

## १.१.४ आर्थिक अवस्था

गढी गाउँपालिकाको अर्थतन्त्रको मुख्य आधार कृषि र पशुपालन क्षेत्रमै सीमित भएको देखिन्छ।यो गाउँपालिका क्रमश शहरीकरण उन्मुख हुदै गएकाले यसको अर्थतन्त्र कृषि, पशुपालन का अलावा व्यापार तथा साना उद्योग तिर पनि केन्द्रित हुदै गईरहेको छ।मुलत कोशी प्रदेश राजधानीसँगको निकट र कृषि योग्य जमिन भएका कारण यहाँ कृषि खेती, पशुपालन व्यवसाय मुख्य रहेपनि हालका दिनहरुमा निजी शैक्षिक संस्था, बैंक तथा वित्तीय संस्थाहरूको विस्तार भएको छ। आम कृषकहरुमा परम्परागत कृषि प्रणालि अझै कायम रहेको छ ।पालिकाको कृषि प्रतिको लगानी र योजनाका कारण आधुनिक र व्यवसायिक कृषि क्षेत्रलाई महत्त्व दिइदै आएको छ र

कृषिको लागि एक उर्वर भुमिको रुपमा परिचित यस गाउँपालिकामा ९० प्रतिशत नागरिकहरु कृषि पेशामा संलग्न रहेका छन । यहाँका मुख्य कृषि उब्जनीमा धान,मकै गहुँ ,उखु, ,केरा तथा तरकारी बालीहरु रहेकाछन् । स्थानिय स्तरमा आँप कटहर लिचि जस्ता फलफुलको पनि यहाँका कृषकरुले केहि मात्रामा खेति गर्ने गरेकाछन । कृषिका लागि सिंचाई गर्न नहरको सुविधा भए पनि आवश्यकता बमोजिम कृषकहरुले सिंचाई सुविधा पाउन सकेका छैनन्।

कृषिमा आश्रितहरुका लागि मलखाद विउविजन तथा सिँचाइको अभाव रहेपनि स्थानीय सरकारले सकेसम्म मलखाद तथा विउविजनको प्रवन्ध मिलाउँदै आएको छ । किसानहरुलाई प्राङ्गारिक कृषि तर्फ प्रोत्साहन गर्न व्यापक रुपमा तालिमहरु सञ्चालन हुँदै आएका छन । किसानहरुद्धारा उत्पादित कृषि उपजहरुको सहज बजार पहुँचको लागि सवैतिर सडकको व्यवस्थापन गरिएको छ ।

गढीको आर्थिक अवस्था अवसर र चुनौती दुवै पक्षबाट प्रभावित छ। एकातर्फ, प्रदेश राजधानी विराटनगर नजिकको अवस्थाले लगानी, रोजगारी र उद्यमशीलताका सम्भावना बढाएको छ भने अर्कोतर्फ असंगठित श्रम बजार, सीप र बजार मागबीच असन्तुलन तथा आय असमानता जस्ता समस्या विद्यमान छन्।

तीव्र र केही हदसम्म क्रमश अव्यवस्थित शहरीकरणले गर्दा दीर्घकालीन आर्थिक योजना र दिगोपनामा असर पार्न सक्ने जोखिम पनि देखिन्छ। त्यसैले स्थानीय सरकारले सीपमुलक तथा प्राविधिक शिक्षा प्रवर्द्धन, साना तथा मझौला उद्यम विकास, महिला तथा युवामुखी उद्यमशीलता कार्यक्रम सञ्चालन र उत्पादनमुखी क्षेत्र विस्तारमा विशेष ध्यान दिन आवश्यक पनि छ ।

व्यवस्थित शहरी योजना, दिगो पूर्वाधार विकास र स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गर्न सके यस गढी गाउँपालिकाको अर्थतन्त्रलाई थप सबल, समावेशी र प्रतिस्पर्धात्मक बनाउन सकिन्छ। स्थानीय सरकारले सूचना प्रविधिको विकास तथा कृषिमा विशेष रुपमा परिवर्तनको नीति लिएको छ। यो गाउँपालिका कृषिलाई व्यवसायिकीकरण गर्न सकेमा कृषि पर्यटनको एक आकर्षक गन्तव्यको रुपमा विकास हुने सम्भावना पनि छ ।

## १.१.५ शैक्षिक अवस्था

विद्यालय शिक्षालाई गुणस्तरीय, समावेशी, सर्वसुलभ तथा जीवनोपयोगी बनाउन संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य, नवीन प्रविधिको प्रयोग, शिक्षकको क्षमता विकास तथा शिक्षणसिकाइ प्रक्रियामा उत्तरदायित्व र पारदर्शिता अत्यावश्यकछ । गढी गाउँपालिका विस्तारै शहरी उन्मुख क्षेत्र हुदै गएकाले यहाँको शैक्षिक अवस्था संरचनागत विस्तार र गुणस्तर सुधारको संक्रमण चरणमा रहेको देखिन्छ। गाउँपालिकामा ५ वटा सामुदायिक माध्यमिक विद्यालय सहित जम्मा २४ वटा सामुदायिक विद्यालयहरु, ४ वटा धार्मिक विद्यालयहरु, १५ वटा संस्थागत विद्यालयहरु गरि कुल ४३ वटा विद्यालयहरु सञ्चालनमा हुनु यहँको विद्यालय शिक्षामा पहुँचको दृष्टिले सकारात्मक आधार हो । अर्थात् विद्यालय शिक्षामा पहुँच विस्तारका दृष्टिले पनि उल्लेखनीय प्रगति देखिएको छ। यसले आधारभूत तथा माध्यमिक तहसम्मको शैक्षिक पहुँच सुनिश्चित गर्न सहयोग पुगेको देखिन्छ ।

विद्यालयहरुको सेवा सुविधाहरु थप व्यावस्थित हुदै गएतापनि क्रमश बढ्दो जनसंख्या र शहरीकरणको दबाबका कारण विद्यालय भवन, कक्षा कोठा, खेलमैदान तथा प्रयोगशाला जस्ता भौतिक पूर्वाधार सबै विद्यालयमा समान रूपमा पर्याप्त छैनन् । बालबालिकालाई विद्यालयमा भर्ना गराउने, विद्यालयमा निरन्तरता सुनिश्चित गर्ने तथा विद्यालय छोड्ने दर घटाउने प्रयासहरू विभिन्न कार्यक्रममार्फत अघि बढाइएका छन्। विशेष गरी क्रमश समावेशी शिक्षा, बालमैत्री वातावरण, लैङ्गिक समानता तथा अपाङ्गतामैत्री शिक्षण प्रणाली विकासतर्फ ध्यान केन्द्रित गरिएको छ ।

शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग क्रमशः विस्तार हुँदै गएको छ। डिजिटल सिकाइ, स्मार्ट कक्षा, अनलाइन स्रोतहरूको उपयोग तथा प्रविधिमैत्री शिक्षण पद्धतिले शिक्षाको गुणस्तर सुधारमा योगदान पुऱ्याएको छ। साथै, शिक्षकहरूको निरन्तर क्षमता विकास तालिम तथा पेशागत सहयोग कार्यक्रमहरूले शिक्षकहरुको शिक्षण दक्षता अभिवृद्धि गर्नमा महत्वपूर्ण भूमिका खेलेको छ ।

शैक्षिक गुणस्तर, विद्यार्थीको सिकाइ उपलब्धि, विद्यालयका पूर्वाधार, शिक्षक विद्यार्थी अनुपात तथा प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार जस्ता क्षेत्रमा अझै सुधारको आवश्यकता रहेको देखिन्छ । गाउँपालिका भित्रका विभिन्न विद्यालयहरूबीच स्रोत र अवसरमा केही असमानता देखिनु, विद्यालयहरुमा प्रविधिको समान पहुँच नहुनु तथा सिकाइ उपलब्धिमा एकरूपता नहुनु जस्ता चुनौतीहरू अझै शिक्षाका क्षेत्रमा कायम छन्।विद्यालय शिक्षाका पहुच विस्तार तथा वालवालिकाको शिक्षा व्यवस्थापनका लागि स्थापना भएका शैक्षिक सस्थाहरु प्रकार र तहगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### क. विद्यालय विवरण

तालिका नं. २

गढी गाँउपालिका विद्यालयहरुको तहगत विवरण २०८२

| क्र सं. | विद्यालयको प्रकार | संख्या | संचालित तह | कक्षा | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक पूर्व प्राथमिक | ४५ | पूर्व प्राथमिक | पूर्व प्राथमिक | ४५ | मध्ये समुदायमा ५ वटा |
| २ | मदरसा पूर्व प्राथमिक | २ | पूर्व प्राथमिक | पूर्व प्राथमिक | २ | |
| ३ | संस्थागत विद्यालय पूर्व प्राथमिक | १४ | पूर्व प्राथमिक | पूर्व प्राथमिक | १४ | |
| ४ | सामुदायिक | २४ | | कक्षा १-३ | ३ | |
| | | | आधारभूत तह | कक्षा १-५ | १४ | |
| | | | | कक्षा १-८ | २ | |
| | | | माध्यमिक तह | कक्षा १-१० | २ | |
| | | | | कक्षा १-१२ | ३ | |
| ५ | मदरसा | ४ | आधारभूत तह | कक्षा १-३ | २ | |
| | | | | प्राथमिक१-३ | १ | |
| ६ | संस्थागत | १५ | | कक्षा (१-५, | ५ | |
| | | | आधारभूत तह | कक्षा (१-८) | २ | |
| | | | माध्यमिक तह | कक्षा १-१० | ६ | |
| | | | | कक्षा १-१२ | १ | |

स्रोतः EMIS २०८२

६ वटा वडा रहेको यस गढी गाउँपालिकामा सवै वडामा विद्यालयहरु रहेकाछन् तर जनसंख्या र स्थानियबासिहरुको चेतनास्तरका कारण सवै वडामा विद्यालयहरुको समान वितरण भने छैन् । यस पालिकामा रहेका विद्यालयहरुको वडागत विवरण तलको तालिकामा प्रस्तुत गरिएकोछ ।

तालिका नं. ३

गढी गाउँपालिकाका रहेका विद्यालयहरुको वडागत विवरणः

| वडा नं. | सामुदायिक | | | मदरसा | | | संस्थागत विद्यालय | | | वडाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आ. वि. | मा. वि. | जम्मा | आ. वि. | मा.वि. | जम्मा | आ. वि. | मा. वि. | जम्मा | |
| १ | २ | १ | ३ | १ | ० | १ | | २ | २ | ६ |
| २ | ६ | १ | ७ | ० | ० | ० | ३ | २ | ५ | १२ |
| ३ | २ | १ | ३ | १ | ० | १ | ४ | २ | ६ | १० |
| ४ | २ | १ | ३ | ० | ० | ० | ० | | ० | ३ |
| ५ | ४ | ० | ४ | २ | ० | २ | १ | | १ | ७ |
| ६ | ३ | १ | ४ | ० | ० | ० | | १ | १ | ५ |
| **कुल** | **१९** | **५** | **२४** | **४** | **०** | **४** | **८** | **७** | **१५** | **४३** |
| स्रोतः शिक्षा, युवा तथा खेलकुद शाखा, | | | | | | | | | | |

**ख. विद्यार्थी विवरण**

गढी गाउँपालिकामा बालविकास वा पूर्व प्राथमिक कक्षाहरु सामुदायिक विद्यालय, परम्परागत विद्यालयमा र संस्थागत विद्यालयहरुमा सञ्चालनमा रहेकाछन् । यस पालिकाका विद्यालयहरुमा विद्यार्थी सहभागीता निम्नानुसार रहेकोछः

तालिका नं. ४

गढी गाउँपालिकाका विद्यालमा रहेका विद्यार्थीहरुको विवरण: शैक्षिक वर्ष २०८२

| विद्यालयको तह | सामुदायिक विद्यालय | | | धार्मिक विद्यालय | | | सस्थागत विद्यालय | | | सवै विद्यालयको कुल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| बालविकास | २७८ | ३११ | ५८९ | ४४ | २७ | ७१ | ३३४ | ४४५ | ७७९ | ६५६ | ७८३ | १४३९ |
| आधारभूत (१-५) | १२०६ | १०५७ | २२६३ | २०० | १४४ | ३४४ | ८०५ | ११३६ | १९४१ | २२११ | २३३७ | ४५४८ |
| आधारभूत (६-८) | ५६४ | ४३२ | ९९६ | ४९ | ९ | ५८ | ३९८ | ४२४ | ८२२ | १०११ | ८६५ | १८७६ |
| आधारभूत (१-८) | १७७० | १४८९ | ३२५९ | २४९ | १५३ | ४०२ | १२०३ | १५६० | २७६३ | ३२२२ | ३२०२ | ६४२४ |
| माध्यमिक(९-१०) | ३२० | २२३ | ५४३ | ० | ० | ० | ११५ | १३५ | २५० | ४३५ | ३५८ | ७९३ |
| माध्यमिक(११-१२) | ८५ | ७३ | १५८ | ० | ० | ० | १ | ० | १ | ८६ | ७३ | १५९ |
| माध्यमिक(९-१२) | ४०५ | २९६ | ७०१ | ० | ० | ० | ११६ | १३५ | २५१ | ५२१ | ४३१ | ९५२ |
| जम्मा | २४५३ | २०९६ | ४५४९ | २९३ | १८० | ४७३ | १६५३ | २१४० | ३७९३ | ४३९९ | ४४१६ | ८८१५ |
| | | | | | | | | | | | | स्रोतः IEMIS २०८२ |

शैक्षिक वर्ष २०८२ मा गढी गाउँपालिकाका विद्यालयहरूमा कुल ८,८१५ जना विद्यार्थी अध्ययनरत रहेका छन्, जसमा ४,३९९ जना छात्रा (४९.९%) र ४,४१६ जना छात्र (५०.१%) रहेका छन्। लिङ्गका आधारमा विद्यार्थी संख्या लगभग समान रहेको देखिन्छ। विद्यालयको प्रकारअनुसार हेर्दा सामुदायिक विद्यालयमा ४,५४९ जना (५१.६%), धार्मिक विद्यालयमा ४७३ जना (५.४%) तथा संस्थागत विद्यालयमा ३,७९३ जना (४३.०%) विद्यार्थी अध्ययनरत रहेका छन्, जसले गढी गाउँपालिकामा सामुदायिक विद्यालयको पहुँच र योगदान सबैभन्दा बढी रहेको देखाउँछ।

तहगत रूपमा हेर्दा आधारभूत तह (कक्षा १-८) मा ६,४२४ जना (७२.९%) विद्यार्थी अध्ययनरत छन्, जुन कुल विद्यार्थी संख्याको सबैभन्दा ठूलो हिस्सा हो। त्यसैगरी बालविकास तहमा १,४३९ जना (१६.३%) तथा माध्यमिक तह (कक्षा ९-१२) मा ९५२ जना (१०.८%) विद्यार्थी रहेका छन्। माध्यमिक तहमा विद्यार्थी संख्या आधारभूत तहको तुलनामा उल्लेखनीय रूपमा कम हुनुले केदेखाउँछ भने सफल हुदै माथिल्लो कक्षातर्फ जाँदा विद्यार्थी संख्या पनि घट्ने प्रवृत्ति रहेको देखिन्छ। विशेष गरी कक्षा ११-१२ मा जम्मा १५९ जना विद्यार्थी मात्र अध्ययनरत हुनु माध्यमिक तहपछिको निरन्तरतामा चुनौती रहेको देखिन्छ। यसले आधारभूत तहबाट माध्यमिक तथा उच्च माध्यमिक तहसम्म विद्यार्थीको निरन्तरता, सिकाइको गुणस्तर, आकर्षण र पहुँच अभिवृद्धि गर्न लक्षित कार्यक्रम सञ्चालन गर्नु आवश्यक रहेको छ ।

**ग. तिनवर्षको विद्यार्थी फ्लोको अवस्थाः**

यस गढी गाउँपालिकामा शैक्षिक सत्र अनुसार विद्यार्थी संख्या वढ्दै वा घट्दै गएको छ भनि पहिचान गर्नका लागि यहाँ ३ शैक्षिक वर्षको विद्यार्थी संख्याको विश्लेषण गरिएकोछ ।

तालिका नं. ५

विगत दुई वर्ष र चालु शैक्षिक वर्षको जम्मा विद्यार्थी विवरणः

| क्र.स. | तह | शैक्षिक वर्ष २०८० | | | शैक्षिक वर्ष २०८१ | | | शैक्षिक वर्ष २०८२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | बालविकास | ८०३ | ९४६ | १७४९ | ८७९ | १०६४ | १९४३ | ६५६ | ७८३ | १४३९ |
| २ | आधारभूत (१-५) | २३१५ | २२९७ | ४६१२ | २२२८ | २३२२ | ४५५० | २२११ | २३३७ | ४५४८ |
| ३ | आधारभूत (६-८) | ९०७ | ८१५ | १७२२ | ९६७ | ८५५ | १८२२ | १०११ | ८६५ | १८७६ |
| ४ | माध्यमिक(९-१०) | ५०७ | ४९८ | १००५ | ४८२ | ४२१ | ९०३ | ४३५ | ३५८ | ७९३ |
| ५ | माध्यमिक(११-१२) | ९७ | ५६ | १५३ | १०७ | ६८ | १७५ | ८६ | ७३ | १५९ |
| | कुल | ४६२९ | ४६१२ | ९२४१ | ४६६३ | ४७३० | ९३९३ | ४३९९ | ४४१६ | ८८१५ |

स्रोतः IEMIS २०८२

विगत ३ वर्षको (शैक्षिक वर्ष २०८०-२०८२) गढी गाउँपालिकाको विद्यार्थी विवरणको तथ्याङ्कलाई विश्लेषण गर्दा गढी गाउँपालिकाको विद्यार्थी प्रवाहमा मिश्रित प्रवृत्ति देखिन्छ । विद्यार्थी सङ्ख्या शैक्षिक वर्ष २०८१ मा ९,३९३ पुगेकोमा शैक्षिक वर्ष २०८२ मा ५७८ जनाले घटेर ८,८१५ भएकोछ । यसले प्रारम्भिक बालविकास र माध्यमिक तह (९-१०) मा भएको गिरावटलाई मुख्य रूपमा सङ्केत गर्छ, यहाँ बालविकासमा ५०४ जना विद्यार्थी घटेका छन्। आधारभूत तह (१-५) को विद्यार्थी प्रवाह विगत तीन वर्षदेखि स्थिर छ भने कक्षा ६-८ मा विद्यार्थी सङ्ख्या वर्षेनी बढ्दो क्रममा (१,७२२ बाट १,८७६) हुनु र त्यसमा छात्र (८६५) भन्दा छात्रा (१,०११) को उपस्थिति बढि हुनु सकारात्मक पक्ष हो। तथापि, कक्षा ९-१० मा विद्यार्थी सङ्ख्या लगातार ओरालो लाग्नु (१,००५ बाट ७९३ मा झर्नु) र कक्षा ११-१२ मा विद्यार्थीको संख्या अत्यन्त न्यून रहनुले माध्यमिक तहमा पुगेपछि विद्यार्थीहरू बीचमै विद्यालय छाड्ने (ड्रपआउट) वा उच्च शिक्षाका लागि पालिका बाहिर जाने प्रवृत्ति उच्च रहेको पाईन्छ ।

**घ. शिक्षक विवरणः**

तालिका नं. ६

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारिको दरबन्दी विवरणः२०८२

| क्र.सं. | तह | स्वीकृत दरबन्दी | राहत /करार | संघीय शिक्षण सहयोग अनुदान | जम्मा शिक्षक |
|---|---|---|---|---|---|
| १ | बाल विकास शिक्षक | ४५ | ० | ० | ४५ |
| २ | आधारभूत तह (१-५) | ६१ | २९ | ० | ९० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | आधारभूत (६-८) | २४ | ५ | ० | २९ |
| ४ | प्राविधिक स.प्र. | ० | २ | ० | २ |
| ५ | माध्यमिक तह (९-१०) | १५ | ४ | ० | १९ |
| ६ | प्राविधिक प्रशिक्षक | ० | २ | ० | २ |
| ७ | माध्यमिक तह (११-१२) | ० | ४ | ० | ४ |
| ८ | प्राविधिक प्रशिक्षक | ० | ४ | ० | ४ |
| ९ | विद्यालय सहायक कर्मचारी | ४ | ० | ० | ४ |
| १० | विद्यालय सहयोगी कर्मचारी | २५ | ० | ० | २५ |
| **जम्मा** | | १७४ | ५० | ० | २२४ |
| स्रोतः शिक्षा, युवा तथा खेलकुद शाखा, गढी | | | | | |

तालिका नं. ७

सामुदायिक विद्यालयका शिक्षकहरुको श्रेणीगत विवरणः

| **स्थायी** | | | **राहत** | **अस्थाई** | **संघीय शिक्षण** | **पालिका** | **कुल जम्मा** |
|---|---|---|---|---|---|---|---|
| प्राथमिकतह | | | | | | | |
| प्रथम | द्धितिय | तृतिय | | | | | |
| ० | १४ | ३१ | २९ | ६ | ० | ० | ८० |
| निम्ममाध्यमिक तह | | | | | | | |
| ० | ० | २१ | ५ | ३ | ० | ० | ३१ |
| प्राविधिक विद्यालय स.प्र. | | | | २ | | | |
| माध्यमिक तह | | | | | | | |
| १ | २ | १२ | ४ | ० | ० | ० | १९ |
| उच्च मा वि | | | | | | | |
| ० | ४ | ० | ० | ० | | ० | ४ |
| प्राविधिक विद्यालय प्रशिक्षक | | | | | | | |
| करार | ४ | २ | ० | ० | | ० | ६ |
| बालविकास स का | | | | ४५ | | ० | ४५ |
| स्रोतः शिक्षा, युवा तथा खेलकुद शाखा, | | | | | | | |

गढी गाउँपालिकामा दरबन्दी मिलान ठीक रूपमा नहुँदा केही विद्यालयमा शिक्षकको कमी र केहीमा आवश्यकता भन्दा बढी शिक्षक रहने अवस्था छ। विषयगत दक्षता अनुसार शिक्षकको समुचित वितरण नहुँदा विज्ञान, गणित र अंग्रेजी जस्ता विषयमा गुणस्तरीय शिक्षणमा असर परेको छ। नियमित तालिम, पुनर्ताजगी प्रशिक्षण र पेशागत विकासका अवसर पर्याप्त नहुँदा शिक्षकहरूको क्षमता विकास अपेक्षाकृत कमजोर अन्त्यमा, प्रोत्साहन प्रणाली कमजोर हुनु र उत्कृष्ट कार्य गर्ने शिक्षकलाई सम्मान तथा सुविधा दिई शिक्षकहरुलाई प्रोत्साहन गर्न आवश्यक छ ।

### ङ. साक्षरताको अवस्था

साक्षरताले मानिसलाई अधिकार, कर्तव्य र अवसरबारे सचेत बनाउँदै सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा प्रभावकारी सहभागिता सुनिश्चित गर्दछ।साक्षरताले गरिबी न्यूनीकरण, स्वास्थ्य सुधार, लैङ्गिक समानता प्रवर्द्धन तथा समग्र मानव विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। त्यसैले दिगो विकास र समुन्नत समाज निर्माणका लागि साक्षरता अनिवार्य आधार हो। राष्ट्रिय जनगणना २०७८ (२०२१) अनुसार गढी गाउँपालिकाको कुल जनसंख्या ३८,७३९ रहेको छ भने कुल साक्षरता दर ७०.८% रहेको छ। यस गाउँपालिकामा लैंगिक आधारमा साक्षरताको खाडल अझै पनि स्पष्ट देखिन्छ, जहाँ पुरुष साक्षरता दर ७८.८% र महिला साक्षरता दर ६३.०% मात्र रहेको छ।वडागत साक्षरता दर ७०.८% पुरुष साक्षरता दर ७८.८% र महिला साक्षरता ६३ % रहेकोछ ।

तालिका नं. ८

गढी गाउँपालिका साक्षरताको अवस्था २०७८

| वडा नं. | कुल जनसंख्या | साक्षरता दर (%) | साक्षर संख्या | निरक्षर संख्या |
|---|---|---|---|---|
| १ | ७,७०५ | ७६.२% | ५,८७१ | १,८३४ |
| २ | ९,३०६ | ७४.०% | ६,८८६ | २,४२० |
| ३ | ५,२७७ | ७५.०% | ३,९५८ | १,३१९ |
| ४ | ५,४४९ | ६६.८% | ३,६४० | १,८०९ |
| ५ | ५,१९६ | ६२.४% | ३,२४२ | १,९५४ |
| ६ | ५,८०६ | ६५.५% | ३,८०३ | २,००३ |
| कुल | ३८,७३९ | ७०.८% | २७,४०० | ११,३३९ |

सबैभन्दा बढी निरक्षर भएको वडामा वडा नं. २ रहेकोछ जहाँ २,४२० जना व्यक्तिहरु निरक्षर रहेका छन्।सबैभन्दा कम साक्षरता दर भएको वडा नं. ५को साक्षरता दर ६२.४% रहेको छ, जसका कारण साढे ५ हजार जनसंख्यामा पनि १,९५४ जना निरक्षर छन्। सबैभन्दा राम्रो साक्षरता भएको वडा नं. १ मा ७६.२% साक्षरता दर रहेको छ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

**क. शिक्षा क्षेत्रका मुख्य समस्या र चुनौतीहरू**

विभिन्न चरणमा शैक्षिक सरोकारवालाहरुसँग गरीएका छलफल र अन्तर्क्रिया ,गढी गाउँपालिकाको वर्तमान शैक्षिक विकास सूचकहरू र भौतिक पूर्वाधारको मौजुदा अवस्थालाई विश्लेषण गर्दा यस पालिकाको शिक्षा प्रणाली गुणात्मक र संरचनात्मक दुवै हिसाबले धेरै समस्या र चुनौतीको सामनामा रहेको छ । मुख्य समस्या तथा चुनौतीहरूलाई देहाय बमोजिम वर्गीकरण गरी विश्लेषण गरिएको छः

विद्यालयलाई बालमैत्री र अपाङ्गमैत्री बनाउन आवश्यक भौतिक पूर्वाधारको अवस्था कमजोर छ । गाउँपालिकाका केही सामुदायिक विद्यालयहरूको भौतिक अवस्था निकै दयनीय छ। कुल १२५

कक्षाकोठा मध्ये ५४ वटा तत्काल मर्मत गर्नुपर्ने जीर्ण अवस्थामा छन् भने विद्यार्थी अनुपातका आधारमा ३४ वटा नयाँ कक्षाकोठा थप्नुपर्ने देखिएकोछ। त्यसरी नै शौचालय र स्वास्थ्यकर खानेपानी कमि छ। ५८ वटा शौचालयमध्ये ३६ वटा मर्मतयोग्य छन् भने ३१ वटा खानेपानी संरचना बिग्रेका छन्। जसले गर्दा विद्यालयमा न्यूनतम सरसफाइ र स्वच्छ पिउने पानीको अभाव छ।

दिवा खाजा व्यवस्थापनमा समस्या छ ।पालिकाका विद्यालयहरुमा व्यवस्थित चमेना कक्षको सङ्ख्या शून्यप्रायः हुनुले  दिवा खाजा कार्यक्रमको स्वच्छता र भण्डारणमा समस्या छ। महिनावारी स्वच्छताको अवस्था अत्यन्त कमजोर छ। विद्यालयमा उपयुक्त प्रकारको सेनेटरी प्याड  चेन्जिङ रुम छैनन्। १९ वटा चेन्जिङ रुम मर्मत गर्नुपर्ने र ९ वटा नयाँ निर्माण गर्नुपर्ने अवस्था छ, जसले गर्दा छात्राहरू नियमित विद्यालय आउनमा समस्या छ ।

शैक्षिक गुणस्तर, दरबन्दी मिलान र विद्यालय शुशासन तथा व्यवस्थापकीय कमजोरीहरु रहेकाछन्। पालिकाभित्र शिक्षक दरबन्दीको वैज्ञानिक तरीका  मिलान नहुँदा कतै विषयगत शिक्षक बढी त कतै अभावको स्थिति विज्ञान, गणित र अंग्रेजी जस्ता आधारभूत र प्राविधिक विषयमा दक्ष शिक्षकहरूको समुचित व्यवस्थापन हुन सकेकोछैन ।शिक्षकरुको पेशागत विकासको कमी छ । शिक्षकहरूका लागि नियमित तालिम, पुनर्ताजगी प्रशिक्षण र प्रोत्साहन प्रणाली (उत्कृष्टलाई सम्मान र पुरस्कार) नहुँदा शिक्षण सिकाइ परम्परागत शैलीमै सीमित छ। आधुनिक शिक्षण सिकाइको अभाव छ । सामुदायिक विद्यालयमा ८ वटा पुस्तकालय र ३ वटा विज्ञान प्रयोगशाला मात्र क्रियाशील हुनु र ती पनि जीर्ण हुनुले विद्यार्थीहरूले व्यावहारिक र प्रयोगात्मक शिक्षा पाउन सकेका छैनन्।

आन्तरिक सक्षमताको अवस्था हेर्दा उच्च ड्रपआउट (कक्षा छाड्ने दर) र न्यून टिकाउ दर छ।प्राथमिक तहमा विद्यार्थी भर्ना दर सन्तोषजनक देखिए पनि माथिल्लो कक्षामा पुग्दा विद्यार्थी टिकाइराख्न पालिकाले सफलता पाएको छैन ।कक्षा ९-१० मा पुग्दा कक्षा छाड्ने (ड्रपआउट) दर १०.३% पुग्नु अत्यन्त चिन्ताजनक छ जबकि दर राष्ट्रिय स्तरमा ४.७% मात्र छ। कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १० सम्म पुग्ने टिकाउ दर मात्र ६८.२% छ। यसले के देखाउँछ भने झन्डै ३२% बालबालिका माध्यमिक शिक्षा पुरा नगर्दै विद्यालय बाहिरिन्छन्। कक्षा ५ मा खुद प्रवेश दर ८५.४% मात्र हुनु (नेपालको ९४.४%) ले आधारभूत तहको सुरुवाती चरणमै शैक्षिक क्षति भइरहेको पुष्टि गर्छ।

साक्षरतामा लैङ्गिक खाडल र घट्दो विद्यार्थी सङ्ख्या छ ।राष्ट्रिय जनगणना २०२१ अनुसार पालिकाको कुल साक्षरता ७०.८% भए पनि पुरुष (७८.८%) र महिला (६३.०%) बीच १५.८% को विशाल खाडल छ। १८ वर्षभन्दा माथिको महिला साक्षरता त झन् ५७.८% मात्रै छ। यसबाहेक, शैक्षिक वर्ष

२०८१ मा ९,३९३ रहेको कुल विद्यार्थी सङ्ख्या २०८२ मा घटेर ८,८१५ मा झर्नुले सरकारी विद्यालयप्रतिको आकर्षण घट्दै गएको वा बसाईँसराइले ड्रपआउट बढेको स्पष्ट सङ्केत गर्छ।

## १.३ गढी गाउँपालिकाको शिक्षा क्षेत्रको SWOT विश्लेषण

### क. सवल पक्षहरू (Strengths)

विद्यालय शिक्षा प्रणालिका सवल पक्षहरू भन्नाले पालिकाको शिक्षा प्रणालीमा रहेका आन्तरिक क्षमता, सकारात्मक सूचक र उपलब्ध स्रोतहरू बुझिन्छ, जसलाई जग बनाएर सुधार गर्न सकिन्छ।

- शिक्षामा उच्च बजेटको लगानी छ । गढी गाउँपालिकाले आफ्नो कुल बजेटको ३५.६६% हिस्सा शिक्षा क्षेत्रमा लगानी गरेको छ। यो राष्ट्रिय औसत (१०.७५%) भन्दा झन्डै तेब्बर बढी हो। यसले स्थानीय सरकार शिक्षा सुधारका लागि आर्थिक रूपमा प्रतिबद्ध रहेको बलियो प्रमाण दिन्छ।

- सुरुवाती भर्ना दर र पहुँचमा उत्साहपूर्ण अवस्था छ । प्रारम्भिक बालविकास (ECED) मा कुल भर्ना दर ९९.३% र आधारभूत तह (१-५) को खुद भर्ना दर ९५.२% हुनुले विद्यालय उमेरका बालबालिकालाई शिक्षाको दायरामा ल्याउने आधारभूत संयन्त्र सफल रहेकोछ ।

- आधारभूत तहमा लैङ्गिक समता (GPI) कायम भएको छ । कक्षा १-५ र कक्षा १-८ दुवै तहमा लैङ्गिक समता सूचाङ्क ०.९५ र १ को आसपास हुनुले प्राथमिक र निम्न माध्यमिक तहमा छोरा र छोरी बिच विद्यालय पहुँचमा विभेद नरहेको स्पष्ट पार्छ।

- विद्यालय शिक्षाका लागि पर्याप्त प्रारम्भिक पूर्वाधार बनेको छ । पालिकाभरि ४५ वटा सामुदायिक बालविकास केन्द्र, २४ वटा सामुदायिक विद्यालय, ४ वटा मदरसा र १५ वटा संस्थागत विद्यालयहरूको सञ्जाल हुनुले भौगोलिक रूपमा शिक्षाको पहुँच गाउँ-गाउँसम्म पुगेको देखिन्छ।

- बालविकास र कक्षा ५ सम्मको विद्यार्थी टिकाउ दर (Survival Rate) ८८.२% छ, जुन प्रदेश र राष्ट्रिय औसत (८७.६%) भन्दा केही माथि हुनु सकारात्मक पक्ष हो।

### ख. कमजोरी वा समस्याहरू (Weaknesses)

विद्यालय शिक्षाका कमजोरीहरू भन्नाले पालिकाको आन्तरिक प्रणाली भित्र रहेका केहि अभाव र त्रुटिहरू हुन्, जसले गर्दा ठूलो लगानीका बाबजुद अपेक्षाकृत नतिजा आउन सकेको छैन।

- विद्यालयमा प्रयाप्त र सुरक्षित कक्षाकोठाहरुको कमि छ । कुल १२५ कक्षाकोठामध्ये ५४ वटा (४३.२%) जीर्ण हुनुले विद्यार्थीहरूको भौतिक सुरक्षामा समस्या भएको देखिन्छ। थप ३४ कक्षाकोठा अपुग हुनुले कक्षाकोठामा बसाई व्यवस्थापनमा समस्या रहेको छ ।

- गणित, विज्ञान र अंग्रेजी जस्ता अनिवार्य विषयका शिक्षकहरूको कमि हुनु र उपलब्ध शिक्षकहरूको पनि दक्षता अनुसार वितरण नहुनु व्यवस्थापकीय समस्या रहेका छन । सवै शिक्षकहरूका लागि नियमित 'पुनर्ताजगी तालिम' को व्यवस्था हुन सकेको छैन।

- कक्षा ५ को औसत जीपीए २.९ र कक्षा ८ को औसत जीपीए २.८ मात्रै हुनुले विद्यार्थीको शैक्षिक गुणस्तर कमजोर रहेको छ त्यसमा पनि शिक्षाको जग तल्लो कक्षाम देखि नै सिकाई उपलब्धि कमजोर भइरहेको देखाउँछ।

- विद्यालयहरुमा प्राविधिक र प्रयोगात्मक पूर्वाधारको कमि छ ।२४ वटा सामुदायिक विद्यालय भएको ठाउँमा मात्र ३ वटा विज्ञान प्रयोगशाला र ८ वटा पुस्तकालय हुनु र ती पनि साधनस्रोत विहीन हुनुले शिक्षा केवल परमस्परागत शैद्धान्तिक शिक्षणसिकाइमा मात्र सीमित भएको देखिन्छ।

- छात्राहरुका लागि महिनावारी स्वच्छताको व्यवस्थापन हुन सकेको छैन । अधिकांश विद्यालयमा छात्राहरूका लागि सेनेटरी प्याड परिवर्तन गर्ने गोप्य कोठा (Changing Room) नहुनुले परिपक्व हुँदै गरेका छात्राहरूको नियमित उपस्थितिमा बाधा पुऱ्याएको छ।

## ग. अवसरहरू (Opportunities)

अवसरहरू भन्नाले बाह्य वातावरण र कानुनी अधिकारहरू हुन्, जसको सही उपयोग गरेर पालिकाले आफ्नो शैक्षिक साखा माथि उठाउन सक्छ।

- स्थानीय सरकारको संवैधानिक अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम माध्यमिक तह (कक्षा १२) सम्मको शिक्षाको पूर्ण अधिकार गाउँपालिकामा निहित छ। पालिकाले आफ्नै स्थानीय शिक्षा ऐन र पाठ्यक्रम निर्माण गरी दरबन्दी मिलान र विद्यालय नियमन गर्न सक्छ।

- धार्मिक शिक्षा (मदरसा) को मूलप्रवाहीकरण पालिकामा ४ वटा मदरसाहरू सञ्चालनमा छन्। यिनीहरूलाई आधुनिक पाठ्यक्रम, प्रविधि र सरकारी प्रणाली (IEMIS) मा व्यवस्थित रूपमा आबद्ध गरी सीमान्तकृत मुस्लिम समुदायका बालबालिका (विशेष गरी बालिकाहरू) को शैक्षिक स्तर उकास्ने ठूलो अवसर छ।

- निजी-साझेदारीको सम्भावनालाई हेर्दा यस गाउँपालिकामा १५ वटा संस्थागत (निजी) विद्यालयहरू छन्। निजी विद्यालयको व्यवस्थापकीय कुशलता र सरकारी विद्यालयको स्रोत साधनबिच साझेदारी (जस्तैः संयुक्त शिक्षक तालिम, खेलकुद तथा शैक्षिक प्रदर्शनी) गराएर सरकारी विद्यालयको स्तर सुधार्न सकिन्छ।
- जनप्रतिनिधीहरुले क्रमश शिक्षा क्षेत्रलाई पनि प्राथमिकतामा राख्न खोजिरहेका छन् यसलाई सवलिकरण गर्न सक्ने अवस्थाछ ।

## घ. चुनौतीहरू (Threats)

चुनौतीहरू बाह्य र संरचनात्मक कारकहरू हुन्, जसले पालिकाको अथक प्रयासका बाबजुद पनि शैक्षिक प्रणालीलमा जोखिम निम्त्याउँछन्।

- माध्यमिक तह कक्षा ९-१० मा कक्षा छाड्ने दर १०.३% हुनु र कक्षा ९-१२ को खुद भर्ना दर मात्र ५१.८% हुनु गाउँपालिकाको लागि सबैभन्दा ठूलो चुनौती हो। झन्डै आधा विद्यार्थी माध्यमिक शिक्षा नै पुरा नगरी श्रम बजारमा वा विवाह बन्धनमा बाँधिन बाध्य छन्।
- शैक्षिक वर्ष २०८१ बाट २०८२ मा आउँदा कुल विद्यार्थी संख्या झन्डै ५७८ जनाले घट्नु ले अभिभावकहरू सामुदायिक विद्यालय छोडेर निजी वा पालिका बाहिरका विद्यालयतर्फ आकर्षित भइरहेको अवस्था छ ।
- पुरुष र महिला साक्षरताको विचमा खाडल रहेको छ । ५ वर्षभन्दा माथिको महिला साक्षरता दर मात्र ६३% हुनु र पुरुषको तुलनामा ठूलो असमानता हुनुले सामाजिक चेतना र लैङ्गिक विकासमा सधैं बाधा पुऱ्याउने देखिन्छ।
- विद्यालय उमेर समूह बालबालिका विद्यालय बाहिर रहेकाछन् । ५-१२ वर्ष उमेर समूहका ३०० जना बालबालिका अझै पनि विद्यालय बाहिर हुनुले शतप्रतिशत साक्षर गाउँपालिका बनाउने अभियानमा अवरोध खडा गरेको छ।
- आधुनिक सिकाई र प्रविधिको अभाव छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रविधिमैत्री र सूचना-प्रविधिमा आधारित (ICT) शिक्षाको माग भइरहँदा, गढी गाउँपालिका अझै पनि भौतिक कक्षाकोठा र शौचालय मर्मतको आधारभूत व्यवस्थापनमा अल्झिनु परेको छ, जसले गर्दा यहाँका विद्यार्थीले बाह्य बजारमा प्रतिस्पर्धा गर्न कठिन हुन सक्छ।

- भौतिक पूर्वाधारमा ठूलो लगानी गर्न चुनौति छ ।गढी गाउँपालिकाले आगामी वर्षहरुमा ५४ वटा कक्षाकोठा, ३६ वटा शौचालय र १९ वटा चेन्जिङ रुमको क्रमश पुनर्निर्माणमा केन्द्रित गर्नुपर्छ।
- शिक्षक दरबन्दी मिलान गर्न र कक्षा ९-१० को ड्रपआउट रोक्न 'विशेष छात्रा प्रोत्साहन तथा अभिभावक सचेतना कार्यक्रम' तत्काल लागू गर्नु अनिवार्य देखिएकोछ ।यसको व्यवस्थापन पनि चुनौतिपूर्ण छ ।

## १.४ मुख्य कार्य सम्पादन शैक्षिक सूचकहरु

विद्यालय शिक्षामा मुख्य कार्यसम्पादन शैक्षिक सूचक भन्नाले शिक्षा प्रणालीको अवस्था, गुणस्तर, पहुँच र प्रभावकारिता मापन गर्ने वस्तुनिष्ठ र गणितीय औजारहरूलाई बुझिन्छ। शैक्षिक सूचकले वास्तविक अवस्थाको पहिचान गर्न र विद्यालय शिक्षा कुन दिशामा गइरहेको छ भनी थाहा पाउन सहयोग गर्छ। शैक्षिक सूचकहरूले हचुवाका भरमा नभई तथ्याङ्कमा आधारित योजना बनाउन मद्दत गर्छन्। शैक्षिक सूचकका कारण बजेट र स्रोतको सही परिचालन सहयोग हुन्छ ।स्थानीय सरकार वा राज्यको सीमित स्रोत र बजेट कहाँ खर्च गर्ने भन्ने निर्णय लिन सूचकको ठूलो महत्व हुन्छ।विद्यालयमा सरकारले गरेको लगानी अनुसार नतिजा आयो कि आएन भनी नागरिक समाज र अभिभावकले मूल्याङ्कन गर्ने आधार नै यही सूचक हो।नेपालले संयुक्त राष्ट्रसङ्घको दिगो विकास लक्ष्य ४ - गुणस्तरीय शिक्षा र विद्यालय शिक्षा क्षेत्र योजना (SESP) मार्फत गरेका प्रतिबद्धताहरू (जस्तैः सन् २०३० सम्म शतप्रतिशत खुद भर्ना दर पुऱ्याउने) कहाँसम्म पुरा भए भनी ट्र्याक गर्न यी सूचकहरूको विश्वव्यापी महत्व छ। शैक्षिक सूचकहरू शिक्षा प्रणालीका 'थर्मामिटर' हुन्। जसरी थर्मामिटर बिना ज्वरोको निश्चित मात्रा थाहा पाउन सकिँदैन, त्यसरी नै शैक्षिक सूचक बिना शिक्षा क्षेत्रका समस्याहरूको सही उपचार (नीति र बजेटमार्फत) गर्न सम्भव हुँदैन।त्यसैलै यी विद्यालय शिक्षाका शैक्षिक सूचकहरुको अति महत्वपूर्ण हुन्छ ।गढी गाउँपालिकाका मूख्य शैक्षिक सूचकहरु निम्न बमोजिम रहेकाछन् ।

तालिका नं. ९

मुख्य कार्यसम्पादन शैक्षिक सूचकहरु

| क्र.स. | सूचक | आधारबर्ष २०८२ | प्रदेश | नेपाल | सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर (%) | ९९.३% | १०३.२% | १०१% | Flash Report |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर (%) | ५८.४% | ७०.९% | ७०.२% | Flash Report |
| १.३ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | ८०.२% | ७६.७% | ७६.३% | Flash Report |
| **२.** | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | ९५.०% | ९३.८% | ९३.७ % | Flash Report |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १४२.०% | १३२.२% | १४१.१% | Flash Report |
| २.३ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (%) | ९५.२% | ९४.६% | ९४.४ | Flash Report |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा कूल भर्ना दर (%) | १२४.५% | १२६.५ | १३०.५% | Flash Report |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर(%) | ८५.४% | ९५.६% | ९४.४% | Flash Report |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर (%) | ११२.५% | १२६.५% | १३०.५% | Flash Report |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर survival rate* (%) | ८८.२% | ८७.७% | ८७.६ % | Flash Report |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पुरा गर्ने दर (%) | ८१.४% | | | Flash Report |
| २.९ | आधारभूत तह (कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | ०.९५ | १ | १ | Flash Report |
| २.१० | आधारभूत तह (कक्षा १-५) मा कक्षा दोहोर्याउने दर* (%) | ११.४% | ७% | ८.७% | EMIS 2082 |
| २.११ | आधारभूत तह (कक्षा १-५) मा कक्षा छाड्ने दर (%) | ७.१% | ७.४% | ८.२% | EMIS 2082 |
| २.१२ | आधारभूत तह (कक्षा १-५) मा कक्षोनती दर (%) | ८१.५% | ८५.६% | ८३.१% | EMIS 2082 |
| २.१३ | औषत जि पि ए कक्षा ५ | २.९ | | | EMIS 2082 |

| क्र.स. | सूचक | आधारबर्ष २०८२ | प्रदेश | नेपाल | सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| २.१४ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | ९४.९% | ९४.१% | ९४.१% | Flash Report |
| २.१५ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | १२०.३% | १२३% | १२४.८% | Flash Report |
| २.१६ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर survival rate * (%) | ८६.०% | ८६.४% | ८६.५% | Flash Report |
| २.१७ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | १ | १ | १ | EMIS 2082 |
| २.१८ | विद्यालय वाहिर रहेका ५-१२ उमेर समुहका बालबालिका संख्या | ३०० | | | EMIS 2082 |
| २.१९ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या (%) | ४० .३% | | | EMIS 2082 |
| २.२० | आधारभूत तह (कक्षा ६-८) मा कक्षा दोहोर्याउने दर (%) | ५.६% | ५.८% | ७.२% | EMIS 2082 |
| २.२१ | आधारभूत तह (कक्षा ६-८) मा कक्षा छाड्ने दर (%) | ४.८% | ४.२% | ५.२% | EMIS 2082 |
| २.२२ | आधारभूत तह (कक्षा ६-८) मा कक्षोनती दर (%) | ८९.६% | ९०३% | ८७.६% | EMIS 2082 |
| २.२३ | औषत जि पि ए कक्षा ८ | २.८ | | | EMIS 2082 |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर (%) | ८३.२% | ७५.४% | ७५.८% | Flash Report |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर (%) | ९७.१% | ९८.५% | ९९.१% | Flash Report |
| ३.३ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | ५१.८ % | ५६.५% | ५५.८% | Flash Report |
| ३.४ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%) | ६०.५% | ८०.६% | ८०.६% | Flash Report |
| ३.५ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | १.४ | १ | १ | EMIS 2082 |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | ६८.२ % | ६७.४ % | ६६.९% | Flash Report |
| ३.७ | माध्यमिक तह (कक्षा९-१०) मा कक्षा दोहोर्याउने दर* (%) | ३.९% | ३.४% | ३.२% | EMIS 2082 |

| क्र.स. | सूचक | आधारबर्ष २०८२ | प्रदेश | नेपाल | सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| ३.८ | माध्यमिक तह (कक्षा९-१०) मा कक्षा छाड्ने दर (%) | १०.३% | ४.१% | ४.७% | EMIS 2082 |
| ३.९ | माध्यमिक तह (कक्षा९-१०) मा कक्षोनती दर (%) | ८५.८% | ९२.५% | ९२.१% | EMIS 2082 |
| ४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | |
| ४.१ | कूल साक्षरता दर (५ -१७ बर्ष) (%) | ७८.२% | ७९.७% | ७६.२% | CENSUS 2021 |
| ४.२ | पुरुष साक्षरता दर (५ -१७ बर्ष) (%) | ८८.१% | ७३.६% | ६९.४% | CENSUS 2021 |
| ४.३ | महिला साक्षरता दर (५ -१७ बर्ष) (%) | ६८.३% | ८६.१% | ८३.६% | CENSUS 2021 |
| ४.४ | कूल साक्षरता दर (१०-१९बर्षको) (%) | ८८.७% | ९६.८% | ९४.१% | CENSUS 2021 |
| ४.५ | पुरुष साक्षरता दर (१०-१९बर्षको) (%) | ९२.८% | ९६.८% | ९३.९% | CENSUS 2021 |
| ४.६ | महिला साक्षरता दर (१०-१९बर्षको) (%) | ८४.७% | ९६.७% | ९४.३% | CENSUS 2021 |
| ४.७ | कूल साक्षरता दर (१८ वर्ष भन्दा माथि (%) | ६३.३% | ७३.७% | ६९.४% | CENSUS 2021 |
| ४.८ | पुरुष साक्षरता दर (१८ वर्ष भन्दा माथि (%) | ६८.७% | ६६.०% | ६०.७% | CENSUS 2021 |
| ४.९ | महिला साक्षरता दर (१८ वर्ष भन्दा माथि (%) | ५७.८% | ८२.१% | ७९.०% | CENSUS 2021 |
| ४.१० | कूल साक्षरता दर | ७०.८% | ७९.६८% | ७६.३% | CENSUS 2021 |
| ४.११ | कूल साक्षरता दर (महिला) | ६३.०% | ७३.६% | ६९.४% | CENSUS 2021 |
| ४.१२ | कूल साक्षरता दर ( पुरुष) | ७८.८% | ८६.१% | ८३.६% | CENSUS 2021 |
| **५** | **शुसासन र व्यवस्थापन** | | | | |
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | २५.१ | १३.५ | २०.९ | EMIS 2082 |
| ५.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | ३४.३४ | ३१ | ४४.६ | EMIS 2082 |
| ५.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | २७.३८ | | | EMIS 2082 |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | २८.५८ | २५.१ | ३०.५ | EMIS 2082 |

| क.स. | सूचक | आधारवर्ष २०८२ | प्रदेश | नेपाल | सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| ५.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | २४.१७ | | | EMIS 2082 |
| ५.६ | माध्यमिक तह (कक्षा ११-१२) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | ३९.५ | ४९.२ | ४७.३ | EMIS 2082 |
| ६ | शिक्षामा लगानी | | | | |
| ६.१ | कुल बजेटको शिक्षामा लगानी प्रतिशत | २५.७२% | १% | १०.७५% | गढी गापा |
| ६.२ | शिक्षामा बजेटमा स्थानिय, प्रदेश र संघको प्रतिशत | ३.१९% | १.५१% | ९५.३% | गढी गापा |

# परिच्छेद २

# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ दूरदृष्टि

**" प्रविधिमैत्री, गुणस्तरीय र जीवनोपयोगी शिक्षा ;  समृद्ध गढी हामी सबैको ईच्छा "**

## २.२ लक्ष्य

समावेशी पहुँच सहित गुणस्तरीय शिक्षाका माध्यमबाट सिर्जनशील, सीपमुलक, प्रतिस्पर्धी, नवप्रवर्तनशील, सुसंस्कृत, सक्षम र राष्ट्रिय अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने नैतिक र आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने,

## २.३ उदेश्य

क) सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

ख) सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित गर्नु,

ग) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु,

घ) प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासमा पहुँच अभिवृद्धि गर्नु ।

ङ) विद्यालय शिक्षामा सुशासन पारदर्शिता र प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्नु,

## २.४ रणनीतिहरु

**उद्देश्य १. सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता र सुनिश्चित गर्नु**

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि अनिवार्य र निःशुल्क बनाउँदै पहुँचयोग्य र समतामूलक बनाउने,

ख) विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाहरूको पहिचान गर्न तथ्याङ्क सङ्कलन गर्ने र शैक्षिक सत्रको सुरुमा "विद्यार्थी भर्ना घरदैलो अभियान" सञ्चालन गर्ने,

ग) गरिब, विपन्न, दलित र सीमान्तकृत समूहका बालबालिकालाई विद्यालयमा आकर्षित गर्न र टिकाइराख्न दिवा खाजा, छात्रवृत्ति र पोसाक वितरण गर्ने,

घ) अपाङ्गता भएका बालबालिकाका लागि उनीहरूको अवस्था अनुसार (शारीरिक, सुनाइ, दृष्टि, अटिजम आदि) ब्रेल, साङ्केतिक चित्र र ह्विलचेयर जस्ता सामग्री र विशेष छात्रवृत्तिको व्यवस्था गर्ने,

ङ) अपाङ्गता भएका, सीमान्तकृत वा विशेष आवश्यकताका बालबालिकाका लागि समावेशी सिकाइ वातावरण उपलब्ध गराउने,

च) बालबालिकाको शिक्षामा अभिभावकलाई जिम्मेवार बनाउन अभिभावक शिक्षा कार्यक्रमलाई सञ्चालन गर्ने,

छ) शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन नियमित र नतिजामुखी तालिम प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने

ज) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु उत्थानशीलता र वातावरणमैत्री पूर्वाधार सुनिश्चित गर्नु

**उद्देश्य २. सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित गर्नु,**

क) शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन नियमित र नतिजामुखी तालिम प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने ।

ख) शिक्षण सिकाइलाई प्रभावकारी बनाउन स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला र इन्टरनेट सुविधाको विस्तार गर्ने ।

ग) शिक्षाको गुणस्तर कायम गर्न नतिजमा आधारित अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणालीको विकास गर्ने।

घ) पाठ्यक्रमलाई स्थानीय आवश्यकता, संस्कृति र जीवनोपयोगी सीपसँग मेल खाने गरी अनुकूल बनाउने।

ङ) विषयगत र कक्षागत रूपमा आवश्यक शिक्षक व्यवस्थापन गर्ने ।

च) शिक्षण सिकाइमा खोजमूलक, प्रयोगात्मक, विद्यार्थीकेन्द्रित र क्रियाकलाप आधारित सिकाइ प्रवर्द्धन गर्ने ।

छ) शिक्षकलाई नवीनतम शिक्षण विधि, ICT प्रयोग, समावेशी र गुणस्तरीय शिक्षण तालिम प्रदान गर्ने।

ज) नियमित मूल्याङ्कन र फिडब्याक प्रणालीको माध्यमबाट सिकाइ उपलब्धि र गुणस्तर सुनिश्चित गर्ने।

झ) विद्यालयमा पर्याप्त पाठ्यपुस्तक, डिजिटल सामग्री, स्मार्ट बोर्ड, कम्प्युटर ल्याब र प्रयोगशालाको उपलब्धता सुनिश्चित गर्ने।

**उद्देश्य ३. औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि अनौपचारिक, खुला र वैकल्पिक निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु।**

क) अनलाइन प्लेटफर्म, भिडियो क्लास, मोबाइल एप्लिकेशनका माध्यमबाट वैकल्पिक सिकाइ पहुँच विस्तार गर्ने ।

ख) इन्टरनेट सुविधा सहित सबै सामुदायिक सिकाइ केन्द्रलाई व्यवस्थित वनाउने ।

ग) एक वडा एक पुस्तकालय/वाचनालय" को अवधारणा अनुसार प्रत्येक सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध रहने गरी पुस्तकालयहरू क्रमश स्थापना गर्ने ।

घ) पालिकास्तरमा एक मुख्य पुस्तकालय स्थापना गरी वडाका पुस्तकालयहरूलाई एउटै सञ्जालमा जोड्ने

ङ) परम्परागत र मौलिक ज्ञान, दर्शन र प्राकृतिक विज्ञानलाई सङ्ग्रह र सूचीकरण गरी संरक्षण गर्ने

च) प्रत्येक टोलमा नागरिकहरूको सिकाइको चाहना पुरा गर्न र "जीवन पर्यन्त सिकाइ" लाई अभियानको रूपमा सञ्चालन गर्न स्थानीय बौद्धिक समाज गठन गर्ने ।

छ) समुदायको समन्वय र सहयोगमा टोल-टोलमा प्रौढ कक्षाहरू सञ्चालन गर्ने र उनीहरूको सिकाइ उपलब्धिलाई मापन गर्ने सूचकहरू विकास गरि कार्यान्वयन गर्ने ।

ज) अनौपचारिक शिक्षा र सामुदायिक सिकाइ केन्द्रहरूको भूमिका प्रभावकारी बनाएर पालिकापालिकालाई साक्षर तथा शिक्षित पालिका रुपमा व्यवस्थापन गर्ने ।

**उद्देश्य ४. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासमा पहुँच अभिवृद्धि गर्नु ।**

क) माध्यमिक तहमा अध्ययनरत १० प्रतिशत विद्यार्थीहरू लागि प्राविधिक तथा व्यवसायिक तालिमको पहुँच सुनिस्चित गर्ने ।

ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) संग समन्वय गरी आवधिक व्यवसायिक तालिम कार्यक्रमहरू संचालन गर्ने ।

ग) प्राविधिक शिक्षा तथा व्यवसायिक सीपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनका लागि सरोकारवालाहरूसँग समन्वय गर्ने ।

घ) प्राविधिक शिक्षा तथा व्यवसायिक सीपका क्षेत्रमा आवश्यक पर्ने जनशक्ति पालिकापालिका भित्रै तयार गर्ने ।

ङ) महिला, आदिवासी जनजाति, दलित, अपाङ्गता भएका एवं आर्थिकरूपमा विपन्न समुदाय र वर्ग लागि प्राविधिक शिक्षक तथा व्यवसायिक तालिममा पहुँच बढाउन आवश्यक कार्यक्रमको व्यवस्था गर्ने ।

च) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका क्षेत्रहरू कृषि, पशुपालन र कम्प्युटर ईन्जिनियरीङ जस्ता विषयमा तत्कालको सम्भाव्यता अध्ययन गर्ने ।

छ) अन्य पालिकाभित्र सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने साथै समन्वय र सहकार्य गर्ने ।

ज) प्राविधिक शिक्षा तथा व्यवसायिक सीपको क्षेत्रमा सरोकारवालाहरूको सहभागीता र स्थानीय सरकारकको अपनत्व एवं लगानी वृद्धि गर्ने ।

झ) प्राविधिक शिक्षा तथा व्यावसायिक सीप प्रदायक संस्था, स्थानीय सरकार तथा सम्मदायका बीचमा साझेदारी खेती प्रणालीको स्थापना गर्ने ।

ञ) प्राविधिक शिक्षा तथा व्यावसायिक सीप प्राप्त गरेका व्यक्तिहरूलाई रोजगारी एवं स्वरोजगारीका लागि प्रोत्साहन गर्ने ।

ट) प्राविधिक शिक्षक तथा व्यावसायिक तालिमको प्रभावकारी कार्यान्वयन एवं संचालनका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण गर्ने ।

ठ) कार्यगत अभ्यास सहितको तालिम मार्फत सिपविकास गरी रोजगार प्रवर्धन गर्ने

ड) विद्यार्थीहरुलाई वृति परामर्श तथा कामको संसारसग परिचित गर्ने ।

**उद्देश्य ५. विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नु,**

क) शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षा परिणामसँग आबद्ध गर्ने ।

ख) शैक्षिक पेसामा संलग्न जनशक्तिमा जवाफदेहिता सुनिश्चित गर्न परिणाममा आधारित जवाफदेहिता प्रणालीको विकास गर्ने ।

ग) प्रधानाध्यापक छनोट प्रणालीलाई योग्यता र क्षमताका आधारमा हुने गरी परिमार्जन गर्ने ।

**घ)** विव्यसको भूमिका र जिम्मेवारीलाई समयसापेक्ष परिमार्जन गरी विद्यालयलाई स्वचालित र सफल संस्थाका रूपमा विकास गर्ने ।

**ङ)** विद्यालयप्रति समुदायको अपनत्व बढाउन विद्यालय-समुदाय सहकार्य कार्यक्रम सञ्चालन गर्ने।

**च)** विद्यालय र विद्यार्थीको विस्तृत विवरणका लागि एकीकृत तथ्याङ्क प्रणालीको विकास र सुदृढीकरण गर्ने ।

**छ)** सम्पूर्ण सूचनालाई सुरक्षित राख्न र सहजै प्राप्त गर्न Cloud Data Management र स्वचालित संयन्त्रसग आवद्धता गर्ने ।

**ज)** निजी (संस्थागत), गुठी र सहकारी विद्यालयहरूको स्थापना, अनुमति, सञ्चालन र आर्थिक पारदर्शिताको नियमित अनुगमन र नियमन गर्ने ।

**झ)** शैक्षिक जनशक्ति र नेतृत्व तहका लागि स्पष्ट आचारसंहिता निर्माण गरी लागू गर्ने ।

**ञ)** विद्यालयगत शिक्षक दरबन्दीको अध्ययन गरी दरबन्दी मिलान र पुनर्वितरण गर्ने ।

**ट)** प्रधानाध्यापक, व्यवस्थापन समिति, शिक्षक र कर्मचारीहरूका लागि नियमित तालिम र नेतृत्व विकास कार्यक्रमहरू सञ्चालन गर्ने ।

## २.५ अपेक्षित उपलब्धि

क) सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।

ख) सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित भएको हुनेछ ।

ग) प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासमा पहुँच अभिवृद्धि भएको हुनेछ ।

घ) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित भएको हुनेछ ।

ङ) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित भएको हुनेछ ।

## २.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

गढी गाउँपालिकाले आफ्नो शैक्षिक प्रणालीमा आवश्यतानुसार सुधार गर्न आगामी १०मा पूर्ण साक्षर र गुणस्तरीय शैक्षिक पूर्वाधारयुक्त पालिका निर्माण गर्ने दीर्घकालीन सोचका साथ यो मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण गरेको छ। आधार वर्ष २०८२ को विद्यमान अवस्थालाई वस्तुनिष्ठ ढङ्गले मूल्याङ्कन गरी आगामी २०८४, २०८७ र २०९२ सालसम्मका लागि स्पष्ट, मापनयोग्य र लक्ष्यहरू तय गरिएका छन्। यस रणनीतिले प्रारम्भिक बालविकासमा शतप्रतिशत खुद भर्ना सुनिश्चित गर्ने, आधारभूत र माध्यमिक तहमा विद्यार्थी टिकाउ दरलाई शतप्रतिशत पुऱ्याउँदै कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दरलाई शून्यमा झार्ने लक्ष्य लिएको छ। साथै, लैंगिक समता सूचकलाई १ मा पुऱ्याउने, १८ वर्षभन्दा माथिको साक्षरता दरलाई ९०% पुऱ्याउने र विद्यार्थीशिक्षक अनुपातलाई ३०:१ मा सन्तुलित राख्ने योजना सहित शिक्षामा लगानी र सुशासनलाई सुदृढ बनाउने प्रतिबद्धता यस मार्गचित्रले प्रस्तुत गरेको छ।१० वर्षे लक्ष्य निर्धारण तालिका निम्नानुसार रहेको छः

तालिका नं. १०

मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | सूचक | आधारबर्ष २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|

| | | गापा | | | |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर (%) | ९९.३% | ९९.५% | ९९.८ % | १०० |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर (%) | ५८.४% | ६९.९% | ८०.२% | १०० |
| १.३ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | ८०.२% | ९०.७% | ९६.३% | १०० |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | ९५.०% | ९७.५% | ९८.५% | १००.०% |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १४२.० % | १३२.२ % | १२१.१ % | १००.०% |
| २.३ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (%) | ९५.२% | ९७.६% | ९९.४% | १००.०% |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा कूल भर्ना दर (%) | १२४.५ % | ११४.५ % | १०५.५ % | १००.०% |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर (%) | ८५.४% | ९०.६% | ९४.४% | १००.०% |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | ११२.५ % | १०९.५ % | १०२.५ % | १००.०% |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर survival rate (%) | ८८.२% | ९१.७% | ९७.६% | १००.०% |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पुरा गर्ने दर (%) | ८१.४% | ८५.०% | ९०.०% | ९८.०% |
| २.९ | आधारभूत तह (कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | ०.९५ | १.०० | १.०० | १.०० |
| २.१० | आधारभूत तह (कक्षा १-५) मा कक्षा दोहोर्याउने दर (%) | ११.४% | ७.०% | ४.७% | ०.०% |
| २.११ | आधारभूत तह (कक्षा १-५) मा कक्षा छाड्ने दर (%) | ७.१% | ६.४% | ४.२% | ०.०% |
| २.१२ | आधारभूत तह (कक्षा १-५) मा कक्षोनती दर (%) | ८१.५% | ८९.६% | ९५.१% | १००.०% |
| २.१३ | औषत जि पि ए कक्षा ५ | २.९ | ३.० | ३.३ | ३.५ |
| २.१४ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | ९४.९% | ९६.१% | ९८.१% | १००.०% |
| २.१५ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | १२०.३ % | ११३.० % | १०३.८ % | १००.०% |
| २.१६ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर survival rate (%) | ८६.०% | ८८.४% | ९२.५% | ९८.०% |
| २.१७ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०० | १.०० | १.०० | १.०० |
| २.१८ | विद्यालय वाहिर रहेका ५-१२ उमेर समुहका बालबालिका संख्या | ३०० | २०० | १०० | ०० |

| क्र.स. | सूचक | आधारबर्ष २०८२<br>गापा | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| २.१९ | कक्षा १-८ मा कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या(%) | ४०.३% | ४५.०% | ५०.०% | ५०.% |
| २.२० | आधारभूत तह (कक्षा ६-८) मा कक्षा दोहोर्याउने दर (%) | ५.६% | ४.८% | ३.२% | ०.०% |
| २.२१ | आधारभूत तह (कक्षा ६-८) मा कक्षा छाड्ने दर (%) | ४.८% | ३.२% | १.२% | ०.0% |
| २.२२ | आधारभूत तह (कक्षा ६-८) मा कक्षोनती दर (%) | ८९.६% | ९४.३% | ९७.६% | १००.०% |
| २.२३ | औषत जि पि ए कक्षा ८ | २.८ | ३.० | ३.२ | ३.५ |
| ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर (%) | ८३.२% | ८७.४% | ९५.८% | १००.०% |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर (%) | ९७.१% | ९८.५% | ९९.१% | १००.०% |
| ३.३ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | ५१.८% | ६१.५% | ७५.८% | १००.०% |
| ३.४ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%) | ६०.५% | ७०.६% | ८०.६% | १००.०% |
| ३.५ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक(कक्षा ९-१२) | १.४ | १.० | १.० | १.० |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | ६८.२% | ७७.४% | ८६.९% | ९५.९% |
| ३.७ | माध्यमिक तह (कक्षा९-१०) मा कक्षा दोहोर्याउने दर (%) | ३.९% | ३.०% | २.०% | ०.०% |
| ३.८ | माध्यमिक तह (कक्षा९-१०) मा कक्षा छाड्ने दर (%) | १०.३% | ८.१% | ५.७% | ०.०% |
| ३.९ | माध्यमिक तह (कक्षा९-१०) मा कक्षोनती दर (%) | ८५.८% | ९२.५% | ९५.१% | १००.०% |
| ४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | |
| ४.१ | कूल साक्षरता दर (५ -१७ बर्ष) (%) | ७८.२% | ८१.७% | ८६.२% | ९०.०% |
| ४.२ | पुरुष साक्षरता दर (५ -१७ बर्ष) (%) | ८८.१% | ९३.६% | ९५.४% | ९६.0% |
| ४.३ | महिला साक्षरता दर (५ -१७ बर्ष) (%) | ६८.३% | ७६.१% | ८४.६% | ८६.०% |
| ४.४ | कूल साक्षरता दर (१०-१९बर्षको) (%) | ८८.७% | ९२.८% | ९५.१% | ९८.०% |
| ४.५ | पुरुष साक्षरता दर (१०-१९बर्षको) (%) | ९२.८% | ९६.८% | ९८.९% | ९९.०% |
| ४.६ | महिला साक्षरता दर (१०-१९बर्षको) (%) | ८४.७% | ९९.७% | ९४.३% | ९६.०% |
| ४.७ | कूल साक्षरता दर (१८ वर्ष भन्दा माथि (%) | ६३.३% | ७१.७% | ७९.४% | ९०.०% |
| ४.८ | पुरुष साक्षरता दर (१८ वर्ष भन्दा माथि (%) | ६८.७% | ७६.०% | ८५.७% | ९५.०% |

| क्र.स. | सूचक | आधारवर्ष २०८२ गापा | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| ४.९ | महिला साक्षरता दर (१८ वर्ष भन्दा माथि (%) | ५७.८% | ६२.१% | ७९.०% | ८५.०% |
| ४.१० | कूल साक्षरता दर | ७०.८% | ७५.०% | ८५.०% | ९५.०% |
| ४.११ | कूल साक्षरता दर (महिला) | ६३.०% | ७०.०% | ८०.०% | ९०.०% |
| ४.१२ | कूल साक्षरता दर (पुरुष) | ७८.८% | ८३.०% | ९१.०% | ९८.०% |
| ५ | **शुसासन र व्यवस्थापन** | | | | |
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | २५:१ | २८:१ | ३०:१ | ३०:१ |
| ५.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | ३४:१ | ३२:१ | ३०:१ | ३०:१ |
| ५.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | २७:१ | २८:१ | ३०:१ | ३०:१ |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | २८:१ | ३०:१ | ३०:१ | ३०:१ |
| ५.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | २४:१ | ३०:१ | ३०:१ | ३०:१ |
| ५.६ | माध्यमिक तह (कक्षा ११-१२) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | ३९:१ | ४०:१ | ४५:१ | ५०:१ |
| ६ | शिक्षामा लगानी | | | | |
| ६.१ | कुल बजेटको शिक्षामा लगानी प्रतिशत | २५.७२ % | ३०.% | ३५.% | ४०.% |
| ६.२ | शिक्षामा लगानी स्थानिय स्रोतको प्रतिशत | ३.१९% | ६.५% | १०.०% | १५.०२% |

# परिच्छेद ३

# विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचयः

नेपालको संविधानको धारा ३९(३) ले प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक सुनिश्चित गरेको छ। साथै, शिक्षा ऐन २०२८ को नवौं संशोधनले बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा मान्यता दिएको छ, जसले यसको आवश्यकता र

महत्वलाई थप सुदृढ बनाएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक तथा नैतिक-सृजनात्मक विकासमा सहयोग पुऱ्याउँदै उनीहरूलाई आधारभूत शिक्षाका लागि तयार गर्ने उद्देश्यले सञ्चालन हुने प्रारम्भिक बालविकास कार्यक्रम विद्यालय शिक्षाको पहिलो चरण हो । यस कारण यस कार्यक्रमलाई सर्वसुलभ, समावेशी तथा गुणस्तरीय बनाउनु अत्यावश्यक देखिन्छ ।

यही सन्दर्भलाई ध्यानमा राख्दै गढी गाउँपालिकाले तयार पारेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास तथा शिक्षालाई व्यवस्थित, प्रभावकारी र गुणस्तरीय बनाउने उद्देश्यका विभिन्न कार्यक्रमहरू समावेश गरिएको छ ।

### ३.१.२ वर्तमान अवस्थाः

गढी गाउँपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच विस्तार हुँदै गएको छ। गाउँपालिकाभित्र कुल ६१ वटा प्रारम्भिक बालविकास केन्द्र/विद्यालय सञ्चालनमा रहेका छन्, जसमध्ये ४५ वटा सामुदायिक, २ वटा मदरसा (धार्मिक) र १४ वटा संस्थागत विद्यालयमा रहेका छन्। सामुदायिकतर्फका ४५ केन्द्रमध्ये ५ वटा समुदायमा आधारित बालविकास केन्द्र रहेका छन्। यसले गाउँपालिकाले प्रारम्भिक बालविकास सेवाको विस्तारका लागि पर्याप्त संस्थागत संरचना विकास गरेको देखिन्छ। वालवालिकाको सहभागिताको दृष्टिले बालविकास तहमा कुल १,४३९ जना बालबालिका रहेका छन्, जसमा ६५६ जना छात्रा (४५.६ प्रतिशत) र ७८३ जना छात्र (५४.४ प्रतिशत) छन्। सामुदायिक विद्यालयमा भएका वालविकास कक्षामा ५८९, मदरसामा ७१ तथा संस्थागत विद्यालयमाको पूर्व प्राथमिक कक्षामा ७७९ जना बालबालिका छन्। प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर ५८.४ प्रतिशत मात्र रहेको छ। यसको अर्थ विद्यालय उमेर पुगेका करिब ४२ प्रतिशत बालबालिका अझै प्रारम्भिक बालविकास कार्यक्रममा समेटिन सकेका छैनन्। यसले विशेष आर्थिक रूपमा कमजोर परिवार, विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाको पहुँच विस्तार गर्न थप प्रयास आवश्यक रहेको देखाउँछ। बालविकास केन्द्रको गुणस्तर अभिवृद्धि, अभिभावक सचेतना, आवश्यक भौतिक पूर्वाधार तथा प्रशिक्षित सहजकर्ताको व्यवस्था गर्दै प्रारम्भिक बालविकास सेवाको पहुँच बढाउनु गाउँपालिकाको प्रमुख प्राथमिकता हुनुपर्छ। सकारात्मक पक्षका रूपमा कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ८०.२ प्रतिशतले प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त गरेको तथ्याङ्क उल्लेखनीय छ। तर अझै करिब २० प्रतिशत बालबालिका प्रारम्भिक बालविकासको अनुभवबिना कक्षा १ मा भर्ना हुने अवस्था रहेकाले सबै बालबालिकालाई अनिवार्य रूपमा गुणस्तरीय प्रारम्भिक बालविकास सेवामा आबद्ध गराउने नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

कुल १४३९ बालबालिकामध्ये छात्रको भन्दा छात्राको संख्या भन्दा बढी हुनुले लैंगिक पहुँच र समताका हिसाबले निकै सकारात्मक छ । त्यसैगरी, सीमान्तकृत समुदायको शैक्षिक मूलप्रवाहीकरणका

दृष्टिकोणले कुल विद्यार्थीको करिब २५.४% (३६६ जना) दलित बालबालिका सहभागी हुनु र मुस्लिम समुदायका बालबालिकाका लागि मदरसा (४ वटा) मार्फत शैक्षिक पहुँच सुनिश्चित गरिनुले सांस्कृतिक तथा जातीय समावेशीकरण बलियो रहेको देखाउँछ। यद्यपि, अपाङ्गता भएका बालबालिकाको कुल संख्या सिंगो गाउँपालिका भरि मात्र १ जना (सामुदायिक विद्यालयमा छात्रा) मात्र देखिनुले वास्तविक रूपमा अपाङ्गता भएका बालबालिकाहरू पहिचान हुन नसकेको वा उनीहरू अझै पनि प्रारम्भिक बालविकासको पहुँच र विद्यालय संरचना भन्दा बाहिरै रहेको अवस्थालाई संकेत गर्दछ। आगामी दिनमा अपाङ्गतामैत्री पूर्वाधार, विशेष पहिचान अभियान र लक्षित कार्यक्रममार्फत अपाङ्गता भएका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याउन विशेष जोड आवश्यकछ ।

### ३.१.३ उदेश्यः

क) बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न प्रारम्भिक बाल विकास र शिक्षाको प्रभावकारी व्यवस्थापन गर्नु

ख) सबै बालबालिकालाई समावेशी, पहुँचयोग्य र गुणस्तरीय प्रारम्भिक शिक्षा उपलब्ध गराउनु

ग) बाल विकास केन्द्रहरूलाई बालमैत्री, सुरक्षित र वातावरणमैत्री बनाउनु

## ३.१.४ रणनीतिहरू

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,
- बाल विकास र शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाउने।
- केन्द्र स्थापना र सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहित गर्दै सञ्चालित केन्द्रमा न्यूनतम मापदण्डमा नियमित निगरानी र मूल्याङ्कन गर्ने।
- अति विपन्न, दलित, सीमान्तकृत र अपाङ्ग बालबालिकालाई पहुँच सुनिश्चित गर्दै निःशुल्क भर्ना अभियान सञ्चालन।
- कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,
- लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,
- पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,
- सहयोगी कार्यकर्तालाई राष्ट्रिय मामदण्ड बमोजिमको सेवा सुविधाका साथै वृत्ति विकास अवसरप्रदान गर्ने,
- स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका संयन्त्र बनाउने,
- पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाइ समयानुकुल स्थानीयकरणकालागि समायोजन तथा परिमार्जन गर्ने,
- बालविकास कक्षाका सवै बालवालिकाहरुको स्वास्थ तथा पोषणको अवस्थाको परीक्षण गर्ने

## ३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

*क. अपेक्षित उपलब्धिः*

१ प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ।

२ लक्षित उमेर समूहका सबै बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज, समावेशी र समान पहुँच उपलब्ध भएको हुनेछ।

३ सबै बालबालिकाले प्रारम्भिक बालविकास तथा शिक्षाको पूर्ण अनुभव हासिल गरी आवश्यक सक्षमता विकास पछि कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त भएको हुनेछ ।

४ बालवालिकाको सिकाइको आधार सुदृढ भई दीर्घकालीन शैक्षिक सफलतामा सकारात्मक प्रभाव परेको हुनेछ ।

### . प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

तालिका नं. ११

प्रारम्भिक वालविकास र शिक्षा कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| | | | | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | **प्रारम्भिक वालविकास र शिक्षा** | | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | |
| क्र. स | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | २०९२ |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधिकरण गर्ने | जना | ४५ | ४५ | ४५ | ४५ | ४५ | २२५ | ४५० |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | ० | ० | ० | ० | १ | २ |
| ३ | बालबालिकाको प्रोफाइल अभिलेखीकरण गर्ने | पटक | ० | १ | ० | ० | ० | १ | २ |
| ४ | बालविकास कक्षा सुपरिवेक्षण गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| ५ | बालविकास पाठ्यक्रम प्रबोधिकरण गर्ने | जना | ४५ | ० | ० | ० | ० | ४५ | ९० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | वालविकास केन्द्रमा राष्ट्रिय न्यूनतम मापदण्ड पुरा गर्ने | केन्द्र | ५ | ६ | ५ | ६ | ७ | २९ | ५८ |
| ७ | सहजकर्ताका लागि मण्टेश्वरी तालिम | जना | ० | २० | ० | २५ | ० | ४५ | ९० |
| ८ | सहजकर्ताहरुको आधारभूत तालिम सञ्चालन गर्ने | जना | ० | ० | ४५ | ० | ४५ | ९० | १८० |
| ९ | शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा वालबालिका अभिलेख अध्यावधिक | केन्द्र | ४५ | ४५ | ४५ | ४५ | ४५ | २२५ | ४५० |
| १० | नमुना वालविकास केन्द्रमा सहयोगी (आया) को व्यवस्था | केन्द्र | ० | ० | ० | १ | १ | २ | ४ |
| ११ | उत्कृष्ट प्रारम्भिक वालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था गर्ने | जना | ० | ० | १ | १ | १ | ३ | ६ |
| १२ | सहजकर्ताहरुको पारिश्रमीक व्यवस्थापन चाडपर्व र पोषाक सहित | जना | ४५ | ४५ | ४५ | ४५ | ४५ | २२५ | ४५० |
| १३ | सहजकर्ताहरुको पारिश्रमीक व्यवस्थापन स्थानियतहवाट थप मासिक रु ७००० | जना | ४५ | ४५ | ४५ | ४५ | ४५ | २२५ | ४५० |
| १४ | वालविकास केन्द्रका लागि प्रति विद्यार्थी अनुदान वितरण | जना | ६०० | ६११ | ६२२ | ६३४ | ६४६ | ३११३ | ६२२६ |

## *ग. प्रमुख क्रियाकलाप तथा बजेट*

तालिका नं. १२

प्रारम्भिक वालविकास र शिक्षा कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा बजेट

| | | वित्तिय लक्ष्य (५ वर्ष) रु ००० मा | | | | | | स्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | संघ | प्रदेश | स्थानीय तह | समुदाय र अन्य |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधिकरण | ४५० | ४५० | ४५० | ४५० | ४५० | २२५० | ० | ० | २२५० | ० |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | १०० | ० | ० | ० | ० | १०० | ० | ० | १०० | ० |
| ३ | बालबालिकाको प्रोफाइल अभिलेखीकरण | ० | १०० | ० | ० | ० | १०० | ० | ० | १०० | ० |
| ४ | बालविकास कक्षा सुपरिवेक्षण | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |
| ५ | बालविकास पाठ्यक्रम प्रबोधिकरण | ९० | ० | ० | ० | ० | ९० | ० | ० | ९० | ० |
| ६ | वालविकास केन्द्रमा राष्ट्रिय न्यूनतम मापदण्ड व्यवस्थापन | २५० | ३०० | २५० | ३०० | ३५० | १४५० | १४५० | ० | ० | ० |
| ७ | सहजकर्ताका लागि मण्टेश्वरी तालिम | ० | ० | २०० | ० | २५० | ४५० | ० | ० | ४५० | ० |
| ८ | सहजकर्ताहरुको आधारभूत तालिम | ० | ० | २२५ | ० | २२५ | ४५० | ० | ० | ४५० | ० |
| ९ | शैक्षिक सूचना व्यवस्थापनमा वालबालिका अभिलेख अध्यावधिक | ५ | ५ | ५ | ५ | ५ | २३ | २३ | ० | ० | ० |
| १० | नमुना वालविकास केन्द्रमा सहयोगी (आया) को व्यवस्था | ० | ० | ० | २५७ | २५७ | ५१४ | ० | ० | ५१४ | ० |
| ११ | उत्कृष्ट प्रारम्भिक वालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था | ० | ० | ३ | ३ | ३ | ९ | ० | ० | ९ | ० |
| १२ | सहजकर्ताहरुको पारिश्रमीक व्यवस्थापन (चाडपर्व र पोषाक सहित) | ७०३० | ७०३० | ७०३० | ७०३० | ७०३० | ३५१५० | ३५१५० | ० | ० | ० |
| १३ | सहजकर्ताहरुको पारिश्रमीक व्यवस्थापन स्थानियतहवाट थप मासिक रु ७००० | ४०९५ | ४०९५ | ४०९५ | ४०९५ | ४०९५ | २०४७५ | ० | ० | २०४७५ | ० |
| १४ | वालविकास केन्द्रका लागि प्रति विद्यार्थी अनुदान वितरण | ६८४ | ६८४ | ६८४ | ६८४ | ६८४ | ३४१८ | ३४१८ | ० | ० | ० |
| | जम्मा | १२८०३ | १२७६३ | १३०४१ | १२९२३ | १३४४८ | ६४९७८ | ४००४० | ० | २४९३८ | ० |

## ३.२ आधारभतू शिक्षा

### ३.२.१ परिचय

नेपालको संविधानले आधारभूत शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा ३१ अनुसार प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क प्राप्त गर्ने अधिकार छ। यसले राज्यलाई सबै बालबालिकाका लागि समान, समावेशी र गुणस्तरीय शिक्षा उपलब्ध गराउने दायित्व प्रदान गरेको छ।राष्ट्रिय शिक्षा नीति ले आधारभूत शिक्षालाई १-८ कक्षासम्म परिभाषित गर्दै समावेशी, जीवनोपयोगी तथा सीपमुखी शिक्षामा जोड दिएको छ। नीति अनुसार सबै बालबालिकाको पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि सुनिश्चित गर्नु राज्यको प्राथमिकता हो।त्यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन ले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुने स्पष्ट व्यवस्था गरेको छ। यस ऐनले अभिभावकलाई बालबालिकालाई विद्यालय पठाउने जिम्मेवारी तोकेको छ भने राज्यलाई आवश्यक पूर्वाधार, शिक्षक र स्रोत-साधन उपलब्ध गराउने कानुनी दायित्व दिएको छ। यसरी संविधान, नीति र ऐनले आधारभूत शिक्षालाई अधिकारका रूपमा स्थापित गर्दै कार्यान्वयनका लागि स्पष्ट मार्गनिर्देशन गरेका छन्।

### ३.२.२ वर्तमान अवस्था–

गढी गाउँपालिकामा आधारभूत तहको शिक्षा सञ्चालनका २४ वटा सामुदायिक, ४ वटा मदरसा तथा १४ वटा संस्थागत विद्यालय रहेका छन्। विद्यार्थी सङ्ख्या(कक्षा १-८) मा कुल ६,४२४ जना रहेकोछ जसमध्ये ३,२२२ जना छात्रा र ३,२०२ जना छात्र रहेका छन्। कक्षा १-५ मा ४,५४८ जना तथा कक्षा ६-८ मा १,८७६ जना विद्यार्थी अध्ययनरत हुनुबाट आधारभूत तहमा विद्यार्थीको पहुँच राम्रो रहेको देखिए पनि माथिल्लो कक्षातर्फ जाँदा विद्यार्थी सङ्ख्या घट्दै गएको अवस्था देखिन्छ । आधारभूत शिक्षामा पहुँच र भर्नाका अधिकांश सूचकहरू उत्साहजनक छन्। कक्षा १ मा खुद प्रवेश दर ९५ प्रतिशत तथा खुद भर्ना दर (कक्षा १-५) ९५.२ प्रतिशत र कक्षा १-८ मा ९४.९ प्रतिशत रहेकोले विद्यालय उमेरका अधिकांश बालबालिका विद्यालय शिक्षामा आबद्ध भएका छन्। तर कूल प्रवेश दर १४२ प्रतिशत तथा कूल भर्ना दर (कक्षा १-५ मा १२४.५ प्रतिशत र कक्षा १-८ मा १२०.३ प्रतिशत) रहनुले उमेर अनुसार उचित कक्षामा अध्ययन नगर्ने, ढिलो वा चाँडो भर्ना हुने तथा कक्षा दोहोर्याउने अवस्थाको असर अझै रहेको देखाउँछ। त्यस्तै, ५-१२ वर्ष उमेर समूहका ३०० जना बालबालिका अझै विद्यालय बाहिर रहेको तथ्यले सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन विशेष अभियान आवश्यक रहेको छ।शिक्षाको गुणस्तर तथा विद्यार्थी टिकाइका सूचकहरू हेर्दा मिश्रित अवस्था देखिन्छ। कक्षा ५ सम्मको टिकाउ दर ८८.२ प्रतिशत र कक्षा ८ सम्मको टिकाउ दर ८६ प्रतिशत रहेकाले अधिकांश विद्यार्थी आधारभूत तहमा टिकिरहेका भए पनि सबै विद्यार्थीलाई आधारभूत शिक्षा पुरा

गराउन अझै चुनौती रहेको देखिन्छ। कक्षा ५ पुरा गर्ने दर ८१.४ प्रतिशत, कक्षा दोहोर्याउने दर (१-५) ११.४ प्रतिशत, कक्षा छाड्ने दर ७.१ प्रतिशत तथा कक्षोन्नति दर ८१.५ प्रतिशत रहनुले प्रारम्भिक कक्षामा सिकाइ उपलब्धि तथा विद्यार्थी व्यवस्थापनमा सुधार आवश्यक रहेको देखाउँछ। यद्यपि माथिल्लो आधारभूत तह (६-८) मा दोहोर्याउने दर ५.६ प्रतिशत, कक्षा छाड्ने दर ४.८ प्रतिशत तथा कक्षोन्नति दर ८९.६ प्रतिशत रहनुले माथिल्लो कक्षामा विद्यार्थीको निरन्तरता र शैक्षिक प्रगति अपेक्षाकृत राम्रो रहेको देखिन्छ। सिकाइ उपलब्धिको दृष्टिले कक्षा ५ को औसत GPA २.९ र कक्षा ८ को GPA २.८ रहनुले विद्यार्थीको सिकाइ उपलब्धि मध्यम स्तरको रहेको संकेत गर्दछ। गढी गाउँपालिकाको आधारभूत शिक्षामा विद्यालयको पहुँच, विद्यार्थी भर्ना, लैङ्गिक समानता (लैङ्गिक समता सूचक १), तथा विद्यार्थी टिकाइका क्षेत्रमा उल्लेखनीय प्रगति देखिए पनि गुणस्तर सुधारका चुनौतीहरू अझै विद्यमान छन्। विशेष गरी उच्च कूल भर्ना दर, प्रारम्भिक कक्षामा बढी दोहोर्याउने दर, विद्यालय बाहिर रहेका बालबालिका, अपेक्षाकृत कम कक्षोन्नति दर तथा मध्यम सिकाइ उपलब्धिलाई सुधार गर्नु आवश्यक छ। यसका लागि विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने अभियान सञ्चालन गर्ने, उमेरअनुसार सही कक्षामा भर्ना सुनिश्चित गर्ने, उपचारात्मक सिकाइ कार्यक्रम सञ्चालन गर्ने, शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने, नियमित सिकाइ मूल्याङ्कनलाई प्रभावकारी बनाउने तथा महिला शिक्षकको सहभागिता (हाल ४०.३ प्रतिशत) थप वृद्धि गर्ने रणनीति अवलम्बन गर्न सके आधारभूत शिक्षाको पहुँच, गुणस्तर, समावेशिता र सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार हासिल गर्न सकिने देखिन्छ ।

### ३.२.३ उद्देश्य

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य बनाउनु।
ख) सिकाइ उपलब्धि र शिक्षाको गुणस्तरमा सुधार गर्नु।
ग) आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु।

### ३.२.४ रणनीतिहरू

क) कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित नहोस् भन्ने उद्देश्यले विशेष भर्ना तथा पुनभर्ना अभियान सञ्चालन गर्ने।
ख) विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी शिक्षामा पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाउने।
ग) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था तथा कार्यविधि तर्जुमा गर्ने।
घ) अनिवार्य तथा निःशुल्क शिक्षाका लागि आवश्यक आर्थिक तथा अन्य स्रोतको सुनिश्चितता गर्ने।

ङ) विद्यालय नक्साङ्कन गर्ने तथा विद्यालयहरूको पुनर्वितरण र समायोजन गरी शैक्षिक पहुँच सन्तुलित बनाउने।

च) शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरी विषयगत तथा कक्षागत शिक्षकको पर्याप्तता सुनिश्चित गर्ने।

छ) सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार गरी तिनलाई प्रतिस्पर्धी, प्रभावकारी र विश्वसनीय बनाउने।

ज) शिक्षणसिकाइ विधिमा आवश्यक परिमार्जन गरी विद्यार्थी केन्द्रित, क्रियाकलाप आधारित तथा व्यवहारमुखी पद्धति अवलम्बन गर्ने।

झ) शिक्षण प्रभावकारी रूपमा कार्यान्वयन गर्दै कक्षा ३ सम्म पठनसिप विकासमा जोड दिने ।

ञ) न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने।

ट) मूल्याङ्कनलाई शिक्षणसिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा प्रयोगमा ल्याउने।

ठ) कक्षाकोठामा आधारित मूल्याङ्कन प्रणाली सुदृढ गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।

ड) अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा सुधार गर्ने।

ढ) दैनिक जीवनसँग सम्बन्धित व्यवहारिक सिपहरूलाई सिकाइ क्रियाकलापमा समावेश गर्ने।

ण) शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने।

त) आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने।

थ) शिक्षक विकास तथा सहायता प्रणालीलाई व्यवस्थित गर्ने।

द) शिक्षामा कार्यरत सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने।

ध) विद्यालय तथा शैक्षिक निकायको शासकीय र व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने।

न) विद्यालयको कार्यसम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिको नियमित परीक्षण गरी गरी सुधार गर्ने।

ऩ) विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने।

प) विद्यालयलाई बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणयुक्त बनाउने।

फ) सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराउने।

ब) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने।

भ) स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई व्यवस्थित गर्ने।

म) विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने।

य) विद्यालय शिक्षालाई समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

र) विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीजस्ता परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने।

ऱ) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी शिक्षालाई आधुनिक, सहज र प्रभावकारी बनाउने।

## ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### *क. अपेक्षित उपलब्धि*

क पालिकामा आधारभूत शिक्षा सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य भएको हुनेछ।

ख सिकाइ उपलब्धिमा वृद्धि भई शिक्षाको गुणस्तरमा सुधार भएको हुनेछ।

ग आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित भएको सुनिश्चित गरिएको हुनेछ।

घ नतिजाको दृष्टिले, आधारभूत तहको खुद भर्नादर १०० प्रतिशतको स्तरमा पुगेको हुनेछ।

ङ सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पुरा गरेका हुनेछन्, जसले विद्यार्थीहरूको समग्र सिकाइ क्षमता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नेछ।

### ***ख.*** प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

तालिका नं. १३

आधारभूत शिक्षा कार्यक्रमका प्रमुख क्रियाकलाप तथा लक्ष्य

| | २. आधारभुत शिक्षा | | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| क. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | कक्षागत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान | पटक | १ | ० | ० | ० | ० | १ | २ |
| ३ | भर्ना अभियान कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइका लागि निरन्तर विद्यार्थी मुल्याङ्कन प्रोटफोलियो व्यवस्थापन | जना | ७६७ | ७८१ | ७९६ | ८११ | ८२६ | ३९८१ | ७९६२ |
| ५ | आधारभुत विद्यालयमा सूचना प्रविधिको विस्तार इन्टरनेट | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | २३० |
| ६ | आधारभुत विद्यालयमा सूचना प्रविधिको विस्तार ICT lab | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ७ | अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ती | जना | १४ | १४ | १४ | १४ | १४ | ७० | १४० |
| ८ | निःशुल्क पाठ्यपुस्तक व्यवस्था सार्वजनिक विद्यालय कक्षा १–८ | जना | ३६६१ | ३७२९ | ३७९८ | ३८६९ | ३९४१ | १८९९८ | ३७९९६ |
| ९ | शैक्षिक व्यवस्थापन सूचना प्रणालीको प्रयोग | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | १४० | २८० |
| १० | विद्यार्थीहरुको लागि अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था गर्ने तहगत | जना | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| १२ | आधारभुत तहका शिक्षकहरुको लागि तलब व्यवस्थापन प्राथमिक द्धितिय | जना | १४ | १४ | १४ | १४ | १४ | ७० | १४० |
| १३ | आधारभुत तहका शिक्षकहरुको लागि तलब व्यवस्थापन प्राथमिक तृतीय | जना | ३१ | ३१ | ३१ | ३१ | ३१ | १५५ | ३१९ |
| १४ | आधारभुत तहका शिक्षकहरुको लागि तलब व्यवस्थापन प्राथमिक तृतीय करार | जना | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० |
| १५ | आधारभुत तहका शिक्षकहरुको लागि तलब व्यवस्थापन प्राथमिक राहत | जना | २९ | २९ | २९ | २९ | २९ | १४५ | २९० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | आधारभुत तहका शिक्षकहरुको लागि तलब व्यवस्थापन निमावि तृतीय | जना | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० |
| १७ | आधारभुत तहका शिक्षकहरुको लागि तलब र पोशाक खर्च व्यवस्थापन निमावि राहत र करार | जना | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० |
| १८ | महिला शिक्षक सुत्केरी सट्टा शिक्षकको पारिश्रमिक व्यवस्थापन | जना | २ | २ | २ | २ | २ | १० | २० |
| १९ | विद्यालय कर्मचारीको पारिश्रमिक र पोसाक खर्च व्यवस्थापन | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | २५० |
| २० | शिक्षण सिकाइ सामग्री डिजिटल सिकाइ बुक कर्नर व्यवस्थापन का लागि आधारभूत तहको प्रति विद्यार्थी लागत अनुदान कक्षा १–५ | जना | २६०७ | २६५५ | २७०४ | २७५४ | २८०५ | १३५२६ | २७०५२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २१ | शिक्षण सिकाइ सामग्री डिजिटल सिकाइ बुक कर्नर व्यवस्थापन का लागि आधारभूत तहको प्रति विद्यार्थी लागत अनुदान कक्षा ६ –८ | जना | १०५४ | १०७४ | १०९४ | १११४ | ११३५ | ५४७१ | १०९५४ |
| २२ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १–५ | विद्यालय | २० | २० | २० | २० | २० | १०० | २०० |
| २३ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १–८ | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| २४ | छात्रा विद्यार्थीको लागि छात्रवृत्ति | जना | ७८८ | ८०३ | ८१८ | ८३३ | ८४८ | ४०९० | ८१८० |
| २५ | सिमान्तकृत विद्यार्थीको लागि छात्रवृत्ति | जना | ३७५ | ३८२ | ३८९ | ३९६ | ४०३ | १९४६ | ३८९२ |
| २६ | दलित विद्यार्थीको लागि छात्रवृत्ति | जना | ७७० | ७८४ | ७९९ | ८१४ | ८२९ | ३९९६ | ७९९२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २७ | विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयन | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | २३० |

## ग. प्रमुख क्रियाकलापहरू तथा बजेट

तालिका नं. १४

आधारभूत शिक्षा कार्यक्रमका प्रमुख क्रियाकलाप तथा बजेट

| | २. आधारभुत शिक्षा | वर्षगत रूपमा बजेट अनुमान -वित्तिय लक्ष्य (५ वर्ष) रु ००० मा | | | | | | स्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | संघ | प्रदेश | स्थानीय तह | समुदाय र अन्य |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |
| २ | कक्षागत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान | १०० | ० | ० | ० | ० | १०० | ० | ० | १०० | ० |
| ३ | भर्ना अभियान कार्यक्रम सञ्चालन | ७५ | ७५ | ७५ | ७५ | ७५ | ३७५ | ० | ० | ३७५ | ० |
| ४ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइका लागि निरन्तर विद्यार्थी मुल्याङ्कन प्रोटफोलियो व्यवस्थान | ७६७ | ७८१ | ७९६ | ८११ | ८२६ | ३९८१ | ३९८१ | ० | ० | ० |
| ५ | आधारभुत विद्यालयमा सूचना प्रविधिको विस्तार इन्टरनेट | ४०२ | ४०२ | ४०२ | ४०२ | ४०२ | २०१० | १०१० | ० | १००० | ० |
| ६ | आधारभुत विद्यालयमा सूचना प्रविधिको विस्तार ICT lab | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | १५००० | ० | ० | ० |
| ७ | अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ती | ४२ | ४२ | ४२ | ४२ | ४२ | २१० | २१० | ० | ० | ० |
| ८ | निःशुल्क पाठ्यपुस्तक व्यवस्था सार्वजनिक विद्यालय कक्षा १–८ | २३०६ | २३४९ | २३९३ | २४३७ | २४८३ | ११९६९ | ११९६९ | ० | ० | ० |
| ९ | शैक्षिक व्यवस्थापन सूचना प्रणालीको प्रयोग | ५६ | ५६ | ५६ | ५६ | ५६ | २८० | २८० | ० | ० | ० |
| १० | विद्यार्थीहरुको लागि अतिरिक्त क्रियाकलाप सञ्चालन | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १००० | ० | ५०० | ० |
| ११ | उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था गर्ने | २० | २० | २० | २० | २० | १०० | ० | ० | १०० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तहगत | | | | | | | | | |
| १२ | आधारभुत तहका शिक्षकहरुको लागि तलब व्यवस्थापन प्राथमिक द्धितिय | ९७९३ | ९७९३ | ९७९३ | ९७९३ | ९७९३ | ४८९६५ | ४८९६५ | ० | ० | ० |
| १३ | आधारभुत तहका शिक्षकहरुको लागि तलब व्यवस्थापन प्राथमिक तृतीय | १९७०१ | १९७०१ | १९७०१ | १९७०१ | १९७०१ | ९८५०३ | ९८५०३ | ० | ० | ० |
| १४ | आधारभुत तहका शिक्षकहरुको लागि तलब व्यवस्थापन प्राथमिक तृतीय करार | २९८६ | २९८६ | २९८६ | २९८६ | २९८६ | १४९३१ | १४९३१ | ० | ० | ० |
| १५ | आधारभुत तहका शिक्षकहरुको लागि तलब व्यवस्थापन प्राथमिक राहत | १४४३३ | १४४३३ | १४४३३ | १४४३३ | १४४३३ | ७२१६७ | ७२१६७ | ० | ० | ० |
| १६ | आधारभुत तहका शिक्षकहरुको लागि तलब व्यवस्थापन निमावि तृतीय | १४६९० | १४६९० | १४६९० | १४६९० | १४६९० | ७३४४८ | ७३४४८ | ० | ० | ० |
| १७ | आधारभुत तहका शिक्षकहरुको लागि तलब र पोशाक खर्च व्यवस्थापन निमावि राहत र करार | ४१७३ | ४१७३ | ४१७३ | ४१७३ | ४१७३ | २०८६४ | २०८६४ | ० | ० | ० |
| १८ | महिला शिक्षक सुत्केरी सट्टा शिक्षकको पारिश्रमिक व्यवस्थापन | २६३ | २६३ | २६३ | २६३ | २६३ | १३१६ | ० | ० | १३१६ | ० |
| १९ | विद्यालय कर्मचारीको पारिश्रमिक र पोसाक खर्च व्यवस्थापन | ५६९८ | ५६९८ | ५६९८ | ५६९८ | ५६९८ | २८४८८ | २८४८८ | ० | ० | ० |
| २० | शिक्षण सिकाइ सामग्री डिजिटल सिकाइ बुक कर्नर व्यवस्थापन का लागि आधारभूत तहको प्रति विद्यार्थी लागत अनुदान कक्षा १–५ | ३९१ | ३९८ | ४०६ | ४१३ | ४२१ | २०२९ | २०२९ | ० | ० | ० |
| २१ | शिक्षण सिकाइ सामग्री डिजिटल सिकाइ बुक कर्नर व्यवस्थापन का लागि आधारभूत तहको प्रति विद्यार्थी लागत अनुदान कक्षा ६ –८ | २११ | २१५ | २१९ | २२३ | २२७ | १०९४ | १०९४ | ० | ० | ० |
| २२ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १–५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० | ० | ० | ० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १–८ | ६० | ६० | ६० | ६० | ६० | ३०० | ३०० | ० | ० | ० |
| २४ | छात्रा विद्यार्थीको लागि छात्रवृत्ति | ३१५ | ३२१ | ३२७ | ३३३ | ३३९ | १६३६ | १६३६ | ० | ० | ० |
| २५ | सिमान्तकृत विद्यार्थीको लागि छात्रवृत्ति | १८८ | १९१ | १९५ | १९८ | २०२ | ९७३ | ९७३ | ० | ० | ० |
| २६ | दलित विद्यार्थीको लागि छात्रवृत्ति | ३१२ | ३१४ | ३२० | ३२६ | ३३२ | १६०२ | १६०२ | ० | ० | ० |
| २७ | विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयन | ४४ | ४४ | ४४ | ४४ | ४४ | २१८ | २१८ | ० | ० | ० |
| | **जम्मा** | ८०७२४ | ८०७०४ | ८०७८९ | ८०८७५ | ८०९६४ | ४०४०५६ | ४००१६५ | ० | ३८९१ | ० |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाइ माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता रचनात्मकता, अध्ययनशिलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ ।श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९–१२) मा प्राविधिक तथा व्यवसायिकधारको सुरुवात गरिएको छ । यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स. २०७७ वाट प्रारम्भ भएको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखिनै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

### ३.३.२ वर्तमान अवस्था

गढी गाउँपालिकामा माध्यमिक शिक्षा सञ्चालनका लागि ५ वटा सामुदायिक र ७ वटा संस्थागत गरी कुल १२ वटा माध्यमिक विद्यालय रहेका छन्।सामुदायिक विद्यालयमध्ये २ वटा कक्षा १-१० र ३ वटा कक्षा १-१२ सम्म सञ्चालनमा छन् भने संस्थागत विद्यालयमध्ये ६ वटा कक्षा १-१० र १ वटा कक्षा १-१२ सम्म सञ्चालित छन्।माध्यमिक तह (कक्षा ९-१०) मा कुल ७९३ जना विद्यार्थी अध्ययनरत छन्, जसमा ४३५ जना छात्रा र ३५८ जना छात्र रहेका छन्।त्यस्तै कक्षा ११-१२ मा ४०८ जना विद्यार्थी अध्ययनरत छन्।माध्यमिक तह (कक्षा ९-१२) मा छात्राको सहभागिता छात्रभन्दा बढी रहेको देखिन्छ, जसले माध्यमिक शिक्षामा लैङ्गिक समावेशिता सकारात्मक छ।माध्यमिक तहमा पहुँच तथा भर्नाका सूचकहरू हेर्दा कक्षा ९-१० मा खुद भर्ना दर ८३.२ प्रतिशत तथा कूल भर्ना दर ९७.१ प्रतिशत रहेको छ। यसले माध्यमिक तहको प्रारम्भिक चरणमा अधिकांश विद्यालय उमेरका विद्यार्थी शिक्षामा आबद्ध भए पनि सबै विद्यार्थीलाई समेट्न अझै प्रयास आवश्यक रहेको देखाउँछ। कक्षा ९-१२ मा भने खुद भर्ना दर ५१.८ प्रतिशत र कूल भर्ना दर ६०.५ प्रतिशत मात्र रहेकोले माध्यमिक शिक्षाको माथिल्लो तहमा विद्यार्थीको सहभागिता उल्लेखनीय रूपमा घटेको छ । यसले आर्थिक अवस्था, वैदेशिक रोजगारी, पारिवारिक जिम्मेवारी, अध्ययनप्रतिको निरन्तरता तथा उच्च माध्यमिक तहको सीमित पहुँचजस्ता कारणले विद्यार्थी विद्यालय बाहिरिने गरेको संकेत गर्दछ। यद्यपि माध्यमिक तहको लैङ्गिक समता सूचक १.४ रहेकोले छात्राको सहभागिता छात्रको तुलनामा उल्लेखनीय रूपमा बढी रहेको सकारात्मक पक्ष देखिन्छ।माध्यमिक तहमा विद्यार्थी टिकाइ तथा शैक्षिक निरन्तरताका सूचकहरूले पनि मिश्रित अवस्था

प्रस्तुत गरेका छन्। कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये ६८.२ प्रतिशत मात्र कक्षा १० सम्म पुग्ने तथ्यले प्रारम्भिक कक्षादेखि माध्यमिक तहसम्म पुग्ने क्रममा उल्लेख्य संख्यामा विद्यार्थी विभिन्न कारणले विद्यालयबाट बाहिरिने अवस्था रहेको देखाउँछ। कक्षा ९-१० मा कक्षा दोहोर्याउने दर ३.९ प्रतिशत रहेकोले दोहोर्याउने समस्या धेरै ठूलो नभए पनि कक्षा छाड्ने दर १०.३ प्रतिशत उच्च रहेको छ, जुन माध्यमिक शिक्षाको प्रमुख चुनौती हो। त्यस्तै कक्षोन्नति दर ८५.८ प्रतिशत रहेकाले अधिकांश विद्यार्थी माथिल्लो कक्षामा उत्तिर्ण भएता पनि सबै विद्यार्थीले अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सकेका छैनन्।

गढी गाउँपालिकाको माध्यमिक शिक्षामा विद्यालयको उपलब्धता, छात्राको उच्च सहभागिता तथा कक्षा ९-१० मा सन्तोषजनक भर्ना दर सकारात्मक पक्षका रूपमा रहेका छन्। तर कक्षा ११-१२ मा उल्लेखनीय रूपमा घट्दो भर्ना दर, माध्यमिक तहमा उच्च कक्षा छाड्ने दर, कक्षा १० सम्म पुग्ने विद्यार्थीको अपेक्षाकृत कम अनुपात तथा माथिल्लो माध्यमिक तहमा सीमित पहुँच प्रमुख चुनौतीका रूपमा देखिन्छन्। आगामी योजनामा माध्यमिक तहमा विद्यार्थी टिकाइ कार्यक्रम सुदृढ गर्ने, आर्थिक रूपमा कमजोर तथा जोखिममा रहेका विद्यार्थीका लागि छात्रवृत्ति र सहयोग कार्यक्रम विस्तार गर्ने, करियर परामर्श तथा जीवनोपयोगी सीपमा आधारित शिक्षा प्रवर्द्धन गर्ने, विद्यालय अभिभावक समन्वय सुदृढ गर्ने तथा माध्यमिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्न शिक्षक क्षमता विकास, सूचना प्रविधिमा आधारित शिक्षण र नियमित सिकाइ मूल्याङ्कनलाई प्रभावकारी बनाउने रणनीति अवलम्बन गर्न आवश्यक देखिन्छ।

### ३.३.३ उद्देश्य

**क)** माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।

**ख)** माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

**ग)** विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु ।

### ३.३.४ रणनीतिहरू

क) विद्यालयहरूको नक्साङ्कन तथा संरचनागत सुधार गरी पूर्ण माध्यमिक संरचनामा रूपान्तरण गर्ने

ख) सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा आवश्यकता अनुसार स्थापना गर्ने ।

ग) निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने ।

घ) माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने ।

ङ) विपन्न तथा लक्षित समूहका लागि छात्रवृत्ति र विशेष अनुदानको व्यवस्था गर्ने ।

च) विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।

छ) वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने।

ज) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने ।

झ) माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने ।

ञ) शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने ।

ट) शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रम सञ्चालन गर्ने ।

ठ) शिक्षण-सिकाइ पद्धतिमा सुधार गर्ने ।

ड) हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने।

ढ) स्मार्ट बोर्ड, इन्टरनेट तथा श्रव्य-दृश्य सामग्रीको प्रयोग विस्तार गर्ने।

ण) विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीप्रति उत्थानशील बनाउने।

त) विज्ञान विषय अध्ययनका लागि आवश्यक पूर्वाधारसहितको व्यवस्था गर्ने।

थ) छानिएका विद्यालयलाई अङ्ग्रेजी माध्यमबाट नमूना विद्यालयका रूपमा विकास गर्ने

द) यौन शिक्षा, आत्मरक्षा तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने

ध) सदाचार, अनुशासन र समाजसेवा समेटिएको नैतिक शिक्षा कार्यक्रम लागू गर्ने

न) सफल व्यक्तिहरूसँग अन्तरक्रिया तथा प्रेरणादायी कार्यक्रम सञ्चालन गर्ने

ऩ) सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने

प) आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही प्रणाली विकास गर्ने

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### *क. अपेक्षित उपलब्धि*

- माध्यमिक शिक्षामा सबै बालबालिकाका लागि पहुँच सुनिश्चित भएको हुनेछ ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता तथा गुणस्तरमा उल्लेखनीय सुधार भएको हुनेछ ।
- सबै बालबालिकाले निःशुल्क माध्यमिक शिक्षा प्राप्त गर्ने अवसर पाएका हुनेछन्
- माध्यमिक तहको खुद भर्ना तथा टिकाउ दरमा वृद्धि भएकोहुनेछ।
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेको हुनेछ ।

#### *ख. प्रमुख क्रियाकलाप तथा लक्ष्य निर्धारण*

तालिका नं. १५

माध्यमिक शिक्षा कार्यक्रमका प्रमुख क्रियाकलाप तथा लक्ष्य

| | | | | |
|---|---|---|---|---|
| ३ | माध्यमिक शिक्षा | | भौतिक लक्ष्य (५ वर्ष) | भौतिक लक्ष्य |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षकहरुको लागि तलब व्यवस्थापन ( प्रथम श्रेणी ) | जना | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षकहरुको लागि तलब व्यवस्थापन ( द्वितिय श्रेणी ) | जना | २ | २ | २ | २ | २ | १० | २० |
| ३ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षकहरुको लागि तलब व्यवस्थापन ( तृतीय श्रेणी ) | जना | १२ | १२ | १२ | १२ | १२ | ६० | १२० |
| ४ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षकहरुको लागि तलब व्यवस्थापन राहत | जना | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| ५ | उच्च माध्यमिक तहका कक्षा ११- १२ का लागि शिक्षक अनुदान तलब भत्ता | जना | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| ६ | विद्यालय सहायक (लेखा कर्मचारी) व्यवस्थापन अनुदान / पोसाक खर्च (कक्षा १-१२) | जना | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| ७ | विद्यालय सहायक (लेखा कर्मचारी) व्यवस्थापन (न पा थप अनुदान (कक्षा १-१२)) | जना | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| ८ | विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालन खर्च | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| ९ | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ९-१०) | जना | ५४३ | ५५३ | ५६३ | ५७४ | ५८५ | २८१८ | ५६३६ |
| १० | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ११-१२) | जना | १५८ | १६१ | १६४ | १६७ | १७० | ८२० | १६४० |
| ११ | (कक्षा ९-१०) मा अध्ययनरत विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान | जना | ५४३ | ५५३ | ५६३ | ५७४ | ५८५ | २८१८ | ५६३६ |
| १२ | (कक्षा ११-१२) मा अध्ययनरत विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान | जना | १५८ | १६१ | १६४ | १६७ | १७० | ८२० | १६४० |
| १३ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१० | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० |
| १४ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१२ | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, सामाजिक तथा आर्थिक लेखा परीक्षण तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि अनुदान | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| १६ | छानिएका विद्यालयलाई अङ्ग्रेजी माध्यममा नमूना विद्यालयका रूपमा विकास गर्ने | विद्यालय | ० | १ | १ | १ | १ | ४ | ८ |
| १७ | शैक्षिक उपलब्धि न्यून भएका सामुदायिक विद्यालयका लागि अभिभावक सचेतनामूलक कार्यक्रम | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| १८ | पालिकास्तरीय विज्ञान/गणित प्रदर्शनी कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १९ | विशेष अवसरमा पालिकास्तरीय वादविवाद, हाजिरी जवाफ निबन्ध र कविता लेखन र | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २० | यौन शिक्षा, आत्मरक्षा तथा मनोसामाजिक परामर्श कार्यक्रम | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० |
| २१ | सफल व्यक्तिहरूसँग अन्तरक्रिया र प्रेरणादायी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २२ | अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ती कक्षा ९--१२ | जना | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| २३ | विपन्न लक्षित छात्रवृत्ती PMT कक्षा ६--१२ | जना | ५० | १०० | १०० | १०० | १०० | ४५० | ९०० |
| २४ | विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| २५ | विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयन | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| २६ | उत्कृष्ट शिक्षक पुरस्कार व्यवस्था गर्ने | जना | २ | २ | २ | २ | २ | १० | २० |
| २७ | योगा तथा शारीरिक अभ्यास कार्यक्रम | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० |
| २८ | मोबाइल र जकपफुडको लतबाट जोगाउन अभिभावक-विद्यार्थी सचेतना कार्यक्रम | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० |
| २९ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

*ग. प्रमुख क्रियाकलापहरू तथा बजेट*

तालिका नं. १६

माध्यमिक शिक्षा कार्यक्रमका प्रमुख क्रियाकलाप तथा बजेट

| बजेट अनुमान | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **३** | **माध्यमिक शिक्षा** | **वित्तिय लक्ष्य (५ वर्ष) रु ००० मा** | | | | | | **स्रोत आँकलन** | | | |
| **क्र.स.** | **प्रमुख क्रियाकलाप** | **२०८३** | **२०८४** | **२०८५** | **२०८६** | **२०८७** | **जम्मा** | **संघ** | **प्रदेश** | **स्थानीय तह** | **समुदाय र अन्य** |
| १ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षकहरुको लागि तलब व्यवस्थापन (प्रथम श्रेणी ) | ९५२ | ९५२ | ९५२ | ९५२ | ९५२ | ४७५८ | ४७५८ | ० | ० | ० |
| २ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षकहरुको लागि तलब व्यवस्थापन (द्धितिय श्रेणी ) | १९०३ | १९०३ | १९०३ | १९०३ | १९०३ | ९५१५ | ९५१५ | ० | ० | ० |
| ३ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षकहरुको लागि तलब व्यवस्थापन ( तृतीय श्रेणी ) | १०३२७ | १०३२७ | १०३२७ | १०३२७ | १०३२७ | ५१६३६ | ५१६३६ | ० | ० | ० |
| ४ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षकहरुको लागि तलब व्यवस्थापन राहत | २५५२ | २५५२ | २५५२ | २५५२ | २५५२ | १२७६० | १२७६० | ० | ० | ० |
| ५ | उच्च माध्यमिक तहका कक्षा ११- १२ का लागि शिक्षक अनुदान तलब भत्ता | २८१४ | २५४२ | २५४२ | २५४२ | २५४२ | १२९८२ | १२९८२ | ० | ० | ० |
| ६ | विद्यालय सहायक (लेखा कर्मचारी) व्यवस्थापन अनुदान / पोसाक खर्च (कक्षा १-१२) | ११५४ | ११५४ | ११५४ | ११५४ | ११५४ | ५७७० | ५७७० | ० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालय सहायक (लेखा कर्मचारी) व्यवस्थापन (न पा थप अनुदान (कक्षा १-१२)) | ३६४ | ३६४ | ३६४ | ३६४ | ३६४ | १८२० | ० | ० | १८२० | ० |
| ८ | विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालन खर्च | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | ० | ० | ० |
| ९ | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ९-१०) | १०९ | १११ | ११३ | ११५ | ११७ | ५६४ | ५६४ | ० | ० | ० |
| १० | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ११-१२) | ४० | ४० | ४१ | ४२ | ४३ | २०५ | २०५ | ० | | ० |
| ११ | (कक्षा ९-१०) मा अध्ययनरत विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान | ४६० | ४६८ | ४७७ | ४८६ | ४९५ | २३८७ | २३८७ | ० | ० | ० |
| १२ | (कक्षा ११-१२) मा अध्ययनरत विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान | १३४ | ९४ | ९६ | ९८ | १०० | ५२१ | ५२१ | ० | ० | ० |
| १३ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१० | ५० | ५० | ५० | ५० | २५० | ४५० | ४५० | ० | ० | ० |
| १४ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१२ | ९० | ९० | ९० | ९० | ९० | ४५० | ४५० | ० | ० | ० |
| १५ | विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, सामाजिक तथा आर्थिक लेखा परीक्षण तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि अनुदान | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | ० | ० | ० |
| १६ | छानिएका विद्यालयलाई अङ्ग्रेजी माध्यममा नमूना विद्यालयका रूपमा विकास गर्ने | ० | १००० | १००० | १००० | १००० | ४००० | ० | ० | २००० | २००० |
| १७ | शैक्षिक उपलब्धि न्यून भएका सामुदायिक विद्यालयका लागि अभिभावक सचेतनामूलक कार्यक्रम | २०० | २०० | २०० | २०० | २०० | १००० | ० | ० | १००० | ० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | पालिकास्तरीय विज्ञान/गणित प्रदर्शनी कार्यक्रम | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ० | ० | २००० | ० |
| १९ | विशेष अवसरमा पालिकास्तरीय वादविवाद, हाजिरी जवाफ निबन्ध र कविता लेखन र वक्तृत्वकला सङ्गित तथा नृत्य प्रतियोगिता (सबै प्रकार/तहका विद्यालय ) | २०० | २०० | २०० | २०० | २०० | १००० | ० | ० | १००० | ० |
| २० | यौन शिक्षा, आत्मरक्षा तथा मनोसामाजिक परामर्श कार्यक्रम | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| २१ | सफल व्यक्तिहरूसँग अन्तरक्रिया र प्रेरणादायी कार्यक्रम सञ्चालन | २० | २० | २० | २० | २० | १०० | ० | ० | १०० | ० |
| २२ | अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ती कक्षा ९--१२ | ९ | ९ | ९ | ९ | ९ | ४५ | ४५ | ० | ० | ० |
| २३ | विपन्न लक्षित छात्रवृत्ती PMT कक्षा ६--१२ | १२ | ३०० | ३०० | ३०० | ३०० | १२१२ | १२१२ | ० | ० | ० |
| २४ | विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | ६०५ | ६०५ | ६०५ | ६०५ | ६०५ | ३०२५ | ३०२५ | ० | ० | ० |
| २५ | विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयन | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | ० | ० | ० |
| २६ | उत्कृष्ट शिक्षक पुरस्कार व्यवस्था गर्ने | ६ | ६ | ६ | ६ | ६ | ३० | ० | ० | ३० | ० |
| २७ | योगा तथा शारीरिक अभ्यास कार्यक्रम | २५ | २५ | २५ | २५ | २५ | १२५ | ० | ० | १२५ | ० |
| २८ | मोबाइल र जकपफुडको लतबाट जोगाउन अभिभावक-विद्यार्थी सचेतना कार्यक्रम | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| २९ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० | ० | २००० | ० |
| | **जम्मा** | २३३२५ | २४३१२ | २४३२५ | २४३३९ | २४५५३ | १२०८५४ | १०८२७९ | ० | १०५७५ | २००० |

## ३.५ अनौपचारिक शिक्षा तथा आजिवन सिकाई

### ३.५.१ परिचय

शिक्षा मानव जीवनमा जिवनपर्यान्त निरन्तर चलिरहने एक प्रक्रिया हो । औपचारिक शिक्षा पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समुहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो। यो एउटा शिक्षाको आजिवन निरन्तर प्रक्रिया पनि हो। औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाका प्रदान गर्न जीवनप्रयन्त अर्थात आजीवन सिकाई प्रणालीले कार्य गर्दछ ।अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी गरि निर्णय कार्यान्वयन गर्दछन। आफ्नो सिकाई जीवन पद्धतिसंग जोडिएको यस प्रकारको शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समुहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता तथा साक्षरका लागि साक्षरोत्तर सिकाई अवसरका लागि स्तरबृद्धि गर्दै शिक्षासंग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि यस्तो शिक्षाले काम गर्दछ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न यसप्रकारको शिक्षा प्रणालीले समेत योगदान गर्दछ। विभिन्न सिकाई अवस्थाको आधारमा थप सिकाई अवसरको निर्माण गरी आजीवन सिकाई संस्कृतिको विकास गर्न आवश्यक छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याइ अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाई संस्कृतिका विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने नीति निर्धारण गरेको छ ।

### ३.५.२ वर्तमान अवस्था

साक्षरता व्यक्तिको जीवन, समाज र राष्ट्र विकासको आधारशिला हो। साक्षर व्यक्तिले पढ्न, लेख्न र आधारभूत गणना गर्न सक्ने क्षमताको विकास गर्नुका साथै सूचना तथा सञ्चारसँग जोडिएर आधुनिक जीवनमा सक्रिय सहभागिता जनाउन सक्छ। साक्षरताले मानिसलाई अधिकार, कर्तव्य र अवसरबारे सचेत बनाउँदै सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा प्रभावकारी सहभागिता सुनिश्चित गर्दछ। साथै, साक्षरताले गरिबी न्यूनीकरण, स्वास्थ्य सुधार, लैङ्गिक समानता प्रवर्द्धन तथा समग्र मानव विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। त्यसैले दिगो विकास र समुन्नत समाज निर्माणका लागि साक्षरता अनिवार्य आधार हो।

राष्ट्रिय जनगणना २०७८ (२०२१) अनुसार गढी गाउँपालिकाको कुल जनसंख्या ३८,७३९ रहेको छ भने कुल साक्षरता दर ७०.८% रहेको छ। यस गाउँपालिकामा लैंगिक आधारमा साक्षरताको खाडल अझै पनि स्पष्ट देखिन्छ, जहाँ पुरुष साक्षरता दर ७८.८% र महिला साक्षरता दर ६३.०% मात्र रहेको

छ। वडागत रूपमा गाउँपालिकाको जनसंख्या र साक्षरताको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. १७

गढी गाउँपालिकाको वडागत जनसंख्या र साक्षरताको अवस्था

| वडा नं. | कुल जनसंख्या | साक्षरता दर (%) | साक्षर संख्या | निरक्षर संख्या |
|---|---|---|---|---|
| १ | ७,७०५ | ७६.२% | ५,८७१ | १,८३४ |
| २ | ९,३०६ | ७४.०% | ६,८८६ | २,४२० |
| ३ | ५,२७७ | ७५.०% | ३,९५८ | १,३१९ |
| ४ | ५,४४९ | ६६.८% | ३,६४० | १,८०९ |
| ५ | ५,१९६ | ६२.४% | ३,२४२ | १,९५४ |
| ६ | ५,८०६ | ६५.५% | ३,८०३ | २,००३ |
| कूल | ३८,७३९ | ७०.८% | २७,४०० | ११,३३९ |

वडा नं. १ मा सबैभन्दा बढी ७६.२% साक्षरता दर रहेको छ। वडा नं. ५ मा साक्षरता दर सबैभन्दा कम (६२.४%) रहेको छ, जसका कारण झन्डै २ हजार (१,९५४ जना) नागरिक अझै निरक्षर छन्।सबैभन्दा बढी निरक्षर संख्या भएको वडा नं. २ मा जनसंख्या धेरै (९,३०६) भएका कारण सबैभन्दा बढी २,४२० जना निरक्षर व्यक्तिहरू रहेका छन्।गाउँपालिका भित्र अझै पनि ११,३३९ जना (२९.२%) नागरिकहरू पूर्ण रूपमा निरक्षर छन्, जुन शैक्षिक विकासका लागि ठूलो चुनौती हो।

गढी गाउँपालिकामा साक्षरता प्रतिशत क्रमश सकारात्मक दिशातर्फ उन्मुख भए पनि गुणात्मक र पूर्ण साक्षरता हासिल गर्ने मार्गमा समस्याहरू रहेका छन् । पुरुष (७८.८%) र महिला (६३.०%) को साक्षरता दरमा १५.८% को ठूलो अन्तर छ। ग्रामीण क्षेत्रमा अझै पनि छोरीहरूको शिक्षामा कम लगानी गर्ने र सानै उमेरमा विवाह गरिदिने प्रवृत्ति पूर्ण रूपमा अन्त्य हुन सकेको छैन।वडागत साक्षरतामा असन्तुलन छ । वडा नं. १, २ र ३ को तुलनामा वडा नं. ४, ५ र ६ साक्षरताक हिसावले पछाडि परेका छन्। विशेष गरी वडा नं. ५ र ६ मा साक्षरता दर ६५% भन्दा कम हुनुले स्रोत र चेतनाको असमान वितरणलाई देखाउँछ।प्रौढ र सीमान्तकृत समूहमा निरक्षरता रहेकोछ । कुल ११,३३९ निरक्षर जनशक्तिमध्ये अधिकांश पाको उमेरका समूह, दलित तथा पिछडिएका अल्पसंख्यक समुदायका रहेका छन ।विद्यालय जाने उमेर नाघिसकेका निरक्षरहरू (विशेष गरी वडा नं. २ र ५ लाई प्राथमिकतामा राखेर) का लागि 'कार्यमुलक अनौपचारिक साक्षरता कक्षा' सञ्चालन गर्न आवश्यक छ । महिला साक्षरता बढाउन र लैंगिक खाडल पुर्नका लागि विपन्न, दलित र सीमान्तकृत परिवारका छात्राहरूलाई विशेष छात्रवृत्ति वितरण तथा स्टेशनरी सामग्री सहयोग गरी विद्यालयमा टिकाइराख्ने नीति

लिने र  वडागत साक्षरता दर कम भएका वडा नं. ४, ५ र ६ का लागि गाउँपालिकाले विशेष शैक्षिक सुधार प्याकेज घोषणा गरी विद्यालयहरूको भौतिक तथा प्राविधिक पूर्वाधारमा लगानी बढाउनुपर्छ। विद्यालय जाने उमेरका (प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मका) शतप्रतिशत बालबालिका विद्यालय भर्ना भएको सुनिश्चित गर्नका लागि प्रत्येक शैक्षिक सत्रको सुरुमा "विद्यार्थी भर्ना तथा विद्यालय स्वागत अभियान" लाई कडाइका साथ लागू गर्न आवश्यकछ ।

### ३.५.३ उद्देश्य

क) अनौपचारिक शिक्षा एवम् आजीवन सिकाइको माध्मबाट जीवनोपयोगी, सीपमुलक र निरन्तर सिकाइका कार्यक्रम विस्तार गर्नु।

ख) सामुदायिक सिकाई केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्नु ।

ग) औपचारिक, अनौपचारिक तथा अरितिक माध्यमबाट प्राप्त ज्ञान, सिपको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्नु ।

घ) पालिकालाई पूर्ण साक्षर पालिकाको रुपमा स्थापित गर्नु ।

### ३.५.४ रणनीतिहरू

क) घरधुरी सर्वेक्षण गरी साक्षर तथा निरक्षर जनसंख्याको पहिचान र अभिलेखीकरण गर्ने ।

ख) औपचारिक शिक्षाबाट वञ्चित सबै उमेर समूहलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने ।

ग) सामुदायिक सिकाइ केन्द्र वडागतरुपमा क्रमशः स्थापना  गर्ने ।

घ) सामुदायिक सिकाइ केन्द्रलाई बहुउद्देश्यीय केन्द्रका रूपमा विकास गर्दै विद्युतीय पुस्तकालय, सूचना केन्द्र तथा अन्य सेवा विस्तार गर्ने ।

ङ) "एक वडा एक पुस्तकालय" अवधारणा क्रमश कार्यान्वयन गरी पालिकास्तरीय पुस्तकालय सञ्जाल निर्माण गर्ने।

च) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी डिजिटल सिकाइ पहुँच बढाउने ।

छ) प्रौढ साक्षरता, साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रम समुदायको सहकार्यमा सञ्चालन गर्ने।

ज) संघीय, प्रदेश सरकार तथा अन्य संघसंस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम विस्तार गर्ने।

झ) नवसाक्षर महिला तथा पुरुषलाई आयआर्जन र सीपमुलक कार्यक्रमसँग जोडेर आत्मनिर्भर बनाउने।

ञ) नागरिकहरूको आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुल र भाषिक विविधताअनुसार सामग्री विकास तथा प्रयोग गर्ने ।

ट) खुला, वैकल्पिक, परम्परागत विद्यालय तथा मदरसा सुदृढीकरण गर्ने।

ठ) सामुदायिक सिकाइ केन्द्रमार्फत सांस्कृतिक सम्पदाको संरक्षण, अभिलेखीकरण र प्रवर्द्धन गर्ने।

ड) सरोकारवालाको समन्वयमा साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने।

ढ) समुदायमा रहेका परम्परागत ज्ञान तथा सीपहरुको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्ने।

ण) अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र अभिलेखीकरण प्रणाली सुदृढ गर्ने।

त) सामुदायिक सिकाइ केन्द्रमार्फत आयआर्जन तथा सीपमुलक कार्यक्रम सञ्चालन गर्ने।

थ) गाउँपालिकालाई पूर्ण साक्षर तथा शिक्षित पालिका घोषणा गर्ने लक्ष्यसहित चरणबद्ध कार्ययोजना कार्यान्वयन गर्ने।

## ३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

*क. अपेक्षित उपलब्धिः*

- पालिकाको साक्षरतादर बृद्धि भएको हुनेछ ।
- सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यान्त सिकाइको अवसर प्राप्त भएको हुनेछ।
- पालिकामाका वडाहरुमा र पालिकामा व्यवस्थित पुस्तकालय सञ्चालन भएको हुनेछ ।

*ख. प्रमुख क्रियाकलाप तथा लक्ष्य*

तालिका नं. १८

अनौपचारिक शिक्षा एवम् आजीवन सिकाइ कार्यक्रमका प्रमुख क्रियाकलाप तथा लक्ष्य

| भौतिक लक्ष्य (५ वर्ष) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | बर्षगत भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | जम्मा |
| १ | परम्परागत धार्मिक विद्यालय अनुदान | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| २ | सामुदायिक सिकाइ केन्द्रको अनुदान | केन्द्र | ० | १ | १ | १ | १ | ४ | ८ |
| ३ | सामुदायिक सिकाइ केन्द्रमार्फत सीप विकास र आयआर्जन कार्यक्रम सञ्चालन | केन्द्र | ० | १ | १ | १ | १ | ४ | ८ |
| ४ | घरधुरी सर्वेक्षणको आधारमा निरक्षर व्यक्तिको तथ्यांक सङ्कलन | पटक | ० | १ | ० | ० | ० | १ | २ |
| ५ | महिला तथा प्रौढहरुलाई साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइ कार्यक्रम सञ्चालन ३ महिना | जना | २० | २० | २० | २० | २० | १०० | २०० |
| ६ | प्रौढहरुलाई सीप विकास तालीम र आय आर्जनका कार्यक्रम सञ्चालन | जना | २० | २० | २० | २० | २० | १०० | २०० |
| ७ | समुदायको सहकार्यमा वडा सामुदायिक पुस्तकालय स्थापना तथा सञ्चालन | वटा | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | निरक्षरहरुका लागि साक्षरता कक्षा सञ्चालन कार्यक्रम प्रतिवडा बार्षिक३ | कक्षा | ६० | ६० | ६० | ६० | ६० | ३०० | ६०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | युवाहरूलाई लागूपदार्थ र दुर्व्यसनबाट जोगाउन सचेतनामूलक कार्यक्रम | कक्षा | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| १० | सार्वजनिक पुस्तकालय स्तरोन्नति कार्यक्रम | वटा | ० | १ | १ | १ | १ | ४ | ८ |
| ११ | समुदायमा किशोर–किशोरीको यौन शिक्षा, आत्मरक्षा र मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने | वडा | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० |

## *ग. प्रमुख क्रियाकलापहरू तथा बजेटः*

तालिका नं. १९

अनौपचारिक शिक्षा एवम् आजीवन सिकाइ कार्यक्रमका प्रमुख क्रियाकलाप तथा बजेट

| ५ | अनौपचारिक शिक्षा एवम् आजीवन सिकाइ | वर्षगत वित्तिय लक्ष्य (५ वर्ष) रु ००० मा | | | | | | स्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क. स. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | संघ | प्रदेश | स्थानीय तह | समुदाय रअन्य |
| १ | परम्परागत धार्मिक विद्यालय अनुदान | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० | १६५०० | १६५०० | ० | ० | ० |
| २ | सामुदायिक सिकाइ केन्द्रको अनुदान | ० | ३०० | ३०० | ३०० | ३०० | १२०० | १२०० | ० | ० | ० |
| ३ | सामुदायिक सिकाइ केन्द्रमार्फत सीप विकास र आयआर्जन कार्यक्रम सञ्चालन गर्ने | ० | २०० | २०० | २०० | २०० | ८०० | ४०० | ० | ४०० | ० |
| ४ | घरधुरी सर्वेक्षणको आधारमा निरक्षर व्यक्तिको तथ्यांक सङ्कलन | ० | ३०० | ० | ० | ० | ३०० | ० | ० | ३०० | ० |
| ५ | महिला तथा प्रौढहरुलाई साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइ कार्यक्रम सञ्चालन ३ महिना | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | ० | ० | १५००० | ० |
| ६ | प्रौढहरुलाई सीप विकास तालीम र आय आर्जनका कार्यक्रम सञ्चालन | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | ० | ० | २०००० | ० |
| ७ | समुदायको सहकार्यमा वडा सामुदायिक पुस्तकालय स्थापना तथा सञ्चालन | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ३०० | २०० |
| ८ | निरक्षरहरुका लागि साक्षरता कक्षा सञ्चालन कार्यक्रम प्रतिवडा बार्षिक३ वटाकक्षा | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० | ३०००० | ० | ० | ० |
| ९ | युवाहरूलाई लागूपदार्थ र दुर्व्यसनबाट जोगाउन सचेतनामूलक कार्यक्रम | २५० | २५० | २५० | २५० | २५० | १२५० | १२५० | ० | ० | ० |
| १० | सार्वजनिक पुस्तकालय स्तरोन्नति कार्यक्रम | ० | १० | १० | १० | १० | ४० | ० | ० | ४० | ० |
| ११ | समुदायमा किशोर–किशोरीको यौन शिक्षा, आत्मरक्षा र मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ० | ० | ३००० | ० |
| | जम्मा | १७२५० | १८०६० | १७७६० | १७७६० | १७७६० | ८८५९० | ४९३५० | ० | ३९०४० | २०० |

# परिच्छेद ४

# अन्तरसम्बन्धित विषय क्षेत्रहरु

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१ परिचय

नेपालमा विद्यमान संविधान, राष्ट्रिय शिक्षा नीति, शिक्षा ऐन तथा सम्बन्धित नियम निर्देशनले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने प्रमुख माध्यमका रूपमा लिएको छ। यी कानुनी प्रावधानअनुसार पाठ्यक्रमले विद्यार्थीको सैद्धान्तिक ज्ञानसँगै व्यवहारिक, जीवनोपयोगी सीप विकास गर्न लक्षित छ भने मूल्याङ्कन प्रणालीले सिकाइ उपलब्धि, दक्षता र सिकाइ प्रक्रियामा प्रगतिको मापन गर्दै विद्यार्थीको पूर्ण मूल्याङ्कन गर्न सुनिश्चित गर्दछ। यसले शिक्षक र विद्यालयलाई पनि जिम्मेवार बनाउँदै शिक्षा प्रणालीमा पारदर्शिता, समावेशिता र गुणस्तरीय सुधारको वातावरण सिर्जना गर्ने कार्य गर्दछ।

नेपालमा वि.सं.२०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक जगहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यकम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरू गरियो । यसै क्रममा वि.सं.२०७६ सालमा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरू गरिएको र वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १ देखि १२ सम्म यो पाठ्यक्रम कार्यान्वयन गरिएको छ ।राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ।

### ४.१.२ वर्तमान अवस्था

गढी गाउँपालिकामा हाल पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने माध्यमका रूपमा विकास गर्ने प्रयास भइरहेको छ। विद्यालयहरूमा स्थानीय आवश्यकता, भाषा, कला, संस्कृति, र सिप समेटिएको स्थानीय पाठ्यक्रम हाल पूर्ण रूपमा लागू नभएको अवस्थालाई गाउँपालिकाले कमजोरीका रूपमा स्वीकार गरेको छ। यसलाई सुधार गर्न गाउँपालिका स्थानीय पाठ्यक्रम विकास गरी लागू गर्ने लक्ष्य राखेको छ, जसले विद्यार्थीको जीवनोपयोगी सीप, नैतिक शिक्षा, अनुशासन र समाजसेवा जस्ता विशेष पाठ्यक्रमसँग जोडिनेछ।

मूल्याङ्कन र परीक्षा प्रणालीमा परम्परागत, केवल सैद्धान्तिक मूल्याङ्कनमा निर्भर अभ्यासलाई सुधार गर्दै वैज्ञानिक, व्यवस्थित र नतिजामुखी बनाउने प्रयास भइरहेको छ। आधारभूत र माध्यमिक तहका प्रत्येक कक्षा र विषयका लागि सिकाइ उपलब्धि मापन गर्ने सूचकहरू विकास गर्ने रणनीति लिइएको छ। शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षाको परिणामसँग जोड्ने, अपाङ्गता भएका बालबालिकाका लागि विशेष मूल्याङ्कन गर्ने, तथा प्रयोगात्मक अभ्यास र इन्टर्नसिपसमेत मूल्याङ्कनमा समावेश गर्ने व्यवस्था विकास भइरहेको छ।

गाउँपालिकाले मूल्याङ्कन र अनुगमनलाई चुस्त बनाउन स्थानीय संयन्त्र निर्माण गर्ने र भविष्यमा माध्यमिक तहसम्मको आन्तरिक परीक्षा स्थानीय तहबाट सञ्चालन गर्न पूर्वाधार र जनशक्ति तयार गर्ने लक्ष्य राखेको छ। यसरी, गढी गाउँपालिकाले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई स्थानीय परिवेश अनुकूल, समावेशी, गुणस्तरीय र नतिजामुखी बनाउन अग्रसर रहेको देखिन्छ।

### ४.१.३ उद्देश्य

क) विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।

ख) स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु।

ग) पाठ्यक्रमले तोके बमोजिम विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नु।

### ४.१.४ रणनीतिहरू

क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने,

ख) पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गर्ने,

ग) पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरुको पेसागत सक्षमता अभिवृद्धि गर्ने,

घ) विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

ङ) शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने,

च) विभिन्न विधिहरुको माध्यमबाट शिक्षकको पेसागत सक्षमता विकास गर्ने,

छ) सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,

ज) विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने,

झ) सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने,

ञ) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,

ट) स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,

ठ) विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने,

ड) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास एवमं कार्यान्यन गर्ने,

ढ) स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने।

## ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### *क. अपेक्षित उपलब्धिः*

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार भएको हुनेछ।

### *ख. प्रमुख क्रियाकलाप र लक्ष्य*

तालिका नं. २०

पाठ्यक्रम र मूल्याङ्कन कार्यक्रमका प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क. स. | प्रमुख क्रियाकलाप | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य इकाइ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको अभिमुखीकरण संस्थागत समेत सबै विद्यालय | जना | ० | २१ | २१ | ० | ० | ४२ | ८४ |
| २ | स्थानिय पाठ्यक्रम र पाठ्यपुस्तक लेखन र छपाइ कक्षा १- ८ | विद्यार्थी | ० | ३७२९ | ३७९८ | ३८६९ | ३९४१ | १५३३७ | ३०६७४ |
| ३ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तैः पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामाग्रीको उपलब्धता | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | स्थानीय पाठ्यक्रम परिमार्जन तथा कार्यान्वयन | पटक | ० | ० | ० | १ | ० | १ | २ |
| ५ | पाठ्यक्रम कार्यान्वयन सम्बन्धी शिक्षक क्षमता अभिवृद्धि तालीम सञ्चालन | जना | २० | २० | २० | २० | २० | १०० | २०० |
| ६ | सिकाइ क्षमता कमजोर भएका विद्यार्थीहरूका अभिभावकहरूका लागि परामर्श तथा अभिभावक सचेतनामूलक कार्यक्रम | विद्यालय | २४ | २४ | २४ | २४ | २४ | १२० | २४० |
| ७ | निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) प्रभावकारी कार्यान्वयन कक्षा १ | जना | ७५३ | ७६७ | ७८१ | ७९६ | ८११ | ३९०८ | ७८१६ |
| ८ | कक्षा अवलोकन तथा शैक्षिक पृष्ठपोषण प्रणाली सुदृढीकरण (विज्ञ समुह मार्फत) | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| ९ | परीक्षा नतिजा विश्लेषण गरी सुधारात्मक कार्ययोजना कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | विद्यालयतहका परीक्षा अनुगमन र निरीक्षण (त्रैमासिक, अर्धवार्षीक र वार्षिक ) | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| ११ | राष्ट्रिय परीक्षा बोर्डबाट विकास गरिएको कक्षा ८ को परीक्षा सञ्चालन सम्बन्धी मार्गदर्शन समेतका आधारमा परीक्षा सञ्चालन तथा विद्यार्थी मूल्याङ्कन | विद्यार्थी | ३२७ | ३३३ | ३३९ | ३४६ | ३५२ | १६९७ | ३३९४ |

## *ग. प्रमुख क्रियाकलाप र बजेट*

तालिका नं. २१

पाठ्यक्रम र मूल्याङ्कन कार्यक्रमका प्रमुख क्रियाकलाप तथा बजेट

| क्र. स. | प्रमुख क्रियाकलाप | वित्तिय लक्ष्य (५ वर्ष) रु ००० मा | | | | | | स्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | संघ | प्रदेश | स्थानीय तह | समुदाय |
| १ | विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको अभिमुखीकरण संस्थागत समेत सबै विद्यालय | ० | १०० | १०० | ० | ० | २०० | २०० | ० | ० | ० |
| २ | स्थानिय पाठ्यक्रम र पाठ्यपुस्तक लेखन र छपाइ कक्षा १- ८ | ० | ७४६ | ७६० | ७७४ | ७८८ | ३०६७ | २१४७ | ० | ९२० | ० |
| ३ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तैः पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामाग्रीको उपलब्धता | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| ४ | स्थानीय पाठ्यक्रम परिमार्जन तथा कार्यान्वयन | ० | ० | ० | ३०० | ० | ३०० | ३०० | ० | ० | ० |
| ५ | पाठ्यक्रम कार्यान्वयन सम्बन्धी शिक्षक क्षमता अभिवृद्धि तालीम सञ्चालन | १४० | १४० | १४० | १४० | १४० | ७०० | ७०० | ० | ० | ० |
| ६ | सिकाइ क्षमता कमजोर भएका विद्यार्थीहरूका अभिभावकहरूका लागि परामर्श तथा अभिभावक सचेतनामूलक कार्यक्रम | १२० | १२० | १२० | १२० | १२० | ६०० | ० | ० | ६०० | ० |
| ७ | निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) प्रभावकारी कार्यान्वयन कक्षा १ | ७५ | ७७ | ७८ | ८० | ८१ | ३९१ | ३९१ | ० | ० | ० |
| ८ | कक्षा अवलोकन तथा शैक्षिक पृष्ठपोषण प्रणाली सुदृढीकरण (विज्ञ समुह मार्फत) | २५० | २५० | २५० | २५० | २५० | १२५० | १२५० | ० | ० | ० |
| ९ | परीक्षा नतिजा विश्लेषण गरी सुधारात्मक कार्ययोजना कार्यान्वयन | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |
| १० | विद्यालयतहका परीक्षा अनुगमन र निरीक्षण (त्रैमासिक, अर्धवार्षीक र वार्षिक ) | ६० | ६० | ६० | ६० | ६० | ३०० | ० | ० | ३०० | ० |
| ११ | राष्ट्रिय परीक्षा बोर्डबाट विकास गरिएको कक्षा ८ को परीक्षा सञ्चालन सम्बन्धी मार्गदर्शन समेतका आधारमा परीक्षा सञ्चालन तथा विद्यार्थी मूल्याङ्कन | २९४ | ३०० | ३०५ | ३११ | ३१७ | १५२७ | ५०९ | ० | १०१८ | ० |
| | **जम्मा** | १०९० | १९४२ | १९६३ | २१८४ | १९०६ | ९०८६ | ५४९७ | ० | ३५८८ | ० |

# ४.२ शिक्षक व्यवस्थापन र विकास

## ४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारमा शिक्षक व्यवस्थापन र विकासको भूमिका निर्णायक हुन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, प्रेरित, समर्पित र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुनु आवश्यक छ। शिक्षकको विषयगत ज्ञान, शिक्षण सिकाइमा दक्षता र नमुना व्यवहारले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। यसका लागि शिक्षकको पेसागत विकास सुनिश्चित गर्दै विद्यालयमा प्रभावकारी शिक्षक व्यवस्थापन गर्न आवश्यक छ। प्राथमिक तहमा शिक्षक-विद्यार्थी अनुपात विद्यार्थी सङ्ख्याको आधारमा, र माध्यमिक तहमा विषयगत मापदण्डअनुसार कायम गरिएको छ।

शिक्षकको पेशागत विकासका  लागि विभिन्न क्रियाकलापमा शिक्षाकहरुको सहभागिता र सक्रियताको आवश्यता पर्दछ जस्तैः कार्यमूलक अनुसन्धान, घटना अध्ययन, पुस्तक विवेचन, शैक्षिक जर्नल, अनुसन्धानात्मक कार्य, खोजमूलक लेख,सेमिनारमा कार्यपत्र तयारी र प्रस्तुति, कार्यशालामा सहभागी, गोष्ठि सञ्चालन, पेशागत सहयोग पुग्ने अनुभवहरूको सञ्जालो,विभिन्न पत्रपत्रिका (राष्ट्रिय तथा स्थानीय),भित्ते पत्रिका, स्मारिका, बुलेटिन आदिका प्रकाशित सामग्रीहरू, विशिष्टीकरण तालिका अनुसार प्रश्नपत्र निर्माण र सञ्जालो,उत्तरकुञ्जीका तयार गरी उत्तरपुस्तिका परीक्षण र सञ्जालो,परीक्षाफल विश्लेषण र सञ्जालो, उद्देश्यमूलक शैक्षिक भ्रमण र त्यसको अभिलेख,विभिन्न योजना निर्माणमा सहभागी, सामाजिक वा सामुदायिक कार्यमा सहभागी, शिक्षकको क्षमता अभिवृद्धि, तालिम, कार्यशाला, अवलोकन भ्रमण, मेन्टरिङ तथा प्रविधिको प्रयोग आदि यस्ता क्रियाकलाप मार्फत शिक्षक पेसालाई रोजाइको पेशा बनाउने प्रयास वनाउन आवश्यक छ। यसरी शिक्षक व्यवस्थापन र विकासले शिक्षाको गुणस्तर वृद्धि गर्न, शिक्षकलाई जिम्मेवार बनाउने र कक्षाकोठामा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ प्रवाह सुनिश्चित गर्ने लक्ष्य राखिएको छ।

## ४.२.२ वर्तमान अवस्थाः

गढी गाउँपालिकाभित्रका केहि विद्यालयहरूमा विषयगत शिक्षकहरूको दरबन्दी पर्याप्त नभएको देखिन्छ। विद्यार्थी संख्यासँग अनुपात मिलाएर शिक्षक दरबन्दीको पुनर्वितरण र व्यवस्थापन गर्न अहिले टड्कारो आवश्यकता छ। त्यस्तै, हाल कार्यरत शिक्षक तथा शिक्षिकाहरूका लागि नवीनतम् शिक्षण पद्धति, सूचना प्रविधि र बाल मनोविज्ञानसँग सम्बन्धित नियमित र गुणात्मक तालिमको अभाव रहेको छ। शिक्षकहरूको निरन्तर पेशागत विकासलाई अझ नतिजामुखी र नियमित बनाउन आवश्यक छ। साथै, शिक्षा क्षेत्रमा हुने व्यवस्थापन समिति गठनको विवाद र करार शिक्षक नियुक्ति विवादले शैक्षिक गुणस्तरमा ह्रास हुने र शिक्षक व्यवस्थापनलाई जटिल बनाउने हुन्छ । शिक्षकहरूको कार्यसम्पादनलाई

विद्यार्थीको सिकाइ उपलब्धिसँग वैज्ञानिक रूपमा जोड्ने संयन्त्रको कमी भएको छ, जसले शिक्षकलाई थप जिम्मेवार, उत्तरदायी र नतिजामुखी बन्ने आवश्यकता देखाउँछ। गाउँपालिकामा दक्ष र तालिमप्राप्त शिक्षकहरूको आपूर्ति पर्याप्त छैन भने प्रधानाध्यापकहरूको छनोट प्रक्रियामा पनि योग्यता र क्षमतामाथि आधारित सुधार आवश्यक छ। यी चुनौतीहरूको समाधानका लागि गाउँपालिका शिक्षक दरबन्दी मिलान, कार्यसम्पादनमा आधारित पुरस्कार तथा प्रोत्साहन, र नियमित पुनर्ताजगी तालिमको माध्यमबाट दीर्घकालीन रणनीतिहरू लागू गर्दै आएको छ।

## ४.२.३ उद्देश्य

क) विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,

ख) विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,

ग) सवै प्रकारका विद्यालयका शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,

## ४.२.४ रणनीतिहरू

क) विद्यार्थी संख्यासँग अनुपात मिलाएर तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र आवश्यक अनुसार पुनर्वितरण गर्ने।

ख) रिक्त शिक्षक दरबन्दीमा पालिकाबाट प्रचलित ऐन नियम बमोजिम शिक्षक व्यवस्थापन गर्ने।

ग) दक्ष र तालिमप्राप्त शिक्षकको आपूर्ति सुनिश्चित गर्न करार शिक्षक नियुक्ति प्रक्रिया पारदर्शी बनाउने।

घ) सवै प्रकारका विद्यालयका शिक्षकहरूको नियमित पेशागत विकासका लागि तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण र मेन्टरिङको व्यवस्था गर्ने।

ङ) शिक्षकलाई ICT उपकरण, स्मार्ट बोर्ड र डिजिटल शिक्षण विधि प्रयोगमा प्रशिक्षित गर्ने।

च) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक र अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग उपलब्ध गराउने।

छ) शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र मूल्याङ्कनसँग जोडेर वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गर्ने।

ज) उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई पुरस्कार र प्रोत्साहन कार्यक्रममार्फत प्रेरित गर्ने।

झ) शिक्षकको कक्षामा उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने।

ञ) प्रधानाध्यापकलाई नेतृत्व, विद्यालय व्यवस्थापन, लेखा तथा संसाधन व्यवस्थापनमा तालिम प्रदान गर्ने।

ट) शिक्षक तथा प्रधानाध्यापकको पेशागत विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकास गर्ने।

ठ) नियुक्ति र पदस्थापन प्रक्रियामा योग्यता र अनुभवमा आधारित हुने प्रकृया सुनिश्चित गर्ने।

ड) कार्ययोजना, शैक्षिक योग्यता र अनुभवको आधारमा प्रधानाध्यापकको छनौट गर्ने।

ढ) नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउने।

ण) शिक्षकले कक्षा कोठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापक जिम्मेवार वनाउने ।

त) शिक्षक व्यवस्थापन र विकासको प्रभावकारितालाई समय समयमा अनुगमन गरी सुधारात्मक कदम चाल्ने।

## ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

*क. अपेक्षित उपलब्धिः*

१ विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन हुनेछ,

२ विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ,

३ शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता भएको हुनेछ ।

*ख. प्रमुख क्रियाकलापहरू तथा भौतिक लक्ष्यः*

तालिका नं. २२

शिक्षक व्यवस्थापन र विकास कार्यक्रमका प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | नगर शिक्षा समिति तथा अन्य शिक्षा सम्वन्धी समितिहरुको बैठक | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| २ | पालिका स्तरमा शैक्षिक क्रियाकलाप सम्बन्धी प्र.अ. हरुको समन्वय बैठक | पटक | १० | १० | १० | १० | १० | ५० | १०० |
| ३ | विद्यालयहरुमा भएका असल अभ्यासको अवलोकन भ्रमण तथा अन्तरक्रिया कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | शिक्षक कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा | जना | २ | २ | २ | २ | २ | १० | २० |
| ५ | शिक्षक क्षमता विकास कार्यक्रमः ५ दिने विषयगत तालीम आधारभूत र माध्यमिक तह दुई दुई समूह | जना | ८० | ८० | ८० | ८० | ८० | ४०० | ८०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | शिक्षक सहयता सुपरिवेक्षणको लागि विज्ञ समूह परिचालन | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| ७ | आवश्यकताका आधारमा शिक्षक पेशागत सहयोग तालीम सञ्चालन गर्ने | जना | २० | २० | २० | २० | २० | १०० | २०० |
| ८ | शिक्षक तालीम ( पुनर्ताजगी, शैक्षिक सामग्री निर्माण, ICT र मूल्याङ्कन) | जना | २० | २० | २० | २० | २० | १०० | २०० |
| ९ | शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण | पटक | ० | १ | ० | ० | ० | १ | २ |
| १० | शिक्षकको पेशागत क्षमता विकासका लागि कार्यशाला, तालीम, अवलोकन भ्रमण, क्लस्टर बैठक र अनलाइन फोरम सञ्चालन गर्ने | जना | २० | २० | २० | २० | २० | १०० | २०० |
| ११ | पालिकाले प्र.अ. र प्र.अ. ले शिक्षकहरूसँग करार सम्झौता मार्फत सिकाइ उपलव्धीमा सुधार ल्याउने | पटक | १ | १ | १ | १ | १ | १ | २ |
| १२ | कक्षा १ देखी ३ सम्म पठनसीप विकास तालीमको व्यवस्था (सार्वजनिक विद्यालय) | जना | २८ | २८ | २८ | ० | ० | ८४ | १६४ |
| १३ | एकीकृत पाठ्यक्रममा पठन तत्व तथा एकीकृत ढाँचासम्बन्धी पुर्नताजगी तालीमको व्यवस्था | जना | २० | २० | २० | २० | २० | १०० | २०० |
| १४ | IEMIS सम्बन्धी काम गर्ने शिक्षक/कर्मचारीको क्षमता विकास तालीम संस्थागत समेत | जना | ४२ | ४२ | ४२ | ४२ | ४२ | २१० | ४२० |
| १५ | सामुदायिक विद्यालय र मदरसा समेत प्र.अ. भत्ता व्यवस्थापन | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | १४० | २८० |

## ग. प्रमुख क्रियाकलाप र बजेट

### तालिका नं. २३

### शिक्षक व्यवस्थापन र विकास कार्यक्रमका प्रमुख क्रियाकलाप तथा बजेट

| क्र. स. | प्रमुख क्रियाकलाप | वित्तिय लक्ष्य (५ वर्ष) रु ००० मा | | | | | | स्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | संघ | प्रदेश | स्थानीय तह | समुदाय र अन्य |
| १ | पालिका शिक्षा समिति तथा अन्य शिक्षा सम्वन्धी समितिहरुको बैठक | १२५ | १२५ | १२५ | १२५ | १२५ | ६२५ | ० | ० | ६२५ | ० |
| २ | पालिका स्तरमा शैक्षिक क्रियाकलाप सम्बन्धी प्र.अ. हरुको समन्वय बैठक | २०० | २०० | २०० | २०० | २०० | १००० | ० | ० | १००० | ० |
| ३ | विद्यालयहरुमा भएका असल अभ्यासको अवलोकन भ्रमण तथा अन्तरक्रिया कार्यक्रम | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ० | ० | १५०० | ० |
| ४ | शिक्षक कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |
| ५ | शिक्षक क्षमता विकास कार्यक्रमः ५ दिने विषयगत तालीम आधारभूत र माध्यमिक तह दुई दुई समूह | ५६० | ५६० | ५६० | ५६० | ५६० | २८०० | २८०० | ० | ० | ० |
| ६ | शिक्षक सहयता सुपरिवेक्षणको लागि विज्ञ समूह परिचालन | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ० | ० | २००० | ० |
| ७ | आवश्यकताका आधारमा शिक्षक पेशागत सहयोग तालीम सञ्चालन गर्ने | २०० | २०० | २०० | २०० | २०० | १००० | ० | ० | १००० | ० |
| ८ | शिक्षक तालीम ( पुनर्ताजगी, शैक्षिक सामग्री निर्माण, ICT र मूल्याङ्कन) | २०० | २०० | २०० | २०० | २०० | १००० | ० | ० | १००० | ० |
| ९ | शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण | ० | १०० | ० | ० | ० | १०० | ० | ० | १०० | ० |
| १० | शिक्षकको पेशागत क्षमता विकासका लागि कार्यशाला, तालीम, अवलोकन भ्रमण, क्लस्टर बैठक र अनलाइन फोरम सञ्चालन गर्ने | १४० | १४० | १४० | १४० | १४० | ७०० | ७०० | ० | ० | ० |
| ११ | पालिकाले प्र.अ. र प्र.अ. ले शिक्षकहरूसँग करार सम्झौता मार्फत सिकाइ उपलब्धीमा सुधार ल्याउने | २५ | २५ | २५ | २५ | २५ | १२५ | ० | ० | १२५ | ० |
| १२ | कक्षा १ देखी ३ सम्म पठनसीप विकास तालीमको ब्यवस्था (सार्वजनिक विद्यालय) | ३०० | ३०० | ३०० | ० | ० | ९०० | ९०० | ० | ० | ० |
| १३ | एकीकृत पाठ्यक्रममा पठन तत्व तथा एकीकृत ढाँचासम्बन्धी पुर्नताजगी तालीमको ब्यवस्था | ० | ० | ३०० | ० | ० | ३०० | ३०० | ० | ० | ० |
| १४ | IEMIS सम्बन्धी काम गर्ने शिक्षक/कर्मचारीको क्षमता विकास तालीम संस्थागत समेत | १६८ | १६८ | १६८ | १६८ | १६८ | ८४० | ० | ० | ८४० | ० |
| १५ | सामुदायिक विद्यालय र मदरसा समेत प्र.अ. भत्ता व्यवस्थापन | ३३६ | ३३६ | ३३६ | ३३६ | ३३६ | १६८० | १६८० | ० | ० | ० |
| | **जम्मा** | ३०५४ | ३१५४ | ३३५४ | २७५४ | २७५४ | १५०७० | ६३८० | ० | ८६९० | ० |

## ४.३ समता र समावेशीकरण

### ४.३.१ परिचय

समता  र समावेशीकरण नेपाली शिक्षा क्षेत्रका दुई अत्यन्तै महत्त्वपूर्ण र अन्तरसम्बन्धित अवधारणाहरू हुन्। समता भनेको "आवश्यकताका आधारमा न्यायोचित व्यवहार वा अवसर प्रदान गर्नु" हो। यसले समानता भन्दा फरक ढङ्गले काम गर्छ। समानताले सबैलाई एकैनासको स्रोत वा अवसर दिन्छ, तर समताले जसलाई जे आवश्यकता छ, त्यही उपलब्ध गराउँछ। समावेशीकरण भनेको "सबैलाई समेट्ने र अपनत्व महसुस गराउने प्रक्रिया" हो। यसको अर्थ जाति, लिङ्ग, धर्म, भाषा, अपाङ्गता वा भौगोलिक अवस्था जस्ता कुनै पनि आधारमा कसैलाई पनि पाखा नलगाई समाज वा शिक्षाको मूल प्रवाहमा सहभागी गराउनु हो। शिक्षाको सन्दर्भमा, विद्यालयको वातावरण यस्तो बनाउनु जहाँ हरेक विद्यार्थीले सुरक्षित, सम्मानित र स्वीकृत महसुस गरोस्, नै समावेशीकरण हो। नेपाल जस्तो बहुभाषिक, बहुसांस्कृतिक र भौगोलिक विविधता भएको देशमा शिक्षामा समता र समावेशीकरण अपरिहार्य छ। शिक्षा पाउनु हरेक बालबालिकाको मौलिक अधिकार हो। समता र समावेशीकरणले आर्थिक रूपमा विपन्न दलित अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई पनि शिक्षाको पहुँचमा ल्याएर उनीहरूको अधिकार सुरक्षित गर्छ। सबै बालबालिकाको पारिवारिक र सामाजिक पृष्ठभूमि एउटै हुँदैन। कसैलाई भाषाको समस्या हुन सक्छ, कसैलाई शारीरिक अपाङ्गता हुन सक्छ। शिक्षामा समता ल्याउँदा ती बाधाहरूलाई हटाएर सबैलाई सिक्ने र अगाडि बढ्ने समान अवसर मिल्छ। जब विद्यालयमा समावेशी वातावरण हुन्छ' जस्तै मातृभाषामा शिक्षा, अपाङ्गमैत्री पूर्वाधार, र विभेदरहित व्यवहार'तब बालबालिकाहरू विद्यालयमा टिकिरहन्छन् र बीचमै पढाइ छोड्ने समस्या कम हुन्छ। विद्यालय समाजको ऐना हो। जब फरक-फरक पृष्ठभूमि, क्षमता र संस्कृतिका बालबालिकाहरू एउटै कक्षाकोठामा सँगै बसेर सिक्छन्, उनीहरूमा एकअर्काप्रतिको सम्मान, सहिष्णुता र सामाजिक सद्भावको विकास हुन्छ। कुनै पनि देश तबसम्म पूर्ण रूपमा विकास हुन सक्दैन जबसम्म त्यसको आधा जनसंख्या वा सीमान्तकृत वर्ग पछाडि पर्छ। समावेशी शिक्षाले हरेक नागरिकभित्र लुकेको प्रतिभालाई प्रस्फुटन हुने मौका दिन्छ, जसले देशको समग्र विकासमा योगदान पुऱ्याउँछ। शिक्षालाई वास्तविक रूपमा न्यायपूर्ण र प्रभावकारी बनाउन यी दुवै तत्त्व अनिवार्य छन्। त्यसैले शिक्षा क्षेत्रमा समता र समावेशीकरण विशेष रूपमा महत्वपूर्ण छन्।

समावेशी शिक्षा प्रणालीले सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्दछ। विद्यालयले विद्यार्थीहरूको विविध आवश्यकता अनुसार पाठ्यक्रम, शिक्षण विधि, मूल्याङ्कन र भौतिक वातावरण अनुकूल बनाउँछ। यसले विशेष आवश्यकता भएका, अपाङ्गता भएका, भाषिक वा सांस्कृतिक रूपमा फरक पृष्ठभूमिका तथा वञ्चित समुदायका बालबालिकालाई शिक्षा प्रणालीमा समावेश गर्न मद्दत गर्दछ। समता र समावेशीकरणको प्रभावकारी कार्यान्वयनले सामाजिक न्याय, समान अवसर, मानव

अधिकारको संरक्षण र दिगो विकासलाई प्रवर्द्धन गर्दछ। यसले समाजमा रहेका विभेद र असमानता कम गर्दै सबै नागरिकलाई समान रूपमा सम्मानजनक र सक्रिय जीवन जीउने अवसर प्रदान गर्दछ। त्यसैले, समता र समावेशीकरणलाई नीति, योजना र कार्यक्रमहरूको मुख्य आधारका रूपमा ग्रहण गर्नु आवश्यक हुन्छ।

### ४.३.२ वर्तमान अवस्था

गढी गाउँपालिकाले शिक्षा तथा सामाजिक सेवामा समता र समावेशीकरणलाई प्राथमिकता दिँदै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। गाउँपालिकामा हाल २४ वटा सामुदायिक विद्यालय ४वटा परम्परातगत धार्मिक विद्यालय मदर्सा र १५ वटा संस्थागत विद्यालय रहेका छन्, जसमा ८८१५ जना विद्यार्थी अध्ययनरत छन्। तीमध्ये छात्राको संख्या ४३९९जना रहेकोछ अर्थात् ४९.९ प्रतिशत रहेको छ भने दलित विद्यार्थीहरु जम्मा १७३५ रहेकाछन जसमध्ये समादयिक विद्यालयमा कक्षा १-१२मा १५०४ संस्थागतमा २४८ र मदर्सामा ३ जना रहेकाछन् । अपाङ्गता भएका विद्यार्थीहरु सामुदायिक विद्यालयमा कक्षा १-१२ मा १५ जना र संस्थागत विद्यालयमा २ जना रहेकाछन् ।गाउँपालिकाले आर्थिक रूपमा कमजोर तथा वञ्चित समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको छ।

समग्रमा हेर्दा, गढी गाउँपालिकाले समता र समावेशीकरणलाई संस्थागत गर्न प्रयास गरे पनि सबै समुदाय र समूहसम्म सेवाको समान पहुँच सुनिश्चित गर्न थप तथ्यमा आधारित योजना, लक्षित कार्यक्रम तथा प्रभावकारी अनुगमन आवश्यक देखिन्छ।

**प्रमुख समस्या तथा चुनौतीहरू**

१. दलित बालबालिका तथा विद्यार्थीहरूको संस्थागत शिक्षामा न्यून पहुँच हुनु।

२. आधारभूत तहबाट माध्यमिक तहमा पुग्दा दलित विद्यार्थीहरूको सहभागिता घट्दै जानु।

३. अपाङ्गता भएका बालबालिकाको पहिचान तथा अभिलेखीकरण कमजोर हुनु।

४. विद्यालयहरूमा अपाङ्गमैत्री भौतिक संरचना तथा सिकाइ सामग्रीको अभाव हुनु।

५. समावेशी शिक्षासम्बन्धी शिक्षकको क्षमता पर्याप्त नहुनु।

६. आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले सीमान्तकृत समूहको शैक्षिक निरन्तरतामा चुनौती हुनु।

७. छात्रवृत्ति तथा लक्षित सहयोग कार्यक्रमको प्रभावकारी अनुगमनको अभाव हुनु।

८. समता तथा समावेशीकरणसम्बन्धी तथ्याङ्क व्यवस्थापन प्रणाली पर्याप्त सुदृढ नहुनु।

### ४.३.३ उद्देश्यः

क शिक्षामा सबै बालबालिका र समुदायको समान पहुँच सुनिश्चित गर्दै विशेषगरी वञ्चित, सीमान्तकृत तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता वृद्धि गर्ने ।

ख जात, लिङ्ग, भाषा, आर्थिक अवस्था, अपाङ्गताको अवस्थाका कारण हुने विभेदलाई न्यूनीकरण गर्दै समावेशी, सुरक्षित र समान अवसरयुक्त वातावरण निर्माण गर्ने।

ग प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म जात, लिङ्ग, आर्थिक अवस्था, अपाङ्गता, भाषा तथा सामाजिक पृष्ठभूमिका आधारमा कुनै पनि प्रकारको विभेद हुन नदिई शिक्षामा समान अवसर सुनिश्चित गर्ने।

घ विद्यालयका भौतिक संरचना, शिक्षण सिकाइ सामग्री तथा शिक्षण पद्धतिलाई अपाङ्गता तथा विशेष आवश्यकता भएका बालबालिकामैत्री बनाउने।

ङ विद्यालयमा सबै समुदायका विद्यार्थीका लागि सुरक्षित, विभेदरहित र सम्मानजनक सिकाइ वातावरण सुनिश्चित गर्ने।

## ४.३.४ रणनीतिहरू

क विद्यालयमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्न शिक्षक, विद्यार्थी तथा अभिभावक लगायत सबै सरोकारवालाहरूलाई नियमित अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

ख विद्यालयका सबै शैक्षिक तथा अतिरिक्त गतिविधिहरूमा बालबालिकाको समावेशी तथा समान सहभागिता सुनिश्चित गर्ने ।

ग विद्यालयमा विशेषगरी छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन वा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने ।

घ प्रत्येक विद्यालयमा गुनासो पेटिका राखी विद्यार्थी तथा सरोकारवालाहरूका गुनासो सङ्कलन र समाधानको व्यवस्था गर्ने ।

ङ सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरू (शौचालय, र्याम्प, सुरक्षित कक्षा कोठा आदि) निर्माण तथा सुधार गर्ने ।

च घरधुरी सर्वेक्षणमार्फत बालबालिकासम्बन्धी आवश्यक विवरण सङ्कलन गरी तथ्याङ्क अद्यावधिक गर्ने र सोही आधारमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने ।

छ साधारण विद्यालयमा भर्ना भएर अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाका लागि स्रोत कक्षा वा आवश्यक सहयोगी सेवा उपलब्ध गराउने ।

ज समावेशी र समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित विद्यार्थीहरूका लागि आवश्यक छात्रवृत्ति तथा अन्य सहयोग कार्यक्रम उपलब्ध गराउने ।

झ विभेद, हिंसा तथा हेपाइ न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम, अनुगमन, निरीक्षण तथा आवश्यक अनुसन्धान सञ्चालन गर्ने र विभेद गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउने ।

ञ विद्यालयका भौतिक संरचना, शिक्षण सिकाइ सामग्री तथा शिक्षण पद्धतिलाई अपाङ्गता तथा विशेष आवश्यकता भएका बालबालिकामैत्री बनाउने।

ट विद्यालय शिक्षामा जात, लिङ्ग, आर्थिक अवस्था, अपाङ्गता, भाषा तथा सामाजिक पृष्ठभूमिका आधारमा

कुनै पनि प्रकारको विभेद नहुने अवस्था सुनिश्चित गर्ने।

## ४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

*क. अपेक्षित उपलब्धिः*

१. सबै बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित भएको हुनेछ।

२. दलित, अपाङ्गता भएका, विपन्न तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाको भर्ना, सहभागिता र सिकाइ निरन्तरतामा उल्लेखनीय वृद्धि भएको हुनेछ।

३. विद्यालयहरू अपाङ्गमैत्री, बालमैत्री तथा समावेशी सिकाइ वातावरणयुक्त बनेका हुनेछन्।

४. विद्यालयमा लैङ्गिक समानता, सामाजिक सद्भाव र विभेदरहित शैक्षिक वातावरण स्थापित भएको हुनेछ।

५. समता तथा समावेशीकरणमा आधारित योजना, तथ्याङ्क व्यवस्थापन र अनुगमन प्रणाली सुदृढ भएको हुनेछ।

*ख. प्रमुख क्रियाकलाप र लक्ष्य*

तालिका नं. २४

शिक्षामा समता र समावेशीकरण कार्यक्रमका प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | लिडर विद्यालयमा अपाङ्गमैत्री संरचना निर्माण र कक्षा सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको व्यबस्था र क्षमता विकास | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | १४० | २८० |
| ३ | अपाङ्गता भएका बालबालिकाका लागि आवश्यक सहायक सामग्री (Assistive Devices) उपलब्ध गराउने | जना | १० | १० | १० | १० | १० | ५० | १०० |
| ४ | किशोरीमैत्री विद्यालय कार्यक्रम सञ्चालन गर्ने (महिनावारी व्यवस्थापन सुरक्षित कोठा) | विद्यालय | १ | १ | २ | २ | १ | ७ | १४ |
| ५ | लैङ्गिक हिंसा तथा दुर्व्यवहार विरुद्ध सचेतना तथा उजुरी संयन्त्र स्थापना गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | बहुभाषिक तथा मातृभाषामा प्रारम्भिक कक्षा शिक्षण व्यवस्था गर्ने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान र पुनःभर्ना कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | २ |
| ८ | बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचानका (Disability Screening) कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | स्थानीय तहमा GESI सम्पर्क व्यक्ति वा डेस्क स्थापना गरी समन्वय प्रणाली विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

### ग. प्रमुख क्रियाकलाप र बजेट

तालिका नं. २५

शिक्षामा समता र समावेशीकरण कार्यक्रमका प्रमुख क्रियाकलाप तथा बजेट

| ८ | शिक्षामा समता र समावेशीता | वित्तिय लक्ष्य (५ वर्ष) रु ००० मा | | | | | | स्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | संघ | प्रदेश | स्थानीय तह | समुदाय र अन्य |
| १ | लिडर विद्यालयमा अपाङ्गमैत्री संरचना निर्माण र कक्षा सञ्चालन | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० | ० | ० | ० |
| २ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको व्यबस्था र क्षमता विकास | २८ | २८ | २८ | २८ | २८ | १४० | ० | ० | १४० | ० |
| ३ | अपाङ्गता भएका बालबालिकाका लागि आवश्यक सहायक सामग्री (Assistive Devices) उपलब्ध गराउने | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० | ० | ० | ० |
| ४ | किशोरीमैत्री विद्यालय कार्यक्रम सञ्चालन गर्ने (महिनावारी व्यवस्थापन सुरक्षित कोठा) | १३७५ | १३७५ | २७५० | २७५० | १३७५ | ९६२५ | ९६२५ | ० | ० | ० |
| ५ | लैङ्गिक हिंसा तथा दुर्व्यवहार विरुद्ध सचेतना तथा उजुरी संयन्त्र स्थापना गर्ने | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | ० | ० | ० |
| ६ | बहुभाषिक तथा मातृभाषामा प्रारम्भिक कक्षा शिक्षण व्यवस्था गर्ने | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० | ० | ० | ० |
| ७ | विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान र पुनःभर्ना कार्यक्रम सञ्चालन गर्ने | १५० | १५० | १५० | १५० | १५० | ७५० | ७५० | ० | ० | ० |
| ८ | बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचानका (Disability Screening) कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |
| ९ | स्थानीय तहमा GESI सम्पर्क व्यक्ति वा डेस्क स्थापना गरी समन्वय प्रणाली विकास गर्ने | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| | जम्मा | ३२५३ | ३२५३ | ४६२८ | ४६२८ | ३२५३ | १९०१५ | १८१२५ | ० | ८९० | ० |

## ४.४ विद्यालय पोषण र स्वास्थ्य सरसफाई कार्यक्रम

### ४.४.१ परिचय

विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम विद्यालय उमेरका बालबालिकाको समग्र विकास, नियमित उपस्थिती र सिकाइ उपलब्धि सुधार गर्न सञ्चालन गरिने महत्वपूर्ण कार्यक्रम हो। यस कार्यक्रम अन्तर्गत विद्यालयमा अध्ययनरत बालबालिकालाई पोषणयुक्त दिवाखाजा उपलब्ध गराउने, स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने, व्यक्तिगत तथा वातावरणीय सरसफाइका व्यवहारहरू प्रवर्द्धन गर्ने तथा विद्यालयमा सुरक्षित र स्वच्छ वातावरण निर्माण गर्ने कार्यहरू गरिन्छन्। यसले बालबालिकाको स्वास्थ्य अवस्था सुधार गर्न, कुपोषण न्यूनीकरण गर्न तथा विद्यालयमा नियमित उपस्थिति र सक्रिय सहभागिता बढाउन महत्वपूर्ण योगदान पुऱ्याउँछ। साथै, विद्यालय, अभिभावक र समुदायको सहकार्यमा स्वास्थ्य, पोषण र सरसफाइसम्बन्धी सकारात्मक व्यवहार विकास गर्न पनि यस कार्यक्रमले सहयोग गर्दछ।यस कार्यक्रमका लागि संघ प्रदेश र स्थानिय सरकारहरुले विभिन्न कार्यक्रमहरुमा भूमिका निर्वाह गरिरहेकाछन् ।

### ४.४.२ बर्तमान अवस्था

गढी गाउँपालिकाले बालबालिकाको स्वास्थ्य, पोषण र समग्र विकास सुनिश्चित गर्न विद्यालय स्तरमा विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। नेपाल सरकारको आर्थिक अनुदान सहयोगमा पालिकाका सवै सामुदायिक विद्यालयहरूमा बालविकास देखि कक्षा ५ सम्मको दिवाखाजा रहेको छ ।यस कार्यक्रमबाट विशेषगरी आर्थिक अवस्था कमजोर परिवारका विद्यार्थीहरू लाभान्वित भएका छन्। यी कार्यक्रमहरूले बालबालिकाको स्वास्थ्य सुधार, कुपोषण न्यूनीकरण, नियमित उपस्थिती र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पुऱ्याउँदै समता र समावेशीकरणलाई प्रवर्द्धन गर्ने महत्वपूर्ण भूमिका खेलेका छन्। सामुदायिक विद्यालयहरूमा दिवा खाजा कार्यक्रम सञ्चालनम रहेको भए पनि गढी गाउँपालिकाका विद्यालयहरूमा खाजा बनाउने, भण्डारण गर्ने र बालबालिकाहरूले सफा वातावरणमा खाने छुट्टै 'चेमेना कक्ष वा कोठा' को वर्तमान अवस्था निकै कमजोर छ। हाल विद्यालयहरुमा व्यवस्थित चेमेना कक्षको संख्या शून्यप्रायः छ भने भएका संरचनाहरूमध्ये ६ वटा कोठा/भान्सा सुविधाहरूलाई तत्काल मर्मत सम्भार र स्तरोन्नति गर्नुपर्ने अवस्था छ। बालबालिकाहरूलाई स्वास्थ्यकर र सुरक्षित रूपमा दिवा खाजा वितरण गर्न गाउँपालिका भरिका विद्यालयहरूमा चेमेना कक्ष (कोठा) व्यवस्थापन गर्नुपर्ने र खाजामा गुणस्तर भए नभएको मापन गर्ने प्रणालिको विकास गर्न आवश्यकता देखिएको छ।

**ख विद्यालय स्वास्थ्य सरसफाई व्यवस्थापन**

सामुदायिक विद्यालयमा विद्यार्थी स्वास्थ्य परिक्षण र प्राथमिक उपचार तथा स्वस्थ्य परामर्शका लगि प्रदेश सरकारको सहयोगमा श्री माध्यमिक बिद्यालय , गढी ३ छिटाहा मा विद्यालय नर्सिङ कार्यक्रम

अन्तर्गत १ जना नर्सको व्यवस्थापन भएकाले सो विद्यालयमा विद्यार्थीको नियमित स्वस्थ समस्यको व्यवस्थापन हुने गरेकोछ ।अन्य विद्यालयहरुमा पनि विद्यालय नर्सिङ कार्यक्रम आवश्यक देखिएकोछ । गाउँपालिकाका सबै माध्यमिक तथा केही आधारभूत विद्यालयमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण भइसकेको छ र बाँकी विद्यालयमा निर्माण गर्न जरुरी छ।

कक्षा ६-१२ सम्म अध्ययनरत छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन सुनिश्चित गर्न निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिएको छ। विद्यालयमा प्राथमिक उपचार सामाग्रीको बाकस राखिएको छ र बालिकाहरूका लागि आइरन चक्की वितरण गरी पोषण सुधारमा सहयोग पुऱ्याइएको छ। विद्यालयहरूमा स्वच्छ र सुरक्षित खानेपानीको विद्यमान अवस्था १० विद्यालयहरूमा मात्र सुरक्षित देखिन्छ। गाउँपालिकाभरिका विद्यालयहरूमा कुल ३१ वटा खानेपानीका संरचनाहरू (धारा, मर्मत तथा फिल्टर जडान आदि) मर्मत सम्भार गर्नुपर्ने जिर्ण अवस्थामा छन् भने सुरक्षित पानी १५ विद्यालयमा नयाँपूर्वाधारहरू गर्नुपर्ने आवश्यकता छ।

विद्यार्थी तथा शिक्षकहरूका लागि शौचालयको विद्यमान संरचना संख्या ५८ रहेको छ। सरसफाइ र मर्मतको अभावका कारण यसमध्ये ३६ वटा शौचालय तत्काल मर्मत सम्भार तथा पुनर्निर्माण गर्नुपर्ने अवस्थामा पुगेका छन्। थप ४ वटा नयाँ आधुनिक शौचालय अविलम्ब निर्माण गर्नुपर्ने आवश्यकता छ।महिनावारी स्वच्छता व्यवस्थापन अन्तर्गत छात्राहरूका लागि सेनेटरी प्याड वितरण, गोपनीयता र चेन्जिङ रुमको अवस्था सबैभन्दा कमजोर देखिन्छ, जहाँ धेरैजसो विद्यालयमा अभाव छ। पालिकाभरि जम्मा १९ वटा यस्ता कक्ष वा सुविधाहरू मर्मत सम्भार गर्नुपर्ने अवस्थामा छन् भने छात्राहरूलाई महिनावारीका बेला पनि विद्यालयमा टिकाइराख्न ९ वटा नयाँ चेन्जिङ रुम तथा प्याड व्यवस्थापन इकाईहरू नयाँ निर्माण गर्नुपर्ने देखिन्छ

### ४.४.३ उद्देश्यहरु

क) बालबालिकाहरुलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

ख) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाई उपलब्धीमा सुधार गर्नु

### ४.४.४ रणनीतिहरू

क) सबै सामुदायिक र संस्थागत विद्यालयमा बालविकासदेखि कक्षा ५ सम्म पोषिलो र ताजा दिवाखाजा उपलब्ध गराउने।

ख) विद्यालय भान्सा, भण्डार, भान्सामा प्रयोग हुने भाँडावर्तन र सामाग्री सुधार्ने, समूहमा हात धुने सुविधा विस्तार गर्ने।

ग) पर्याप्त पानी, साबुन, सफाइ सामाग्री, अलग-अलग शौचालय र युरिनल, किशोरीका लागि चेन्ज रुम, कक्षा र परिसर सरसफाइ सुनिश्चित गर्ने।

घ) प्राथमिक उपचार किट वितरण, बालबालिकाको स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व वितरण नियमित गर्ने।

ङ) विद्यार्थी, शिक्षक र अभिभावकलाई पोषण, स्वास्थ्य, स्वच्छता र महिनावारी व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

च) अपाङ्गता भएका, वञ्चित र आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई लक्षित गरी कार्यक्रम पहुँच सुनिश्चित गर्ने।

छ) स्वास्थ्य, पोषण, सरसफाइ र किशोरी स्वच्छता कार्यक्रमलाई स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय गरी संयुक्त कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने।

ज) किशोरीहरूको महिनावारी स्वच्छता व्यवस्थापनका लागि सेनिटरी प्याड वितरण प्रभावकारी बनाउने।

झ) दिवाखाजा व्यवस्थापनका लागि स्थानीय र पोषणयुक्त खाजाको मेनु लागू गर्न विद्यालय नर्स र व्यवस्थापन समितिलाई जिम्मेवार बनाउने।

ञ) विद्यालय नर्सहरूलाई केवल उपचारमा मात्र सीमित नराखी महिनावारी स्वच्छता र कुलत विरुद्धको सचेतना कार्यक्रममा पनि परिचालन गर्ने।

ट) कार्यक्रमको अनुगमन, मूल्याङ्कन र पुनरावलोकन गर्दै प्रभावकारिता सुनिश्चित गर्ने।

ठ) अभिभावक र समुदायलाई अनुगमन, सुधार र मूल्याङ्कनमा सक्रिय सहभागी बनाउने।

## ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

*क. अपेक्षित उपलब्धिः*

१. सबै विद्यार्थीहरुको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाईमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाई वातावरणमा समतामूलक पहुँच तथा सहभागिता भएको हुनेछ।

२. बालविकास र प्राथमिक तहमा दिवाखाजाको निरन्तरताले र माध्यमिक तहमा स्वास्थ्य-सफाइको सुनिश्चितताले विद्यार्थीहरू बीचमै पढाइ छाड्ने क्रम रोकिई विद्यालय टिकाउ दर शतप्रतिशत पुग्को हुनेछ ।

३. कक्षा ६ देखि १२ सम्मका छात्राहरूले महिनावारीका कारण महिनामा ४-५ दिन विद्यालय गुमाउने वा विद्यालय नै छाड्ने प्रवृत्ति पूर्ण रूपमा अन्त्य भएको हुनेछ।

४. विद्यालयको वातावरण बालमैत्री, लैङ्गिकमैत्री र स्वास्थ्यमैत्री हुँदा सामुदायिक विद्यालयमा आकर्षण बढ्नेछ र भर्ना दर उच्च रहनेछ।

५. सेनेटरी प्याडको उपलब्धता र सही प्रयोगले छात्राहरूमा हुने संक्रमण र अन्य प्रजनन् स्वास्थ्य सम्बन्धी दीर्घकालीन समस्याहरूबाट बचाउनेछ।

□. विद्यालय नर्सको नियमित सेवाबाट विद्यालयमै प्रारम्भिक स्वास्थ्य जाँच, प्राथमिक उपचार र प्रेषण सेवाबाट विद्यार्थी लाभान्वित भएको हुनेछन् ।

## ख. प्रमुख क्रियाकलाप तथा लक्ष्य

तालिका नं. २६

विद्यालय पोषण र स्वास्थ्य सरसफाई कार्यक्रमका प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | जम्मा |
| १ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध कक्षा प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्म | इकाइ | ३३२५ | ३३८७ | ३४५० | ३५१४ | ३५७९ | १७२५५ | ३४५१० |
| २ | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क सेनेटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान | जना | १०२५ | १०४४ | १०६३ | १०८३ | ११०३ | ५३१९ | १०६३८ |
| ३ | सामुदायिक मा. वि. मा विद्यालय नर्स व्यवस्थापन | जना | १ | २ | ३ | ४ | ५ | १५ | ३० |
| ४ | विद्यार्थी स्वास्थ्य जाँच तथा परामर्श र पोषण मूल्याङ्कन | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| ५ | विद्यालय स्वस्थ्य सिविर सञ्चालन र विद्यार्थी स्वास्थ्य परीक्षण | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | १४० | २८० |
| ६ | प्राथमिक उपचार सामग्री (First Aid Kits) व्यवस्थापन | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | १४० | २८० |

## ग. प्रमुख क्रियाकलापहरू तथा बजेटः

तालिका नं. २७

विद्यालय पोषण र स्वास्थ्य सरसफाई कार्यक्रमका प्रमुख क्रियाकलाप तथा बजेट

| क्र. स. | प्रमुख क्रियाकलाप | वित्तिय लक्ष्य (५ वर्ष) रु ००० मा | | | | | | स्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | संघ | प्रदेश | स्थानीय तह | समुदाय र अन्य |
| १ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध कक्षा प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्म | ११९७० | १२१९३ | १२४१९ | १२६५० | १२८८६ | ६२११८ | ६२११८ | ० | ० | ० |
| २ | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क सेनेटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान | १३७४ | १३९९ | १४२५ | १४५२ | १४७९ | ७१२८ | ७१२८ | ० | ० | ० |
| ३ | सामुदायिक मा. वि. मा विद्यालय नर्स व्यवस्थापन | ४६५ | ९२० | १३७५ | १८३० | २२८५ | ६८७५ | ० | ६८७५ | ० | ० |
| ४ | विद्यार्थी स्वास्थ्य जाँच तथा परामर्श र पोषण मूल्याङ्कन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | विद्यालय स्वस्थ्य सिविर सञ्चालन र विद्यार्थी स्वास्थ्य परीक्षण | १४० | १४० | १४० | १४० | १४० | ७०० | ० | ० | ७०० | ० |
| ६ | प्राथमिक उपचार सामग्री (First Aid Kits) व्यवस्थापन | १४० | १४० | १४० | १४० | १४० | ७०० | ० | ० | ७०० | ० |
| | जम्मा | १४०८९ | १४७९२ | १५४९९ | १६२१२ | १६९२९ | ७७५२१ | ६९२४६ | ६८७५ | १४०० | ० |

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

नेपाल सरकारले विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण (DRR) तथा उत्थानशीलता (Resilience) लाई सुनिश्चित गर्न विभिन्न ऐन, नियम, निर्देशिका र कार्यविधिहरूमा स्पष्ट कानुनी तथा नीतिगत व्यवस्थाहरू गरेको छ। यी कानुनहरूमा विद्यालयलाई सुरक्षित सिकाई थलो बनाउन तीनवटै तहका सरकार (विशेष गरी स्थानीय सरकार) र विद्यालय व्यवस्थापन समितिलाई मुख्य जिम्मेवार बनाइएको छ।

नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई शिक्षाको हक दिएको छ भने विपद्को समयमा पनि शिक्षा पाउनु बालबालिकाको मौलिक हक हो। 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' ले आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापन तथा स्थानीय स्तरको विपद् व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई दिएको छ। यस अन्तर्गत विद्यालयको जोखिम नक्साङ्कन गर्ने, सुरक्षित पूर्वाधार निर्माणको अनुमति दिने र विपद्पछि विद्यालय पुनः सञ्चालन गर्ने पूर्ण दायित्व स्थानीय सरकारको हुन्छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले विद्यालय भवनहरू राष्ट्रिय भवन संहिता (National Building Code) अनुसार भूकम्प, बाढी, र आग लागि प्रतिरोधक हुनुपर्ने व्यवस्था गरेको छ। विपद्का कारण विद्यालयमा क्षति पुगेमा आपत्कालीन उद्धार, अस्थायी सिकाई केन्द्र निर्माण र तत्काल पठनपाठन सुचारु गर्न स्थानीय विपद् व्यवस्थापन कोषबाट बजेट परिचालन गर्ने व्यवस्था यस सम्वन्धीको नियमावलीले गरेको छ। नेपाल सरकार (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय) ले स्वीकृत गरेको यो सबैभन्दा विशिष्ट कार्यविधि हो। यसले विद्यालय सुरक्षालाई ३ वटा मुख्य खम्बा **(Pillars)** मा विभाजन गरी कार्यान्वयन गर्ने व्यवस्था गरेको छः सुरक्षित सिकाइ सुविधा (Safe Learning Facilities): विद्यालय भवन, शौचालय र खानेपानीका संचरनाहरू बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुनुपर्ने। जोखिमयुक्त भवनहरूको प्रबलीकरण (Retrofitting) गरिनुपर्ने। विद्यालय विपद् व्यवस्थापन (School Disaster Management) का लागि प्रत्येक विद्यालयमा एकजना 'विपद् सम्पर्क शिक्षक वा फोकल पर्सन तोकिनुपर्ने र विद्यालयले अनिवार्य रूपमा "विद्यालय सुधार योजना (SIP)" भित्रै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (Disaster Response Plan) समावेश गर्नुपर्ने भनिएकोछ भने जोखिम न्यूनीकरण र उत्थानशीलता शिक्षा (Risk Reduction & Resilience Education): का लागि पाठ्यक्रममा विपद् व्यवस्थापनका विषयहरू समावेश गर्ने, नियमित रूपमा 'मक ड्रिल' (विपद् सम्बन्धी कृत्रिम अभ्यास) गराउने र बालक्लबहरूलाई सचेतना अभियानमा परिचालन गर्ने विषयहरु उल्लेख छ ।

विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता अन्तर्गत आपतकालीन अवस्था शिक्षाको निरन्तरताका विषयहरु पर्दछन् । आपतकालीन अवस्था जस्तै प्राकृतिक प्रकोप, महामारी, द्वन्द्व वा अन्य संकटका अवस्थामा बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ। यस क्रममा विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, अनलाइन वा सामुदायिक आधारमा सिकाइको व्यवस्था गरिनु पर्छ। शिक्षण सामग्री, शिक्षक प्रशिक्षण र विद्यार्थीहरूको पहुँचमा ध्यान दिँदै सबै बालबालिकाले समान अवसर पाउनुपर्छ। आपतकालीन शिक्षाले मात्र बालबालिकाको सिकाइ निरन्तरता

सुनिश्चित गर्दैन, उनीहरूको मानसिक स्वास्थ्य, सुरक्षा र सामाजिक सुरक्षा पनि प्रवर्द्धन गर्छ। यसले दीर्घकालीन विकास र समावेशी समाज निर्माणमा योगदान पुऱ्याउँछ ।

### ४.५.२ वर्तमान अवस्था

### ४.५.३ उद्धेश्य

क) प्राकृतिक प्रकोप, महामारी वा अन्य संकटका बेला पनि सबै बालबालिकाले समान रूपमा निरन्तर शिक्षा प्राप्त गर्न पहुँच र अवसर सुनिश्चित गर्नु।

ख) आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुऱ्याउनु।

ग) विद्यार्थीहरुमा हरित विद्यालय ,जलवायु परिवर्तनका र जैविक विविधताको सचेतनामुलक अभिबृद्धि गर्नु ।

### ४.५.४ रणनीति

१ संघीय सरकारले बनाएको विपद्/आपतकालीन कार्यविधि स्थानीय स्तरमा लागू गर्ने संयन्त्र विकास गर्ने।

२ स्थानीय सरकार र विज्ञहरूसँग अन्तरक्रिया गरी तहगत वैकल्पिक सिकाइ पाठ योजना तयार गर्ने।अन्य पालीकासग सहकार्य गर्दै स्थानीय रेडियो, टेलिभिजन र अन्य सञ्चार माध्यमसँग समन्वय गर्ने

३ विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माणमा जोड दिने।

४ पालिकास्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने,

५ प्रत्येक विद्यालयमा विद्यालय सुधार योजनामा समावेस गरी आपतकालीन प्रतिकार्य योजना तयार गर्ने।

६ महामारी वा संकटका समयमा वैकल्पिक शिक्षण सिकाइ उपाय तयार गर्ने।

७ स्थानीय तह र विद्यालयका कर्मचारी/शिक्षकहरूको आपतकालीन क्षमता विकास गर्ने। हरित विद्यालय, जलवायु परिवर्तन र दिगो विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

८ संकट/आपतकालिन अवस्थामा बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तरता कायम गर्ने।

९ विपद् पूर्व तयारी, प्रतिकार्य र ड्रिल अभ्यासलाई विद्यालयको वार्षिक योजना समावेश गर्ने

१० सवै प्रकारका विद्यालयका शिक्षक र विद्यार्थीलाई विपद्, जलवायु परिवर्तन र आपतकालीन तयारी सम्बन्धी ज्ञान र व्यवहारिक तालिम दिने।

११ अभिभावक र समुदायलाई आपतकालीन शिक्षामा सक्रिय सहभागी बनाउने।

१२ आपतकालिन अवस्था व्यवस्थापनका लागि नियमित अनुगमन, मूल्याङ्कन र सुधार गर्ने।

१३ सवै प्रकारका विद्यालयका शिक्षक र विद्यार्थीलाई जैविक विविधता तथा जलवायुपरिवर्तनबाट हुने असर बारे सचेतना बढाउने ।

## ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

*क. अपेक्षित उपलब्धीः*

१ विपद्का समयमा विद्यालय शिक्षाको निरन्तरता सुनिश्चत भएको हुनेछ ।

२ आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुगेको हुनेछ।

३ पालिका स्तरमा विपद् व्यवस्थापनका लागि संरचनात्मक विकास भएको हुनेछ ।

*ख. प्रमुख क्रियाकलाप तथा लक्ष्य*

तालिका नं. २८

आपतकालीन अवस्थामा शिक्षा कार्यक्रमका प्रमुख क्रियाकलाप तथा लक्ष्य

| १० | विद्यालय सुरक्षा, विपद्न्युनीकरण तथा उत्थानशीलता | | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | जम्मा |
| १ | नगरपालिका स्तरमा विद्यालय विपद् व्यवस्थापन समिति गठन गर्ने | पटक | १ | ० | ० | ० | ० | १ | २ |
| २ | विपद जोखिम क्षेत्रको नक्साङ्कन गरी जोखिम न्यूनीकरण योजना तयार गर्ने | पटक | १ | ० | ० | ० | ० | १ | २ |
| ३ | स्थानीय तहको विपद् व्यवस्थापन सम्वन्धी स्रोत शिक्षक र प्रधानाध्यापकलाई तालीम | जना | ० | ४८ | ० | ० | ४८ | ९६ | १९२ |
| ४ | विद्यार्थी र शिक्षकमा विपद् सचेतना कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | १४० | २८० |
| ६ | विद्यालयमा सुरक्षित खानेपानी प्रणाली स्थापना गर्ने | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ७ | विपन्न विद्यार्थीका लागि न्यानो कपडा वितरण | जना | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५००० |
| ८ | विद्यालयका पूरानो भवन तथा पूर्वाधारको नियमित प्राविधिक अनुगमन जोखिम पहिचान तथा व्यवस्थापन | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | १४० | २८० |
| ९ | विपद्का बखत अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | १४० | २८० |
| १० | शिक्षक तथा विद्यार्थीको लागि Simulation and Drill को अभ्यास गराउने | विद्यालय | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० |
| ११ | जैविक विविधता तथा जलवायुपरिवर्तनबाट हुने असर बारे सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ग. प्रमुख क्रियाकलाप तथा बजेट

तालिका नं. २९

आपतकालिन अवस्थामा शिक्षा कार्यक्रमका प्रमुख क्रियाकलाप तथा बजेट

| क्र. स. | प्रमुख क्रियाकलाप | वित्तिय लक्ष्य (५ वर्ष) रु ००० मा | | | | | | स्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | संघ | प्रदेश | स्थानीय तह | समुदाय र अन्य |
| १ | नगरपालिका स्तरमा विद्यालय विपद् व्यवस्थापन समिति गठन गर्ने | ५० | ० | ० | ० | ० | ५० | ० | ० | ५० | ० |
| २ | विपद जोखिम क्षेत्रको नक्साङ्कन गरी जोखिम न्यूनीकरण योजना तयार गर्ने | २०० | ० | ० | ० | ० | २०० | ० | ० | २०० | ० |
| ३ | स्थानीय तहको विपद् व्यवस्थापन सम्वन्धी स्रोत शिक्षक र प्रधानाध्यापकलाई तालीम | ० | २४० | ० | ० | २४० | ४८० | ४८० | ० | ० | ० |
| ४ | विद्यार्थी र शिक्षकमा विपद् सचेतना कार्यक्रम सञ्चालन | १० | १० | १० | १० | १० | ५० | ० | ० | ५० | ० |
| ५ | विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश | १४० | १४० | १४० | १४० | १४० | ७०० | ० | ० | ७०० | ० |
| ६ | विद्यालयमा सुरक्षित खानेपानी प्रणाली स्थापना गर्ने | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | ० | ६००० | ० | ० |
| ७ | विपन्न विद्यार्थीका लागि न्यानो कपडा वितरण | ३५० | ३५० | ३५० | ३५० | ३५० | १७५० | | | १७५० | ० |
| ८ | विद्यालयका पूरानो भवन तथा पूर्वाधारको नियमित प्राविधिक अनुगमन जोखिम पहिचान तथा व्यवस्थापन | ५६ | ५६ | ५६ | ५६ | ५६ | २८० | ० | ० | २८० | ० |
| ९ | विपद्का बखत अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | १४० | १४० | १४० | १४० | १४० | ७०० | ७०० | ० | ० | ० |
| १० | शिक्षक तथा विद्यार्थीको लागि Simulation and Drill को अभ्यास गराउने | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | ० | ० | ० |
| ११ | जैविक विविधता तथा जलवायुपरिवर्तनबाट हुने असर बारे सचेतना कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |
| | **जम्मा** | २२९६ | २२८६ | २०४६ | २०४६ | २२८६ | १०९६० | १४३० | ६००० | ३५३० | ० |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

विद्यालयमा बालबालिकाले सुरक्षित र गुणस्तरीय शिक्षा प्राप्त गर्न भौतिक पूर्वाधार अत्यन्त महत्वपूर्ण हुन्छ। शिक्षा नियमावली २०५९ अनुसार, प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल तोकिएको छ। यसले प्रत्येक विद्यार्थीले पर्याप्त स्थानमा पठनपाठन गर्न सक्ने वातावरण सुनिश्चित गर्छ। विद्यालयका आधारभूत भौतिक पूर्वाधारमा सुरक्षित विद्यालय भवन, पढ्नका लागि कक्षाकोठा, खेलकुदका लागि खेलमैदान, शौचालय, स्वच्छ पानी, सफाइ र पुस्तकालय/बुक कर्नर जस्ता सुविधा समावेश हुन्छन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयलाई बालमैत्री, सुरक्षित, हरित र विपद् जोखिममुक्त बनाउन भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी र पुस्तकालय जस्ता सम्पूर्ण पूर्वाधार विकास गर्ने नीतिगत व्यवस्थापन गरेको छ। यी पूर्वाधारले मात्र शिक्षा पहुँच सुनिश्चित नगरी बालबालिकाको सिकाइ अनुभव, स्वास्थ्य र समग्र विकासमा पनि योगदान पुऱ्याउँछ।

### ४.६.२ वर्तमान अवस्था

गढी गाउँपालिकामा हाल २४ वटा सामुदायिक ४ वटा मदर्सा र १५ वटा संस्थागत गरी कुल ४३ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन्, जहाँ भौतिक पूर्वाधार विकासलाई सुदृढ बनाउने प्रयासहरू भइरहेका छन्। स्थानीय सरकार र विद्यालय व्यवस्थापन समितिहरूले राष्ट्रिय मापदण्डअनुरूप विद्यालयका भवन, पर्याप्त कक्षाकोठा, सिकाईमैत्री फर्निचर, प्रयोगशाला, सुरक्षित खानेपानी तथा छात्र-छात्राका लागि छुट्टाछुट्टै शौचालय जस्ता न्यूनतम आधारभूत सुविधाहरूको विस्तार र स्तरोन्नतिमा जोड दिँदै आएका छन्। पुराना विद्यालयहरूमा अझै पनि प्रविधिमैत्री कक्षाकोठा र पूर्ण विपद्-प्रतिरोधी भौतिक संरचनाको विकास गर्न बजेट तथा स्रोत-साधनको न्यायोचित व्यवस्थापन गर्नुपर्ने चुनौती र आवश्यकता वर्तमान अवस्थामा देखिन्छ। २४ वटा सामुदायिक विद्यालयहरूमा कुल हाल उपलब्ध कक्षाकोठाहरूको सङ्ख्या १२५ रहेको छ। यसमध्ये ५४ वटा कक्षाकोठालाई तत्काल मर्मत सम्भार (जीर्णोद्धार) गर्नुपर्ने देखिन्छ भने विद्यार्थी संख्याको अनुपातमा कक्षाकोठा नपुग भएका विद्यालयहरूका लागि कुल ३४ वटा नयाँ कक्षाकोठा निर्माण गर्नुपर्ने टड्कारो आवश्यकता छ। सामुदायिक विद्यालयहरूमा दिवा खाजा कार्यक्रम सञ्चालनका लागि खाजा बनाउने, भण्डारण गर्ने र बालबालिकाहरूले सफा वातावरणमा खाने छुट्टै 'चेमेना कक्ष वा कोठा' को वर्तमान अवस्था निकै कमजोर छ। हाल विद्यालयहरुमा व्यवस्थित चेमेना कक्षको संख्या शून्यप्राय: छ भने भएका संरचनाहरूमध्ये ६ वटा कोठा/भान्सा सुविधाहरूलाई तत्काल मर्मत सम्भार र स्तरोन्नति गर्नुपर्ने अवस्था छ। हाल १० वटा सामुदायिक विद्यालयहरूमा मात्र स्वच्छ र सुरक्षित खानेपानीको व्यवस्था भएको देखिन्छ। विद्यालयहरूमा कुल ३१ वटा खानेपानीका संरचनाहरू (धारा,

मर्मत, बोरिङ, तथा फिल्टर जडान आदि) मर्मत सम्भार गर्नुपर्ने जिर्ण अवस्थामा छन् भने सुरक्षित खानेपानीको पहुँचका लागि १५ वटा नयाँ खानेपानीका पूर्वाधारहरू निर्माण गर्नुपर्ने आवश्यकता छ। विद्यार्थी तथा शिक्षकहरूका लागि शौचालयको विद्यमान संरचना संख्या ५८ रहेको छ। तर, सरसफाइ र मर्मतको अभावका कारण यसमध्ये ३६ वटा शौचालय तत्काल मर्मत सम्भार तथा पुनर्निर्माण गर्नुपर्ने अवस्थामा पुगेका छन्। थप ४ वटा नयाँ शौचालय अविलम्ब निर्माण गर्नुपर्ने आवश्यकता छ। महिनावारी स्वच्छता व्यवस्थापन अन्तर्गत छात्राहरूका लागि सेनेटरी प्याड वितरण, गोपनीयता र चेन्जिङ रुमको अवस्था कमजोर देखिन्छ, धेरैजसो विद्यालयमा चेन्जिङ रुमको व्यवस्थापन हुन सकेको छैन। विद्यालयहरूमा विद्यार्थीहरूको पठन संस्कृति र अतिरिक्त ज्ञानका लागि पुस्तकालय कक्षको उपलब्धता अभाव छ। सामुदायिक विद्यालयहरूमा हाल ८ वटा पुस्तकालय कक्षहरू सञ्चालनमा रहे पनि तीमध्ये ५ वटा कक्षलाई तत्काल मर्मत सम्भार र स्तरोन्नति गर्नुपर्ने अवस्था छ। माध्यमिक तहको शिक्षालाई प्रयोगात्मक र व्यावहारिक बनाउन विज्ञान प्रयोगशाला अनिवार्य भए पनि गढी गाउँपालिकामा यसको अवस्था निकै कमजोर छ। पालिकाभरि मात्र ३ वटा विद्यालयमा विज्ञान प्रयोगशालाहरू छन् तिनको पनि सुधार आवश्यक छ भने वैज्ञानिक उपकरण, केमिकल र सुरक्षित कक्षसहितको ३ वटा नयाँ विज्ञान प्रयोगशाला भवन/कक्षहरू अविलम्ब नयाँ निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ। गढी गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा कक्षाकोठा मात्र नभई खानेपानी, शौचालय, छात्रा चेन्जिङ रुम, पुस्तकालय र विज्ञान प्रयोगशाला जस्ता आधारभूत र प्राविधिक सूचकहरूमा ठूलो सुधारको आवश्यकता देखाएको छ। गाउँपालिकाले आगामी आर्थिक वर्षको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा यी विधागत संख्याहरू (विशेष गरी ५४ कक्षाकोठा र ३६ शौचालय मर्मत तथा ३४ नयाँ कक्षाकोठा र ९ नयाँ चेन्जिङ रुम निर्माण) लाई उच्च प्राथमिकतामा राखी बजेट विनियोजन गर्नु अनिवार्य छ।

### ४.६.३ उद्देश्य

क) सबै विद्यालयमा बालबालिकाको सिकाइ, स्वास्थ्य र खेलकुदका लागि पर्याप्त, सुरक्षित र समावेशी भौतिक पूर्वाधार सुनिश्चित गर्नु

ख) विद्यालय भवन र अन्य पूर्वाधारलाई बालमैत्री, हरित र विपद् जोखिममुक्त बनाउँदै दीर्घकालीन टिकाउ विकास प्रवर्द्धन गर्नु

### ४.६.४ रणनीतिहरू

क) विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा आवश्यक पूर्वाधार तयार गर्ने।

ख) पूर्वाधार निर्माण र स्तरोन्नतिका लागि संघसंस्था, सरोकारवालासँग लागत साझेदारी गर्ने।

ग) सवै विद्यालयहरुमा क्रमशः कक्षाकोठा, शिक्षक/प्रधानाध्यापक कक्ष, प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा/खाजाका घरलगायत पूर्वाधार विकास गर्ने।

घ) प्रकोपकोले असर पारेका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्थासहित स्तरोन्नति गर्ने।

ङ) पूर्वाधार निर्माणसँगै विद्यालय व्यवस्थापन र संस्थागत क्षमता अभिवृद्धि गर्ने।

च) विद्यालय भौतिक पूर्वाधारका लागि सूचक तयार गरी अनुगमन गर्ने।

छ) आंशिक क्षति भएका विद्यालय संरचनाको मर्मत सम्भार नियमित गर्ने।

ज) विद्यालय भवन र पूर्वाधारलाई विपद् जोखिममुक्त, सुरक्षित र हरित बनाउने।

झ) विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने।

ञ) खेलकुद मैदान, पुस्तकालय/बुक कर्नर र अन्य सिकाइ स्रोत सुनिश्चित गर्ने।

ट) विद्यार्थीहरूको पहुँच र समावेशीता सुनिश्चित गर्दै सबै पूर्वाधार डिजाइन गर्ने।

ठ) अनुगमन, मूल्याङ्कन र सुधार मार्फत पूर्वाधारको टिकाउपन र प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य

*क. उपलब्धिः*

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुनेछ।

*ख. प्रमुख क्रियाकलापहरू तथा भौतिक लक्ष्य*

तालिका नं. ३०

विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रमका प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | कोठा | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| २ | स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक सर्वेक्षण तथा नक्साङ्कन | विद्यालय | ० | २८ | ० | ० | ० | २८ | ५६ |
| ३ | विद्यालयहरूमा बनेका संरचनाको संवर्द्धन तथा मर्मतसम्भार र फर्निचर व्यवस्थापनसमेत | विद्यालय | ५ | ५ | ६ | ६ | ६ | २८ | ५६ |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी र सरसफाइको प्रबन्ध | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० |
| ५ | अपाङ्गतामैत्री भौतिक संरचना निर्माण (भवन ) | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी मापदण्डको विकास र कार्यान्वयन | विद्यालय | ५ | ५ | ५ | ६ | ७ | २८ | ५६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | माध्यमिक विद्यालयमा विज्ञान / कम्प्युटर प्रयोगशाला विस्तार | विद्यालय | ० | १ | १ | १ | २ | ५ | १० |
| ८ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, शौचालयखेलमैदान, घेरावार आदि) | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |

## *ग. प्रमुख क्रियाकलापहरू तथा भौतिक बजेट*

तालिका नं. ३१

विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रमका प्रमुख क्रियाकलाप तथा बजेट

| क्र. स. | प्रमुख क्रियाकलाप | वित्तिय लक्ष्य (५ वर्ष) रु ००० मा | | | | | | स्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | संघ | प्रदेश | स्थानीय तह | समुदाय र अन्य |
| १ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | ५५०० | ५५०० | ५५०० | ५५०० | ५५०० | २७५०० | २७५०० | 0 | ० | ० |
| २ | स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक सर्वेक्षण तथा नक्साङ्कन | ० | ५६ | ० | ० | ० | ५६ | २८ | ० | २८ | ० |
| ३ | विद्यालयहरूमा बनेका संरचनाको संवर्द्धन तथा मर्मतसम्भार र फर्निचर व्यवस्थापनसमेत | ७५०० | ७५०० | ९००० | ९००० | ९००० | ४२००० | ० | ४२००० | ० | ० |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी र सरसफाइको प्रबन्ध | १६०० | १६०० | १६०० | १६०० | १६०० | ८००० | ४००० | २००० | २००० | ० |
| ५ | अपाङ्गतामैत्री भौतिक संरचना निर्माण (भवन ) | ५५०० | ५५०० | ५५०० | ५५०० | ५५०० | २७५०० | २७५०० | ० | ० | ० |
| ६ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी मापदण्डको विकास र कार्यान्वयन | १००० | १००० | १००० | १२०० | १४०० | ५६०० | ० | ५६०० | ० | ० |
| ७ | माध्यमिक विद्यालयमा विज्ञान / कम्प्युटर प्रयोगशाला विस्तार | ० | १००० | १००० | १००० | २००० | ५००० | २५०० | १२५० | १२५० | ० |
| ८ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, शौचालयखेलमैदान, घेरावार आदि) | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | १०००० | ५००० | ५००० | ० |
| | जम्मा | २५१०० | २६१५६ | २७६०० | २७८०० | २९००० | १३५६५६ | ७१५२८ | ५५८५० | ८२७८ | ० |

## ४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण क्षेत्रमा सस्थागत तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ ।

नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ । सूचना तथा सञ्चार प्रविधि (ICT) विद्यालय शिक्षामा सिकाइ प्रक्रियालाई थप प्रभावकारी, सहभागी र आधुनिक बनाउन प्रयोग गरिन्छ। ICT मार्फत शिक्षकहरूले बहु- सामग्री, अनलाइन स्रोत, डिजिटल कक्षाकोठा र शिक्षण सफ्टवेयरको प्रयोग गरी पाठ्यक्रमअनुसार सिकाइ अनुभव समृद्ध बनाउन सक्छन्। विद्यार्थीहरूलाई खोज, अनुसन्धान, प्रोजेक्ट कार्य र संवादात्मक सिकाइमा सहभागी गराउने ICT ले सिकाइलाई सक्रिय र रचनात्मक बनाउँछ।विद्यालय शिक्षामा ICT को प्रयोगले शिक्षणसिकाइलाई विद्यार्थी केन्द्रित बनाउँछ, सूचना पहुँच सजिलो बनाउँछ, सहकार्य र सञ्चार प्रवर्द्धन गर्छ र डिजिटल सीप विकासमा सहयोग पुऱ्याउँछ। यसले मात्र ज्ञान प्राप्तिमा सहजता ल्याउने होइन, भविष्यका दक्ष र सृजनशील नागरिक तयार पार्नमा पनि महत्वपूर्ण योगदान दिन्छ।

### ४.७.२ वर्तमान अवस्था

गढी गाउँपालिकामा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग विस्तार हुँदै आएको छ। केहि सामुदायिक माध्यमिक र आधारभूत विद्यालयमा कम्प्युटर ल्याब, प्रोजेक्टर, स्मार्ट बोर्ड र इन्टरनेट सुविधा उपलब्ध छन्। शिक्षकहरूले सिकाइ प्रक्रियामा डिजिटल स्रोत, अनलाइन सामग्री र प्रस्तुति प्रविधिको प्रयोग गर्दै पाठ्यक्रम अनुसार पाठ सञ्चालन गरिरहेका छन्।तर, सबै विद्यालयमा ICT

पहुँच समान छैन। विद्यालयहरूमा उपकरण, इन्टरनेट र प्रशिक्षित शिक्षकको अभावले डिजिटल शिक्षामा चुनौती देखा परेको छ। गाउँपालिकाले ICT पहुँच, उपकरण उपलब्धता, शिक्षक तालिम र डिजिटल पाठ्य सामग्री विकासमा काम गर्दै आएको छ। गढी गाउँपालिकामा ICT को प्रयोगले शिक्षक र विद्यार्थी दुवैका लागि सिकाइ अनुभव समृद्ध बनाउने क्रम जारी छ, तर समावेशी र पूर्ण पहुँच सुनिश्चित गर्न अझ योजना र स्रोतको आवश्यकता देखिन्छ।

### ४.७.३ उद्देश्य

**क** सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चित गरी शिक्षक र विद्यार्थीको सिकाइ अनुभव प्रभावकारी बनाउनु

ख ICT प्रयोगमार्फत डिजिटल क्षमता, अनुसन्धान, सहकार्य र रचनात्मक सोच विकास गर्दै गुणस्तरीय र समावेशी शिक्षा प्रवर्द्धन गर्नु

### ४.७.४ रणनीतिहरू

क० सबै विद्यालयमा ICT को आधारभूत संरचना र उपकरण (कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड आदि) उपलब्ध गराउने।

ख० शिक्षकहरूको ICT प्रयोग क्षमता वृद्धि गर्न तालिम र कार्यशाला सञ्चालन गर्ने।

ग० कक्षा र विषय अनुसार तयार गरिएका अन्तरक्रियात्मक डिजिटल पाठ्य सामग्रीको प्रयोग बढाउने।

घ० शिक्षक सहायता, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीमा ICT को प्रयोग गर्ने।

ङ० शैक्षिक स्रोत र सामग्रीमा इन्टरनेट सुविधा मार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने।

च० विद्यालय प्रशासन, सूचना व्यवस्थापन र शिक्षासम्बन्धी सेवा प्रवाहमा ICT प्रयोग विस्तार गर्ने।

छ० सामुदायिक सिकाइ केन्द्रहरूमा ICT स्थापना गर्ने।

ज० विद्यालयमा ICT पहुँच सुनिश्चित गर्न मोबाइल/साझा उपकरण वा अनलाइनको व्यवस्था गर्ने।

झ० ICT मार्फत विद्यार्थी केन्द्रित, अनुसन्धान र परियोजना आधारित सिकाइ प्रवर्द्धन गर्ने।

ञ० ICT सम्बन्धी अनुगमन, मूल्याङ्कन र सुधार कार्य योजनामा समावेश गरी प्रभावकारिता सुनिश्चित गर्ने।

## ४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

*क. उपलब्धिः*

१ विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुगेको हुनेछ ।

२ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगले सिकाइ आधुनिक तथा प्रविधिमैत्री दिगो भएको हुनेछ।

३ परम्परागत शिक्षण विधिमा सुधार आई अन्तरक्रियात्मक सिकाइ प्रवर्द्धन हुनुका साथै विद्यालयको समग्र प्रशासनिक तथा शैक्षिक व्यवस्थापन प्रणाली थप कुशल बनेको हुनेछ।

## *ख. प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

तालिका नं. ३२

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि कार्यक्रमका प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | विद्यालयमा पुस्तकालय / ICT संरचना विस्तार | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | १४० | २८० |
| ३ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | विद्यालमा ई-हाजिरी व्यवस्थापन क्लाउड व्यवस्थापन सहित | विद्यालय | ४ | ४ | ४ | ६ | ६ | २४ | ४८ |
| ५ | IEMIS (शैक्षिक सूचना व्यवस्थापन प्रणाली) को सञ्चालन र व्यवस्थापन | पटक | ४२ | ४२ | ४२ | ४२ | ४२ | २१० | ४२० |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूको ICT क्षमता विकास । | पटक | ० | ० | १ | ० | ० | १ | २ |
| ७ | प्रविधिमैत्री सिकाइका लागि शिक्षक र विद्यार्थीलाई तालीमको व्यवस्था | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० |

## ग. प्रमुख क्रियाकलापहरू तथा बजेट

तालिका नं. ३३

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि कार्यक्रमका प्रमुख क्रियाकलाप तथा बजेट

| बजेट अनुमान | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि | वित्तिय लक्ष्य (५ वर्ष) रु ००० मा | | | | | | स्रोत आँकलन | | | |
| क. स. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | संघ | प्रदेश | स्थानीय तह | समुदाय र अन्य |
| १ | विद्यालयमा पुस्तकालय / ICT संरचना विस्तार | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० | ० | ० | ० |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | ४२० | ४२० | ४२० | ४२० | ४२० | २१०० | २१०० | ० | ० | ० |
| ३ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्री व्यवस्थापन | ३०० | ४०० | ४०० | ४०० | ४०० | १९०० | ० | ० | १९०० | ० |
| ४ | विद्यालमा ई-हाजिरी व्यवस्थापन र क्लाउड व्यवस्थापन | ४०० | ४०० | ४०० | ६०० | ६०० | २४०० | ० | ० | २४०० | ० |
| ५ | IEMIS (शैक्षिक सूचना व्यवस्थापन प्रणाली) को सञ्चालन र व्यवस्थापन | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूको ICT क्षमता विकास | ० | ० | ७५० | ० | ० | ७५० | ० | ० | ७५० | ० |
| ७ | प्रविधिमैत्री सिकाइका लागि शिक्षक र विद्यार्थीलाई तालीमको व्यवस्था | २५ | २५ | २५ | २५ | २५ | १२५ | ० | ० | १२५ | ० |
| | जम्मा | २२४५ | २३४५ | ३०९५ | २५४५ | २५४५ | १२७७५ | ७१०० | ० | ५६७५ | ० |

# परिच्छेद ५
# अन्य उपक्षेत्र

## ५.१ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

### ५.१.१ परिचय

संविधान २०७२ धारा ३१ (शिक्षाको हक) प्रत्येक नागरिकलाई शिक्षा पाउने अधिकार र प्राविधिक तथा व्यवसायिक शिक्षा पनि सुनिश्चित गर्ने उल्लेख गरिएकोछ । राज्यको दायित्वमा नागरिकलाई रोजगारमुखी र जीवनोपयोगी शिक्षा प्रदान गर्ने र सीपयुक्त जनशक्ति उत्पादन गर्ने उल्लेख गरि एकोछ। शिक्षा केवल सैद्धान्तिक होइन, सीप र कामसँग जोडिएको हुनुपर्छ। राष्ट्रिय शिक्षा नीति २०७६ मा TVET लाई शिक्षा प्रणालीको मुख्य अंग बनाइएको छ। माध्यमिक तहदेखि प्राविधिक शिक्षा कक्षा ९ देखि नै प्राविधिक/व्यवसायिक धार (stream) सञ्चालन गर्ने र विद्यालयमै सीपमुलक शिक्षा ।"एक विद्यालय एक प्राविधिक कार्यक्रम" र प्रत्येक स्थानीय तहमा कम्तीमा एक विद्यालयमा प्राविधिक शिक्षाको व्यवस्थापन गर्ने नीति रहेकोछ । सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा विस्तार र SEE पछि सीप सिक्ने अवसर दिने र शिक्षालाइ रोजगारीसँग जोड्ने लक्ष्य लिएकोछ ।पढाइ → सीप → रोजगारी तथा उद्योगसँग सहकार्य गरेर तालिम प्रदान गर्ने कार्यक्रम रहेकोछ ।शिक्षाको दीर्घकालीन लक्ष्यमा ७०% विद्यार्थीलाई प्राविधिक/व्यवसायिक धारमा लैजाने उल्लेख गरीएकोछ ।सीप परीक्षण र प्रमाणिकरण गरेर व्यक्तिले सिकेको सीपलाई मान्यता दिने प्रणाली (skill certification) व्यवस्था गरिएकोछ ।औपचारिक र अनौपचारिक दुवै सीपलाई मान्यता दिने प्रणालीको व्यवस्था गरिएकोछ । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा समावेशी पहुँच सुनिश्चित गर्ने यसका लागि महिला, दलित, विपन्न, दुर्गम क्षेत्रका लागिः छात्रवृत्ति र विशेष कार्यक्रम सञ्चालन गर्ने रहेकाछन्। शिक्षा ऐन २०२८ विद्यालय तहमा व्यवसायिक शिक्षा समावेश गर्ने भनि प्राविधिक धार सञ्चालनको कानुनी आधार प्रदान गरेको छ । हाल CTEVT पाठ्यक्रम विकास गर्ने परीक्षा लिने र प्रमाणपत्र दिने र सीप परीक्षण को भूमिका निर्वाह गरिरहेको छ ।नेपालको शिक्षा नीतिले TVET मार्फत् रोजगारमुखी शिक्षा दिने , विदेश जाने युवालाई दक्ष बनाउने, स्वरोजगार बढाउने , उद्योग र शिक्षा समन्वय गर्ने, देशमै दक्ष जनशक्ति उत्पादन गर्ने उल्लेख गरेकोछ । अब प्राविधिक धार विकल्प होइन, मुख्य धार (mainstream)बनाउने लक्ष्य छ ।विद्यालय तहदेखि नै सीप विकास सुरु गर्ने व्यवस्था छ । शिक्षा = सीप + रोजगार भन्ने अवधारणा स्थापित गरिएको छ

### ५.१.२ वर्तमान अवस्था

हरेक देशमा दक्ष जनशक्तिको आवश्यकता पर्दछ ।मुलुकको भौतिक, शैक्षिक राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा औद्योगिक विकासका लागि योग्य र दक्ष जनशक्तिको नभई हुदैन । विद्यालयमा प्राविधिक धारको पठनपाठन गर्ने सरकारको नीति तथा कार्यक्रम अनुसार यस गाउँपालिकाको अन्तर्गत श्री सरस्वती माध्यमिक विद्यालयमा संघीय अनुदान कार्यक्रम मार्फत शैक्षिक सत्र २०८० देखि प्राविधिक धारको सिभिल ईन्जिनीयरिङ्ग कक्षा ९ देखि शुरु भई हाल कक्षा १२ सम्म सञ्चालन भइरहेको छ । यस विद्यालयमा प्राविधिक धार अन्तर्गत २०८२ शैक्षिक सत्र मा कक्षा ९ मा १८ जना १० मा ६ मा ११ कक्षा १५ मा जना विद्यार्थीको अध्ययनरत रहेका छन् । गाउँपालिकाभरिमै प्राविधिक शिक्षा प्रदान गर्ने यो एकमात्र विद्यालय भए तापनि विद्यार्थीको संख्या अत्यन्तै न्यून देखिन्छ। प्राविधिक धारतर्फ विद्यार्थी र अभिभावकको आकर्षण निकै कम रहेको पुष्टि हुन्छ। यसले गर्दा कार्यक्रमको दिगोपनामा नै ठूलो प्रश्नचिन्ह खडा गरेको छ। यसरी भर्ना कमहुने र बिचैमा कक्षा छोड्ने वा अन्यत्र जाने प्रवृत्ति (Drop-out Rate) उच्च हुनुले प्राविधिक धारको पठनपाठनमा गम्भीर ग्याप रहेको देखाउँछ। यो विद्यालयका लागि एउटा प्रमुख व्यवस्थापकीय चुनौती हो।गाउँपालिकाभित्रका अन्य कुनै पनि विद्यालयमा प्राविधिक कक्षा सञ्चालन नभएको अवस्थामा यस विद्यालयले अवसर पाएकोमा विद्यार्थी संख्या न्यून हुनुले गाउँपालिकाभित्रका अन्य क्षेत्रका विद्यार्थी र अभिभावकहरूमा प्राविधिक शिक्षाको महत्त्व, यसको उपयोगिता र रोजगारीका अवसरहरूबारे पर्याप्त सूचना तथा सचेतना पुग्न नसकेको देखिन्छ। सिभिल इन्जिनियरिङ जस्तो प्रयोगात्मक विषयका लागि आवश्यक पर्ने ल्याब, उपकरण र दक्ष इन्जिनियर शिक्षकहरूको व्यवस्थापन खर्चिलो हुन्छ। थोरै विद्यार्थीका लागि पनि उत्तिकै पूर्वाधार र जनशक्ति आवश्यक पर्ने हुँदा उपलब्ध स्रोत र साधनको अधिकतम सदुपयोग हुन नसक्नु अर्को ठूलो समस्या हो। गाउँपालिका र विद्यालयको संयुक्त पहलमा व्यापक सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सिभिल इन्जिनियरिङको महत्त्व र यसले दिने रोजगारीका अवसरबारे अभिभावक र विद्यार्थीलाई बुझाउनु आवश्यक छ। साथै, विद्यार्थीहरूलाई बिचैमा कक्षा छोड्नबाट रोक्न शिक्षण विधिलाई थप प्रयोगात्मक र प्रविधिमैत्री बनाउँदै प्रोत्साहन स्वरूप छात्रवृत्ति, निःशुल्क शैक्षिक सामग्री वा यातायातको व्यवस्था गर्न पनि आवश्यक छ। कार्यक्रमको दीर्घकालीन सञ्चालनका लागि गाउँपालिकाले संघीय अनुदान को अलावा स्थानीय बजेट र निजी क्षेत्रसँग साझेदारी गरी प्राविधिक शिक्षक तथा आधुनिक प्रयोगशालाको दिगो व्यवस्थापन गर्नु आवश्यक देखिन्छ।

### ५.१.३ उद्देश्य

१. प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सीप विकासमा पहुँच अभिवृद्धि गर्नु ।

२. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको क्षेत्रमा उत्पादन हुने जनशिक्तका लागि

स्थानीयस्तरमा रोजगारी तथा स्वरोजगारीका अवसर उपलब्ध गराउनु ।

३. प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सीप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी, प्रभावकारी र गुणस्तरीय बनाउनु ।

४. प्राविधिक, व्यावसायिक र सीपमुलक शिक्षामार्फत स्थानीय स्तरमा रोजगारी र स्वरोजगारीका अवसर उपलब्ध गराई शैक्षिक बेरोजगारी न्यूनीकरण गर्नु ।

५. प्राविधिक र व्यवसायीक शिक्षा मार्फत सीपयुक्त, स्वरोजगार र आत्मनिर्भर जनशक्ति उत्पादन गरी पालिकाको आर्थिक विकासमा सहयोग गर्नु।

### ५.१.४ रणनीतिहरू

क) माध्यमिक तहमा अध्ययनरत कम्तिमा १० प्रतिशत विद्यार्थीहरू लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँच सुनिस्चित गर्ने ।

ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) संग समन्वय गरी आवधिक व्यावसायिक तालिम कार्यक्रमहरू संचालन गर्ने ।

ग) प्राविधिक शिक्षा तथा व्यावसायिक सीपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनका लागि सरोकारवालाहरूसँग समन्वय गर्ने ।

घ) प्राविधिक शिक्षा तथा व्यावसायिक सीपका क्षेत्रमा आवश्यक पर्ने जनशक्ति उप-महागरपालिकाभित्रै तयार गर्ने ।

ङ) महिला, आदिवासी जनजाति, दलित, अपाङ्गता भएका एवं आर्थिकरूपमा विपन्न समुदाय र वर्ग लागि प्राविधिक शिक्षक तथा व्यावसायिक तालिममा पहुँच बढाउन आवश्यक कार्यक्रमको व्यवस्था गर्ने

च) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमाका क्षेत्रहरू कृषि, पशुपालन र कम्प्युटर ईन्जिनियरीङ जस्ता विषयमा तत्कालको सम्भाव्यता अध्यायन गर्ने ।

छ) अन्य पालिकाभित्र सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने साथै समन्वय र सहकार्य गर्ने ।

ज) प्राविधिक शिक्षा तथा व्यावसायिक सीपको क्षेत्रमा सरोकारवालाहरूको सहभागीता र स्थानीय सरकारकको अपनत्व एवं लगानी वृद्धि गर्ने

झ) प्राविधिक शिक्षा तथा व्यावसायिक सीप प्रदायक संस्था, स्थानीय सरकार तथा समूदायका बीचमा साझेदारी खेती प्रणालीको स्थापना गर्ने ।

ञ) प्राविधिक शिक्षा तथा व्यावसायिक सीप प्राप्त गरेका व्यक्तिहरूलाई रोजगारी एवं स्वरोजगारीका लागि प्रोत्साहन गर्ने ।

ट) प्राविधिक शिक्षक तथा व्यावसायिक तालिमको प्रभावकारी कार्यान्वयन एवं संचालनका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण गर्ने ।

## ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

*क. उपलब्धिः*

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको अवसर प्राप्त भई सिप विकासमा पहुच वृद्धि भएको हुनेछ ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको लागि भौतिक तथा शैक्षिक पूर्वाधार विकास भएको
  हुनेछ ।
- एक वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको कार्यक्रम सञ्चालय भएको हुनेछ .।
- माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये १० प्रतिशतले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्तगरेका हुनेछन्

*ख. मुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण*

तालिका नं. ३४

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमका प्रमुख क्रियाकलाप तथा लक्ष्य

| भौतिक लक्ष्य निर्धारण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ क्र. स. | प्रमुख क्रियाकलाप | | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
| | | लक्ष्य इकाइ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | प्राविधिक तथा व्यावसायिक धार सञ्चालित विद्यालयहरुलाई ल्याब सामाग्री सहयोग अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | प्राविधिक धार सञ्चालित विद्यालय सिकाइ सामाग्री, ल्याव असिष्टेन्टको पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामाग्रीहरु व्यवस्थापन, तथा व्यावहारिक अभ्यास प्रति विद्यार्थी अनुदान | जना | १२० | १२० | १२० | १२० | १२० | ६०० | १२०० |
| ३ | प्रशिक्षक मा. शि. तृतिय सरह | जना | २ | २ | २ | २ | २ | १० | २० |
| ४ | प्रशिक्षक मा. शि. द्वितीय सरह | जना | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| ५ | प्राविधिक धार सहायक प्रशिक्षक तलव भत्ता नि. मा. शि. तृतीय सरह | जना | २ | २ | २ | २ | २ | १० | २० |

## ग. प्रमुख क्रियाकलापहरू तथा बजेट

तालिका नं. ३५

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमका प्रमुख क्रियाकलाप तथा बजेट

| बजेट अनुमान | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | वित्तिय लक्ष्य (५ वर्ष) रु ००० मा | | | | | | स्रोत आँकलन | | | |
| क्र. स. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | संघ | प्रदेश | स्थानीय तह | समुदाय र अन्य |
| १ | प्राविधिक तथा व्यावसायिक धार सञ्चालित विद्यालयहरुलाई ल्याब सामाग्री सहयोग अनुदान | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० | ० | ० | ० |
| २ | प्राविधिक धार सञ्चालित विद्यालय सिकाइ सामाग्री, ल्याव असिष्टेन्टको पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामाग्रीहरु व्यवस्थापन, तथा व्यावहारिक अभ्यास प्रति विद्यार्थी अनुदान | १८०० | १८०० | १८०० | १८०० | १८०० | ९००० | ९००० | ० | ० | ० |
| ३ | प्रशिक्षक मा. शि. तृतिय सरह | १२०६ | १२०६ | १२०६ | १२०६ | १२०६ | ६०३० | ६०३० | ० | ० | ० |
| ४ | प्रशिक्षक मा. शि. द्धितीय सरह | २५४९ | २५४९ | २५४९ | २५४९ | २५४९ | १२७४७ | १२७४७ | ० | ० | ० |
| ५ | प्राविधिक धार सहायक प्रशिक्षक तलव भत्ता नि. मा. शि. तृतीय सरह | १०४३ | १०४३ | १०४३ | १०४३ | १०४३ | ५२१६ | ५२१६ | ० | ० | ० |
| | जम्मा | ६७९८ | ६७९८ | ६७९८ | ६७९८ | ६७९८ | ३३९९२ | ३३९९२ | ० | ० | ० |

# परिच्छेद ६
# विद्यालय सुशासन तथा व्यवस्थापन

विद्यालय शिक्षा जस्तो आम नागरिकको सहभागिता हुने महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवा उन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ ।

शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ। नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध जस्ता क्षेत्रहरु समावेश गरिएको छ ।

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि पालिका कार्यपालिका, पालिकासभा, पालिका शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन् ।पालिकाको शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलनर प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता विना सफल कार्यान्वयन हुन सक्दैन ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ जमा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ । विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ । नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन् । साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ । प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा / शाखाको व्यवस्था गरिएको छ ।

### ६.१.२ वर्तमान अवस्था

गढी गाउँपालिका नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा प्रचलित शिक्षा सम्बन्धी नीतिहरूको आधारमा विद्यालय शिक्षाको व्यवस्थापन गर्दै आएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र कोशी प्रदेशले सामाजिक विकास डिभिजन कार्यालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरू एकातिर कामविहिन भएको पाइन्छभने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको भएको हुदा सवल बनाउन आवश्य देखिन्छ ।

गाउँपालिकामा शिक्षा, युवा तथा खेलकुद शाखा स्थापना भई नियमित रूपमा शैक्षिक प्रशासन सञ्चालन भइरहेको छ। गाउँ शिक्षा समिति तथा विषयगत समितिहरू गठन गरिएका छन्। विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा अभिभावकशिक्षक संघ सक्रिय छन्। विद्यालयहरूले वार्षिक रुपमा विद्यालय सुधार योजना तयार तथा अध्यावधिक गरी कार्यान्वयन गर्ने अभ्यास रहेको छ। विद्यालयहरुमा संस्थागत

संरचना बनेको भए पनि समितिहरूको क्षमता, नियमित बैठक, निर्णय कार्यान्वयन तथा अभिलेखीकरणमा विद्यालय अनुसार फरक अवस्था रहेकोछ।

गाउँपालिकाले वार्षिक नीति, कार्यक्रम तथा बजेटमा शिक्षा क्षेत्रलाई प्राथमिकता दिएको छ। संघीय तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानको कार्यान्वयन भइरहेको छ। स्थानीय आवश्यकता अनुसार केही कार्यक्रम सञ्चालन गरिएका छन्। विद्यालयमा अनुदान वितरण प्रचलित मापदण्डअनुसार गरिएको छ। विद्यालयहरूले सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखापरीक्षण गर्ने अभ्यास विस्तार भइरहेको छ। विद्यालयहरुमा बजेट खर्चमा पारदर्शिता बढ्दै गएको छ भने वित्तीय प्रतिवेदन नियमित पेश हुने अभ्यास बढ्दै गएकोछ । स्थायी, राहत तथा करार शिक्षकबाट पठनपाठन सञ्चालन भइरहेको छ। शिक्षकहरूको पेशागत विकासका लागि तालिम तथा अभिमुखीकरण सञ्चालन हुँदै आएको छ। गाउँपालिकाले नियमित विद्यालय अनुगमन गर्ने प्रयास गरेको छ। प्रधानाध्यापकसँग समन्वय तथा प्रगति समीक्षा हुने गरेको छ।

विद्यालयहरूले IEMIS/EMIS प्रणालीमा विवरण अद्यावधिक गर्दै आएका छन्। तथ्याङ्कका आधारमा योजना निर्माण गर्ने अभ्यास क्रमश बढिरहेको छ। विद्यालयको तथ्याङ्कको गुणस्तरमा सुधार आवश्यक छ । विद्यालय विकासमा समुदायको गुणात्मक सहभागिता बढाउनुपर्ने आवश्यकताछ विद्यालयको नतिजा तथा उपलब्धिको सार्वजनिक समीक्षा नियमित हुनुपर्ने र सेवाग्राही गुनासो व्यवस्थापन प्रणाली प्रभावकारी बनाउनुपर्ने देखिन्छ । छात्रवृत्ति, दिवा खाजा, पाठ्यपुस्तक वितरण तथा परीक्षा व्यवस्थापन नियमित रूपमा सञ्चालन हुँदै आएको छ। अधिकांश विद्यालयमा आधारभूत सेवा उपलब्ध छन्।

गढी गाउँपालिकाको शिक्षा सुशासन र व्यवस्थापनमा शिक्षकको उपलब्धता राम्रो छ। गढी गाउँपालिकाको शिक्षा प्रणालीमा विद्यार्थीशिक्षक अनुपात सम्बन्धी सूचकहरूले विद्यालय व्यवस्थापन, शिक्षक वितरण र शैक्षिक गुणस्तरको अवस्थालाई स्पष्ट रूपमा देखाउँछन्। आधारभूत तह (कक्षा १-५) मा सामुदायिक विद्यालयमा विद्यार्थीशिक्षक अनुपात २५:१ , कक्षा ६-८ मा ३४ : १ आधारभूत तह (कक्षा १-८) मा अनुपात २७ :१ रहेकोले आधारभूत तहमा शिक्षक व्यवस्थापन उचित रहेको देखिन्छ। माध्यमिक तह कक्षा ९-१० मा विद्यार्थीशिक्षक अनुपात २८ :१ र कक्षा ११-१२ मा ३९ :१ छ।

यस गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागिविद्यालय व्यवस्थापन समितिर शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तहसञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय

व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बसेको पाइदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ ।पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

गाउँपालिकाले शिक्षा शाखामार्फत विद्यालय सञ्चालन, अनुगमन, शिक्षक व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधारका कार्यहरू गरिरहेको भए पनि अझै सुशासन र व्यवस्थापनका केही पक्षहरू सुदृढ गर्न आवश्यक देखिन्छ। शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन। सबै विद्यालयमा सामाजिक परीक्षण प्रभावकारी रूपमा नहुनु ,खरिद प्रक्रिया तथा सम्पत्ति व्यवस्थापनमा एकरूपता नहुनु जस्ता समस्या रहेकाले आन्तरिक नियन्त्रण प्रणाली थप सुदृढ गर्नुपर्ने आवश्यकता छ । सिकाइ उपलब्धि, कक्षाकोठा शिक्षण तथा विद्यार्थी उपलब्धिको विश्लेषणमा आधारित शैक्षिक सुपरिवेक्षण अझै सुदृढ हुन आवश्यक छ।

शिक्षा, युवा तथा खेलकुद शाखाको संस्थागत क्षमता विकास सम्बन्धी विद्यमान समस्या तथा चुनौतीहरू

१. स्थानीय तह अनुरूपका आवश्यक निर्देशिका, कार्यविधि, गुणस्तर मापन मापदण्ड र रणनीतिक योजनाहरू पर्याप्त मात्रामा निर्माण हुन नसक्नु ।
२. संस्थागत विद्यालय नियमनमा कठिनाइ छ । निजी विद्यालयहरूको शुल्क निर्धारण, भौतिक पूर्वाधार, शिक्षक-कर्मचारीको सेवा सुविधा र छात्रवृत्ति वितरणको प्रभावकारी अनुगमन संयन्त्र नहुनु ।
३. भौतिक र सूचना तथा सञ्चार उपकरणको अभाव: आधुनिक कार्यसम्पादनका लागि अत्यावश्यक उच्च क्षमताका कम्प्युटर, ल्यापटप, डिजिटल प्रिन्टर र स्क्यानर जस्ता प्राविधिक साधनहरूको पर्याप्त मात्रामा नहुनु ।
४. शाखाको छुट्टै बैठक कक्ष, परामर्श कक्ष र सुरक्षित रूपमा विद्यालयका पुराना फाइल/अभिलेखहरू राख्ने 'रेकर्ड रुमको अभाव हुनु ।
५. प्रशासनीक कार्यमा व्यस्तताका कारण छुट्टै निरीक्षण शाखा नहुँदा ६ वटै वडाका विद्यालयहरूको शैक्षिक, आर्थिक र भौतिक तथा व्यवस्थापकीय पक्षको नियमित एवं नतिजामुखी विद्यालय अनुगमन तथा सुपरिवेक्षण र अनुगमन हुन सकीरहको छैन ।

सुपरीवेक्षणका लागि  शिक्षा निरीक्षक वा शिक्षाका  विज्ञसमुह परिचालन  गर्न र लेखा सम्मवन्धिको जनशक्तिको व्यावस्थापन समयमा कार्यसम्पालन गर्न र विद्यालयतहमा शुसासन व्यवस्थापन प्रणालीको विकास गर्न आवश्यकछ ।

### ६.१.३ उद्देश्य

क) स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,

ख) तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,

ग) स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,

घ) जनशक्तिहरुको संस्थागत क्षमता विकास गर्नु,

### ६.१.४ रणनीतिहरू

क) स्थानीय तहमा शिक्षा व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने।
ख) संस्थागत संरचनाअनुसार आवश्यक जनशक्तिको व्यवस्था गर्ने।
ग) कार्यरत शिक्षक, कर्मचारी र प्रधानाध्यापकको क्षमता विकास गर्ने।
घ) शिक्षक पेशागत सहयोग प्रणाली स्थापन गरी उनीहरूको व्यावसायिक विकास सुनिश्चित गर्ने।
ङ) प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई नेतृत्व र क्षमता विकास गर्ने।
च) विद्यालय कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने।
छ) विद्यालय प्रशासन र व्यवस्थापन संरचना सुधार गर्ने।
ज) शिक्षक, प्रधानाध्यापक र कर्मचारीको पेशागत क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने।
झ) विद्यालय, शिक्षक र विद्यार्थीको कार्यसम्पादन नियमित अनुगमन र मूल्याङ्कन गर्ने।
ञ) मानव, वित्तीय र भौतिक स्रोतको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने।
ट) स्थानीय सरकार, समुदाय र सरोकारवालासँग सहकार्य र समन्वय बढाउने।
ठ) ICT र डिजिटल प्रणालीमार्फत प्रशासन र शिक्षणसिकाइ प्रक्रियालाई सुदृढ गर्ने।
ड) विद्यालय सुधार योजना, बजेट र नीति निर्माणमा क्षमता अभिवृद्धि गर्ने।
ढ) आपतकालीन अवस्थामा विद्यालय व्यवस्थापन र शिक्षकहरूको तयारी क्षमता विकास गर्ने।

### ६.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

*क. अपेक्षित उपलब्धिः*

१. योजनाबद्ध व्यवस्थापन र संगठनात्मक सुधारले गर्दा नीति निर्माणदेखि कार्यान्वयनसम्मका सबै तहमा प्रशासनिक कार्यदक्षता र सेवा प्रवाह चुस्त भएको हुनेछ ।
२. विद्यालय र शैक्षिक निकायहरूको आन्तरिक क्षमता सुदृढ हुँदा उपलब्ध स्रोत, साधन र बजेटको अधिकतम उपयोग भई पारदर्शिता एवं संस्थागत सुशासन कायम भएको हुनेछ।
३. शिक्षक तथा शैक्षिक जनशक्तिको निरन्तर पेशागत विकास र क्षमता अभिवृद्धिले गर्दा कक्षाकोठाको शिक्षण सिकाई क्रियाकलाप बढी प्रभावकारी र प्रविधिमैत्री भएको हुनेछ ।
४. अनुगमन, मूल्याङ्कन र सूचना प्रणाली (जस्तै IEMIS) को सबलीकरणका कारण प्राप्त हुने वास्तविक तथ्याङ्कका आधारमा शैक्षिक क्षेत्रमा दूरगामी र नतिजामुखी निर्णयहरू लिन सहज भएको हुनेछ।

## ख. प्रमुख क्रियाकलाप र लक्ष्य

### तालिका नं. ३६

## विद्यालय सुशासन तथा व्यवस्थापन (संस्थागत क्षमता विकास) कार्यक्रमका

## प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन ढाँचा निर्माण | पटक | १ | ० | ० | ० | ० | १ | २ |
| ३ | वार्षिक शैक्षिक कार्यपात्रो निर्माण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | मापदण्डको आधारमा प्रधानाध्यापक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | शिक्षा शाखाबाट विद्यालय अनुगमन तथा सुपरिवेक्षण | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| ६ | विद्यालयको लेखा तथा सामाजिक परीक्षण गर्ने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | विद्यालयमा विपद् व्यवस्थापन योजना निर्माण गर्ने | पटक | २८ | २८ | २८ | २८ | २८ | १४० | २८० |
| ८ | विद्यालयका गतिविधिहरू सार्वजनिक गर्ने | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | १४० | २८० |
| ९ | विद्यालय सुधार योजना कार्यान्वयनको समीक्षा | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | १४० | २८० |
| १० | विद्यालयमा सार्वजनिक खरिद र लेखा सम्बन्धी तालीम | जना | ० | २४ | २४ | ० | ० | ४८ | ९६ |
| ११ | बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि,२०७९ कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | विद्यार्थी तथा अभिभावकहरूको गुनासो सुनुवाइको व्यवस्था गर्ने | विद्यालय | २८ | ० | ० | ० | ० | २८ | ५६ |
| १३ | सामाजिक लेखापरीक्षण र प्रतिवेदनलाइ सार्वजनिक गर्ने | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | १४० | २८० |
| १४ | प्रधानाध्यापक तथा विषय शिक्षकहरूको नियमित बैठक सञ्चालन खर्च | पटक | १० | १० | १० | १० | १० | ५० | १०० |
| १५ | विद्यालयको कार्यसम्पादन मूल्याङकन गर्ने | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | १४० | २८० |
| १६ | विद्यालयका प्र. अ. हरुसँग कार्यसम्पादन सम्झौता र अभिमुखीकरण | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | १४० | २८० |
| १७ | SMC/PTA /आमा समूह क्षमता विकास | जना | २८ | २८ | २८ | २८ | २८ | १४० | २८० |
| १८ | शैक्षिक तथ्याङ्क तथा सूचना तयारी, प्रकाशन र प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १९ | प्रधानाध्यापकलाई प्रोत्साहन अनुदान/भत्ता | जना | २४ | २४ | २४ | २४ | २४ | १२० | २४० |

## ग) प्रमुख क्रियाकलापहरू तथा बजेटः

तालिका नं. ३७

विद्यालय सुशासन तथा व्यवस्थापन (संस्थागत क्षमता विकास) कार्यक्रमका प्रमुख क्रियाकलाप तथा बजेट

| क्र. स. | प्रमुख क्रियाकलाप | वित्तिय लक्ष्य (५ वर्ष) रु ००० मा | | | | | | स्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | संघ | प्रदेश | स्थानीय तह | समुदाय र अन्य |
| १ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | २०० | २०० | २०० | २०० | २०० | १००० | ० | ० | १००० | ० |
| २ | अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन ढाँचा निर्माण | १०० | ० | ० | ० | ० | १०० | ० | ० | १०० | ० |
| ३ | वार्षिक शैक्षिक कार्यपात्रो निर्माण गर्ने | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |
| ४ | मापदण्डको आधारमा प्रधानाध्यापक व्यवस्थापन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | शिक्षा शाखाबाट विद्यालय अनुगमन तथा सुपरिवेक्षण | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ० | ० | २००० | ० |
| ६ | विद्यालयको लेखा तथा सामाजिक परीक्षण गर्ने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | विद्यालयमा विपद् व्यवस्थापन योजना निर्माण गर्ने | ४२० | ४२० | ४२० | ४२० | ४२० | २१०० | २१०० | ० | ० | ० |
| ८ | विद्यालयका गतिविधिहरू सार्वजनिक गर्ने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | विद्यालय सुधार योजना कार्यान्वयनको समीक्षा | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | ० | ० | ० |
| १० | विद्यालयमा सार्वजनिक खरिद र लेखा सम्बन्धी तालीम | ० | ३०० | ३०० | ० | ० | ६०० | ० | ० | ६०० | ० |
| ११ | बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि,२०७९ कार्यान्वयन | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | ० | ० | ० |
| १२ | बिद्यार्थी तथा अभिभावकहरूको गुनासो सुनुवाइको व्यवस्था गर्ने | १४० | ० | ० | ० | ० | १४० | ० | ० | १४० | ० |
| १३ | सामाजिक लेखापरीक्षण र प्रतिवेदनलाइ सार्वजनिक गर्ने | १४० | १४० | १४० | १४० | १४० | ७०० | ७०० | ० | ० | ० |
| १४ | प्रधानाध्यापक तथा विषय शिक्षकहरूको नियमित बैठक सञ्चालन खर्च | २०० | २०० | २०० | २०० | २०० | १००० | ० | ० | १००० | ० |
| १५ | विद्यालयको कार्यसम्पादन मूल्याङकन गर्ने | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| १६ | विद्यालयका प्र. अ. हरुसँग कार्यसम्पादन सम्झौता र अभिमुखीकरण | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |
| १७ | SMC/PTA /आमा समूह क्षमता विकास | १४० | १४० | १४० | १४० | १४० | ७०० | ० | ० | ७०० | ० |
| १८ | शैक्षिक तथ्याङ्क तथा सूचना तयारी, प्रकाशन र प्रबोधीकरण | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० | ० | ० | ० |
| १९ | प्रधानाध्यापकलाई प्रोत्साहन अनुदान/भत्ता | १४४ | १४४ | १४४ | १४४ | १४४ | ७२० | ७२० | ० | ० | ० |
| | **जम्मा** | २५३४ | २५९४ | २५९४ | २२९४ | २२९४ | १२३१० | ५५२० | ० | ६७९० | ० |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षाको व्यवस्थापन, सञ्चालन र विकासको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ। यस सन्दर्भमा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको शैक्षिक आवश्यकता, प्राथमिकता र स्रोत साधनलाई ध्यानमा राखी शिक्षा योजना तयार गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ।स्थानीय शिक्षा योजना भनेको स्थानीय तहको शिक्षा क्षेत्रलाई व्यवस्थित, गुणस्तरीय र समावेशी बनाउने उद्देश्यले तय गरिएको रणनीतिक र कार्यान्वयनमुखी योजना हो।यसले विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, वैकल्पिक शिक्षा, साक्षरता, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार, सिकाइ उपलब्धि सुधार लगायतका विषयलाई समेट्छ।स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत योजना निर्माण, स्रोत व्यवस्थापन, कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कनका स्पष्ट प्रक्रिया र संरचनाहरू तय गरिन्छ। यस प्रक्रियामा स्थानीय सरकार, विद्यालय, शिक्षक, अभिभावक, समुदाय तथा सम्बन्धित सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिन्छ।

### ६.२.२ वर्तमान अवस्थाः

गाउँपालिकाले स्थानीय सरकारको अधिकार क्षेत्रअनुसार शिक्षा क्षेत्रको व्यवस्थित विकासका लागि स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध गर्नेछ। गाउँपालिकाले शिक्षा शाखामार्फत विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, समावेशी तथा वैकल्पिक शिक्षा कार्यक्रमहरूको समन्वय र व्यवस्थापन गर्नेछ। योजना कार्यान्वयन अन्तर्गत गाउँपालिकाले विद्यालयहरूको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने, विद्यालय सुधार योजना कार्यान्वयनमा सहजीकरण गर्ने, शिक्षक दरबन्दी व्यवस्थापन तथा आवश्यकता अनुसार पुनर्वितरण गर्ने, रिक्त पदमा शिक्षक नियुक्ति प्रक्रियामा सहजीकरण गर्ने तथा शिक्षकहरूको पेशागत क्षमता विकासका लागि तालिम, कार्यशाला, क्लस्टर बैठक र मेन्टरिङ कार्यक्रम सञ्चालन गर्नेछ। साथै सिकाइ उपलब्धि सुधार, समावेशी तथा समान पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गर्ने, विद्यालय पूर्वाधार विकास गर्ने, शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने तथा नियमित अनुगमन र मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउने कार्यहरू पनि गरिनेछन्। यसका अतिरिक्त गाउँपालिकाले सरोकारवालासँग समन्वय गरी स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा योजना कार्यान्वयनलाई प्रभावकारी बनाउने तथा आवश्यक जनशक्ति, स्रोत व्यवस्थापन र तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई सुदृढ गर्ने प्रयास गर्नेछ। जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण वजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तैयारी, विभिन्न सरोकारवालाहरुलाई कार्यक्रमहरुको बारेमा प्रबोधिकरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिएको छ ।

### ६.२.३ उद्देश्यहरुः

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

२.स्थानीय स्तरमा उपलब्ध स्रोत, साधन र बजेटको अधिकतम उपयोग गरी सबै नागरिकमा शिक्षाको समन्यायिक पहुँच र समता सुनिश्चित गर्नु।
३. विद्यालयहरूको भौतिक, प्रशासनिक र शैक्षिक पक्षको नियमित अनुगमन तथा मूल्याङ्कन गरी समग्र शिक्षण सिकाईको गुणस्तरमा सुधार ल्याउनु।
४. स्थानीय आवश्यकता, पहिचान र मौलिकता अनुकूलको पाठ्यक्रम तथा शैक्षिक कार्यक्रमहरू निर्माण गरी कार्यान्वयनमा सहजता ल्याउनु।

### ६.२.४ रणनीतिहरू

क) संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

ख) बार्षिक कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

ग) नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

घ) एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने ।

ङ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

च) विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने ।

छ) विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

ज) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

झ) अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

ञ) सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ६.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः**

१. स्थानीय तहमा रहेका सबै बालबालिकाहरूको शिक्षामा समन्यायिक पहुँच स्थापित भएको हुनेछ
२. विद्यालयहरूको नियमित अनुगमन, मूल्याङ्कन र भौतिक सुधार हुन गई शिक्षण सिकाई क्रियाकलाप प्रविधिमैत्री बन्नुका साथै शैक्षिक गुणस्तरमा सुधार आउनेछ।
३. शिक्षा व्यवस्थापनमा स्थानीय समुदाय र अभिभावकहरूको अर्थपूर्ण सहभागिता बढ्नेछ, जसले गर्दा विद्यालय प्रशासनमा पारदर्शिता, अपनत्व र सुशासन कायम भएको हुनेछ।
४ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ

## ख प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

तालिका नं. ३८

स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्धः कार्यक्रमका प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | वार्षिक कार्यक्रम र बजेट तर्जुमा | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | आवश्यक कानुन, निर्देशिका तथा कार्यविधिको निर्माण तथा विकास | पटक | १ | १ | ० | ० | ० | २ | ४ |
| ४ | कानुन, निर्देशिका तथा मापदण्डको प्रबोधीकरण | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | १४० | २८० |
| ५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | विद्यालय सुधार योजना निर्माण, अद्यावधिक तथा समीक्षा | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | १४० | २८० |
| ७ | शैक्षिक गुणस्तर सुधार सम्वन्धी बार्षिक समीक्षात्मक अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी वार्षिक समीक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | शिक्षा योजना कार्यान्वयनका लागि स्पष्ट संस्थागत संरचना तथा जिम्मेवारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | वार्षिक कार्ययोजना (AIP) तथा बजेटसँग शिक्षा योजना आवद्धीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | अन्तर–निकाय समन्वय तथा साझेदारी संयन्त्र सदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | नियमित अनुगमन, सुपरिवेक्षण तथा [illegible] | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १३ | पारदर्शिता, सामाजिक लेखापरीक्षण तथा सार्वजनिक सुनुवाइ कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १४ | विद्यालयतहमा जोखिम व्यवस्थापन तथा समस्या समाधान संयन्त्र विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ग) प्रमुख क्रियाकलाप र बजेट

तालिका नं. ३९

विद्यालय सुशासन तथा व्यवस्थापन (स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध) कार्यक्रमका प्रमुख क्रियाकलाप तथा बजेट

| क्र. स. | प्रमुख क्रियाकलाप | वित्तिय लक्ष्य (५ वर्ष) रु ००० मा | | | | | | स्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | संघ | प्रदेश | स्थानीय तह | समुदाय र अन्य |
| १ | वार्षिक कार्यक्रम र बजेट तर्जुमा | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | ० | ० | ० |
| २ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | ० | ० | ० |
| ३ | आवश्यक कानुन, निर्देशिका तथा कार्यविधिको निर्माण तथा विकास | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | ० | ० | ० |
| ४ | कानुन, निर्देशिका तथा मापदण्डको प्रबोधीकरण | १४० | १४० | १४० | १४० | १४० | ७०० | ७०० | ० | ० | ० |
| ५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) सुदृढीकरण | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | ० | ० | ० |
| ६ | विद्यालय सुधार योजना निर्माण, अद्यावधिक तथा समीक्षा | ५६ | ५६ | ५६ | ५६ | ५६ | २८० | ० | ० | २८० | ० |
| ७ | शैक्षिक गुणस्तर सुधार सम्वन्धी वार्षिक समीक्षात्मक अन्तरक्रिया | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | ० | ० | ० |
| ८ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी वार्षिक समीक्षा कार्यक्रम | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | ० | ० | ० |
| ९ | शिक्षा योजना कार्यान्वयनका लागि स्पष्ट संस्थागत संरचना तथा जिम्मेवारी निर्धारण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | वार्षिक कार्ययोजना (AIP) तथा बजेटसँग शिक्षा योजना आवद्धीकरण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | अन्तर–निकाय समन्वय तथा साझेदारी संयन्त्र सुदृढीकरण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १२ | नियमित अनुगमन, सुपरिवेक्षण तथा प्रगति प्रतिवेदन प्रणाली स्थापना | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | ० | ० | ० |
| १३ | पारदर्शिता, सामाजिक लेखापरीक्षण तथा सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन | १५० | १५० | १५० | १५० | १५० | ७५० | ० | ० | ७५० | ० |
| १४ | विद्यालयतहमा जोखिम व्यवस्थापन तथा समस्या समाधान संयन्त्र विकास | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | ० | ० | ० |
| | **जम्मा** | ८९६ | ८९६ | ८९६ | ८९६ | ८९६ | ४४८० | ३४५० | ० | १०३० | ० |

# परिच्छेद ७
# लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचय

नेपालको संवैधानिक प्रावधान अनुसार सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, बैकल्पिक शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येही, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षालाई विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाक्षेत्रको समयसापेक्ष रुपमा जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल राष्ट्रिय बजेटको २० प्रतिशत बजेट शिक्षामा विनियोजन गर्न सुझाव गरिएता पनि सो अनुपातमा बजेट विनियोजन हुन सकेको छैन । शिक्षा क्षेत्रलाई आवश्यक पर्ने वजेटको यथार्थताको नजिक रहेर होइन हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ। संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ।विद्याहलयहरुको कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा नै रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु तथा स्थानीय तहको एकल अधिकारका रुपमा समेत विद्यालय शिक्षालाई स्पष्ट गरिनुले शिक्षामा लगानीको राम्रो अवसर प्रदान गरेको छ ।

## ७.२ वर्तमान अवस्था

शिक्षा योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्रोत व्यवस्थापन एक अनिवार्य र आधारभूत पक्ष हो यसले मानव, आर्थिक र भौतिक साधनहरूको उचित परिचालन र बाँडफाँड सुनिश्चित गर्दछ ।यसको मद्दतले लक्षित शैक्षिक उद्देश्यहरू प्राप्ति हुनुका साथै गुणस्तरीय शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन मद्दत गर्दछ । स्रोतको परिचालन, ससर्त अनुदानको वितरण तथा लगानीको मापदण्डका हिसाबले स्थानीय तहहरूमा उल्लेखनीय विविधताहरू छन् जसले विभिन्न समुदायमा तथा विद्यार्थीको विभिन्न समूहमा शैक्षिक सेवाको गुणस्तर तथा समतामा गम्भीर असमानता निम्त्याउन सक्दछ ।गाउँपालिकापालिकाको स्रोत स्थानीय तहमा शिक्षा खर्च धान्न अपर्याप्त हुन्छ। नेपाल सरकारको पछिल्ला तीन आर्थिक वर्षका बजेटहरू विश्लेषण गर्दा शिक्षा मन्त्रालयको बजेट रकम निरन्तर वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०८०/८१ मा कुल रु. १७ खर्ब ५१ अर्ब बजेटमध्ये शिक्षा मन्त्रालयका लागि रु. १९७ अर्ब (११.३ प्रतिशत) विनियोजन गरिएको थियो। आर्थिक वर्ष २०८१/८२ मा शिक्षा बजेट बढेर रु. २०३.७ अर्ब पुगे पनि कुल बजेटमा यसको हिस्सा १०.९ प्रतिशतमा सीमित रह्यो। त्यसैगरी, आर्थिक वर्ष २०८२/८३ मा शिक्षा मन्त्रालयको बजेट रु. २११.२ अर्ब पुगे पनि कुल बजेटमा यसको हिस्सा १०.८ प्रतिशत मात्र रहेको छ। यसले शिक्षा क्षेत्रमा विनियोजन हुने रकम बढ्दै गए पनि कुल सरकारी बजेटमा शिक्षा क्षेत्रको प्राथमिकता अपेक्षित रूपमा विस्तार हुन नसकेको देखाउँछ। हालको विनियोजन अन्तर्राष्ट्रिय रूपमा सिफारिस गरिएको १५ देखि २० प्रतिशतको तुलनामा उल्लेखनीय रूपमा कम रहेको छ।कोशी प्रदेश सरकारको सन्दर्भमा पनि शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखिएको भए तापनि प्रदेशको कुल बजेटमा शिक्षा क्षेत्रको हिस्सा के कति गर्ने र हुने भन्ने कहिकतै उल्लेख गरेको देखिदैन।

प्रदेश सरकारबाट विद्यालय पूर्वाधार, प्राविधिक शिक्षा, सूचना तथा सञ्चार प्रविधि, शिक्षक क्षमता विकास तथा शैक्षिक गुणस्तर सुधारका कार्यक्रम सञ्चालन गरिए पनि शिक्षा क्षेत्रमा हुने लगानीको अनुपात ज्यादै न्युन छ । यसले प्रदेश सरकारले पनि शिक्षा क्षेत्रमा वित्तीय प्राथमिकता थप वृद्धि गर्नुपर्ने आवश्यकता औंल्याउँछ।

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ। सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । विद्यार्थी पहुँच ,गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन

शिक्षा क्षेत्रको प्रभावकारी सञ्चालन, गुणस्तरीय सिकाइ उपलब्धि हासिल तथा शैक्षिक सेवामा समान पहुँच सुनिश्चित गर्न स्रोत व्यवस्थापन अत्यन्त आवश्यक हुन्छ। शिक्षा योजनाले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य पुरा गर्न आर्थिक, भौतिक, मानवीय, प्राविधिक तथा सूचना स्रोतको उचित पहिचान, परिचालन, वितरण र उपयोग गर्न सकिएमा मात्र शिक्षा प्रणाली प्रभावकारी बन्न सक्छ। सीमित स्रोतलाई आवश्यकता र प्राथमिकताका आधारमा न्यायोचित रूपमा परिचालन गर्नु, उपलब्ध स्रोतको अधिकतम उपयोग गर्नु तथा स्रोत अभाव भएका क्षेत्रमा थप स्रोत जुटाउनु स्रोत व्यवस्थापनको मुख्य उद्देश्य हो। यसले विद्यालयको भौतिक पूर्वाधार विकास, शिक्षक व्यवस्थापन, शैक्षिक सामग्रीको उपलब्धता, प्रविधिमैत्री शिक्षण, विद्यार्थीको सिकाइ सुधार तथा समावेशी शिक्षाको प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउँछ।

आन्तरिक आयस्रोत पालिकाको ज्यादै कम भएका कारण गढी गाउँपालिकाको शिक्षा स्रोत व्यवस्थापनमा अझै केही चुनौतीहरू रहेका छन्। विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधारको समान विकास हुन नसक्नु, विषयगत तथा दक्ष शिक्षकको पर्याप्त व्यवस्थापन, सूचना प्रविधिको पहुँच विस्तार, विद्यालय अनुगमन तथा शैक्षिक गुणस्तर सुधारका लागि पर्याप्त स्रोतको अभाव जस्ता विषयहरू सुधार गर्नुपर्ने क्षेत्रका रूपमा रहेका छन्। आगामी गाउँ शिक्षा योजनाले उपलब्ध स्रोतको प्रभावकारी उपयोग, स्थानीय स्रोत परिचालन, साझेदारी विकास तथा प्राथमिकताका आधारमा बजेट विनियोजन गरी शिक्षा क्षेत्रमा दीगो र प्रभावकारी स्रोत व्यवस्थापन गर्ने रणनीति अवलम्बन गर्न आवश्यक छ।

यसबाट गढी गाउँपालिकाको शिक्षा प्रणालीलाई गुणस्तरीय, समावेशी र परिणाममुखी बनाउन सहयोग पुग्नेछ।दशवर्षिय गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । गढी गाउँपालिकाको विगत र चालु वर्षको शिक्षाको बार्षिक विनियोजित बजेको स्रोत व्यवस्थापन निम्न अनुसार रहेको छ ।

तालिका नं. ४०

पालिकाको आ.व. २०८०/८१ देखि २०८२/८३ सम्म ३ वर्षको लगानीको अवस्थाः रु हजारमा

| आर्थिक वर्ष | कुल पालिका | शिक्षा तर्फको बजेट | | | शिक्षा तर्फको कुल बजेट | कुल बजेटमाशिक्षाको | कुल शिक्षा | कुल शिक्षा बजेटमा | कुल शिक्षा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | | | | | |
| २०८०/८१ | ४८२१३५ | १२१७७४ | ० | ९०९४ | १३०८४१ | २७.१३% | ९३.०७% | ० | ६.९५% |
| २०८१/८२ | ४८२९२९ | १३४७४५ | १३०० | ९२०९ | १४५२५४ | ३०.०७% | ९२.८% | ०.८९४% | ६.३३% |
| २०८२/८३ | ५६८१०० | १३९२९०।१ | २२०० | ९६६० | १५११५०।१ | २६.६२% | ९२.१% | १.५% | ६.६% |

स्रोतः गढी गा पा बजेट तथा कार्यक्रम

गढी गाउँपालिकाको शिक्षा क्षेत्रमा आर्थिक वर्ष २०८०/८१ देखि २०८२/८३ सम्म भएको लगानीको अवस्था देखाउँछ। यस अवधिमा कुल पालिका बजेट क्रमशः रु. ४८२१३५ हजार , रु. ४८२९२९ हजार र रु. ५६८१०० हजार पुगेको छ भने शिक्षा क्षेत्रमा क्रमशः रु. १३०८४१ हजार रु. १४५२५४ हजार र रु. १५११५० हजार विनियोजन गरिएको छ। कुल पालिका बजेटमध्ये शिक्षा क्षेत्रमा गरिएको लगानी क्रमशः २७.१३ प्रतिशत, ३०.०७ प्रतिशत र २६.६२ प्रतिशत रहेको छ। यसबाट शिक्षा क्षेत्रमा विनियोजन गरिएको बजेट रकम प्रत्येक वर्ष बढ्दै गएको भए पनि आर्थिक वर्ष २०८२/८३ मा कुल पालिका बजेट उल्लेखनीय रूपमा वृद्धि भएकाले शिक्षा क्षेत्रको बजेट अनुपात अघिल्लो वर्षको तुलनामा केही घटेको देखिन्छ।

स्रोतगत विश्लेषण गर्दा शिक्षा बजेटको प्रमुख आधार संघीय सरकार रहेको स्पष्ट हुन्छ। तीनै आर्थिक वर्षमा कुल शिक्षा बजेटको ९२ देखि ९३ प्रतिशतभन्दा बढी हिस्सा संघीय सरकारबाट प्राप्त भएको छ भने प्रदेश सरकारको योगदान ० देखि १.५ प्रतिशत र स्थानीय स्रोतको योगदान ६देखि ७ प्रतिशत को हाराहारीमा सीमित रहेको देखिन्छ। यसले गढी गाउँपालिकाको शिक्षा क्षेत्र संघीय अनुदानमा अत्यधिक निर्भर रहेको तथा स्थानीय र प्रदेश स्रोतको योगदान अपेक्षाकृत न्यून रहेको संकेत गर्दछ। त्यसैले दीर्घकालीन रूपमा शिक्षा क्षेत्रलाई थप दिगो र आत्मनिर्भर बनाउन स्थानीय राजस्व परिचालन, प्रदेश सरकारसँगको समन्वय तथा अन्य वैकल्पिक स्रोत परिचालनलाई प्राथमिकता दिन आवश्यक देखिन्छ।

तालिका नं. ४१

पालिको ५ वर्ष (२०८३-२०८७) का लागि वित्तीय श्रोतको व्यवस्थापन (रु.हजारमा)

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट (रु.००० मा) | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | ८२०७२७ | ८०.८७% | |
| २ | प्रदेश सरकार | ६८७२५ | ६.७७% | |
| ३ | स्थानीय सरकार | १२३१९० | १२.१३% | |
| ४ | अभिभावक तथा समुदाय | २२०० | ०.२३% | |
| जम्मा | | १०१४८४२ | १००% | |

## ७.३ उद्देश्य

क) योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,

ख) पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,

ग) उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

घ) खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु

## ७.४ रणनीतिहरू

क) सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,

ख) आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,

ग) स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने,

घ) वार्षिक रूपमा कुल बजेटको १५ प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,

ङ) शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने,

च) मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,

छ) वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने ।

## ७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क. उपलब्धि**

- शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने

**ख. प्रमुख क्रियाकलाप र लक्ष्य**

## तालिका नं. ४२

| क्र.स. | प्रमुख क्रियाकलाप | लगानी र स्रोत व्यवस्थापन अन्तर्गत १० वर्षे मुख्य लक्ष्य |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | पर्याप्त बजेट विनियोजन गरी बालविकास केन्द्रहरूको भौतिक पूर्वाधार र सहयोगी कार्यकर्ताको सेवा-सुविधामा लगानी सुनिश्चित गर्ने। |
| २ | आधारभूत शिक्षा | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको पूर्ण कार्यान्वयनका लागि प्रति-विद्यार्थी लागत का आधारमा दिगो स्रोतको प्रबन्ध गर्ने। |
| ३ | माध्यमिक शिक्षा | माध्यमिक तहमा विज्ञान, प्रविधि र गणित शिक्षाको प्रवर्द्धन गर्न विद्यालयहरूमा प्रयोगशाला र दक्ष जनशक्ति व्यवस्थापनका गर्ने। |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | रोजगारमुलक र सीपयुक्त प्राविधिक शिक्षाका लागि स्थानीय उद्योग र व्यावसायिक क्षेत्रसँग साझेदारी गरी सीपमुलक तालिम प्रवर्द्धन गर्ने। |
| ५ | अनौपचारिक तथा आजीवन सिकाइ | प्रौढ शिक्षा, साक्षरता उत्तर कार्यक्रम र सामुदायिक सिकाई केन्द्रहरूको दीगो सञ्चालनका लागि निरन्तर स्थानीय बजेट र स्रोत सुनिश्चित गर्ने। |
| ६ | पाठ्यक्रम तथा मूल्याङ्कन | स्थानीय आवश्यकता अनुकूलको पाठ्यक्रम निर्माण र आधुनिक (प्रविधिमैत्री) मूल्याङ्कन प्रणाली विकासका लागि आवश्यक अनुसन्धान र छपाई बजेटको प्रबन्ध गर्ने। |
| ७ | शिक्षक व्यवस्थापन र विकास | शिक्षकहरूको दरबन्दी मिलान, निरन्तर पेसागत विकास र कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ताका लागि आन्तरिक स्रोतको दीगो व्यवस्थापन गर्ने। |
| ८ | शिक्षामा समता र समावेशीता | अपाङ्गता भएका, सीमान्तकृत र विपन्न वर्गका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याउन छात्रवृत्ति र लक्षित कार्यक्रमहरूमा लगानी बढाउने |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | सबै लक्षित कक्षाका विद्यार्थीहरूका लागि स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम र स्वास्थ्य परीक्षण सेवालाई बजेटरी दायरामा ल्याउने। |
| १० | विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता | भूकम्प, बाढी जस्ता प्राकृतिक विपद् र जलवायु परिवर्तनको जोखिम सामना गर्न प्रत्येक विद्यालयमा 'विपद् व्यवस्थापन कोष' र आकस्मिक बजेटको व्यवस्था गर्ने। |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | भूकम्प प्रतिरोधात्मक भवन, अपाङ्गतामैत्री संरचना, सुरक्षित खानेपानी र छात्र-छात्राका लागि छुट्टाछुट्टै शौचालय निर्माणमा पुँजीगत लगानी केन्द्रित गर्ने। |
| १२ | विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि | सबै विद्यालयमा उच्च गतिको इन्टरनेट, कम्प्युटर ल्याब र डिजिटल सिकाई सामग्री (E-Learning) को पहुँच पुऱ्याउन आइसिटी (ICT) पूर्वाधारमा विशेष लगानी गर्ने। |
| १३ | सुशासन तथा व्यवस्थापन | |
| क | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | शैक्षिक प्रशासन र स्थानीय तहको शिक्षा शाखालाई साधन-सम्पन्न बनाउँदै कर्मचारीहरूको क्षमता अभिवृद्धि र प्रणाली सुदृढीकरणमा वित्तीय लगानी बढाउने। |
| ख | शिक्षा योजनाको कार्यान्वयन | तयार पारिएका आवधिक तथा रणनीतिक शिक्षा योजनाहरूलाई बिना अवरोध समयमै कार्यान्वयन गर्न बहुवर्षीय वित्तीय योजना (MTEF) सँग आबद्ध गर्ने। |

| | | |
|---|---|---|
| १४ | अनुगमन तथा मूल्याङ्कन | शैक्षिक कार्यक्रमहरूको वास्तविक प्रभाव मापन गर्न र सूचकहरू ट्र्याक गर्नका लागि कुल शिक्षा बजेटको निश्चित प्रतिशत रकम छुट्टै अनुगमनका लागि सुरक्षित गर्ने। शैक्षिक प्रशासन र स्थानीय तहको शिक्षा शाखालाई साधन-सम्पन्न बनाउँदै कर्मचारीहरूको क्षमता अभिवृद्धि र प्रणाली सुदृढीकरणमा वित्तीय लगानी बढाउने। |

## विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको बजेट अनुमान

तालिका नं. ४३

विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको बजेट अनुमान

| बजेट अनुमान | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **१** | **प्रारम्भिक वालविकास र शिक्षा** | वित्तिय लक्ष्य (५ वर्ष) रु ००० मा | | | | | | स्रोत आँकलन | | | |
| क्र. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | संघ | प्रदेश | स्थानीय तह | समुदाय र अन्य |
| १ | प्रारम्भिक वालविकास र शिक्षा | १२८०३ | १२७६३ | १३०४१ | १२९२३ | १३४४८ | ६४९७८ | ४००४० | ० | २४९३८ | ० |
| २ | आधारभुत शिक्षा | ८०७२४ | ८०७०४ | ८०७८९ | ८०८७५ | ८०९६४ | ४०४०५६ | ४००१६५ | ० | ३८९१ | ० |
| ३. | माध्यमिक शिक्षा | २३३२५ | २४३१२ | २४३२५ | २४३३९ | २४५५३ | १२०८५४ | १०८२७९ | ० | १०५७५ | २००० |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक | ६७९८ | ६७९८ | ६७९८ | ६७९८ | ६७९८ | ३३९९२ | ३३९९२ | ० | ० | ० |
| ५. | अनौपचारिक तथा आजीवन सिकाइ | १७२५० | १८०६० | १७७६० | १७७६० | १७७६० | ८८५९० | ४९३५० | ० | ३९०४० | २०० |
| ६ | पाठ्यक्रम तथा मूल्याङ्कन | १०९० | १९४२ | १९६३ | २१८४ | १९०६ | ९०८६ | ५४९७ | ० | ३५८८ | ० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ३०५४ | ३१५४ | ३३५४ | २७५४ | २७५४ | १५०७० | ६३८० | ० | ८६९० | ० |
| ८ | शिक्षामा समता र समावेशीता | ३२५३ | ३२५३ | ४६२८ | ४६२८ | ३२५३ | १९०१५ | १८१२५ | ० | ८९० | ० |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य | १४०८९ | १४७९२ | १५४९९ | १६२१२ | १६९२९ | ७७५२१ | ६९२४६ | ६८७५ | १४०० | ० |
| १० | विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलता | २२९६ | २२८६ | २०४६ | २०४६ | २२८६ | १०९६० | १४३० | ६००० | ३५३० | ० |
| ११ | विद्यलय भौतिक पूर्वाधार विकास | २५१०० | २६१५६ | २७६०० | २७८०० | २९००० | १३५६५६ | ७१५२८ | ५५८५० | ८२७८ | ० |
| १२ | विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि | २२४५ | २३४५ | ३०९५ | २५४५ | २५४५ | १२७७५ | ७१०० | ० | ५६७५ | ० |
| १३ | सुशासन तथा व्यवस्थापन | | | | | | | | | | |
| क | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | २५३४ | २५९४ | २५९४ | २२९४ | २२९४ | १२३१० | ५५२० | ० | ६७९० | ० |
| ख | शिक्षा योजनाको कार्यान्वयन | ८९६ | ८९६ | ८९६ | ८९६ | ८९६ | ४४८० | ३४५० | ० | १०३० | ० |
| १४ | अनुगमन तथा मूल्याङ्कन | ११०० | ११०० | ११०० | ११०० | ११०० | ५५०० | ६२५ | ० | ४८७५ | ११०० |
| | कुल जम्मा | १९६५५७ | २०११५५ | २०५४८९ | २०५१५५ | २०६४८६ | १०१४८४२ | ८२०७२७ | ६८७२५ | १२३१९० | २२०० |

# परिच्छेद ८
# अनुगमन तथा मूल्याङ्कन

## ८.१ परिचय

स्थानीय तहले शिक्षा कार्यक्रम कार्यान्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ। स्थानिय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिईएको छ।प्रत्येक बिद्यालयले र स्थानीय तहले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन।कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध शिक्षा शाखाले गर्नेछ। कार्यक्रमहरुको कार्यान्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको अनुगमन गरिनेछ।विद्यालय अनगुमनका क्रममा उप-महापालिकापालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन्।अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ।कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ।

## ८.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ।खासगरी शिक्षा शाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ।बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ।कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन।प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ। सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरूनियमित रूपमा भैरहेका छन्।सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ।

गाउँ शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ।योजनाको कार्यान्वयनको क्रममा

गाउँपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ।

## ८.३ उद्देश्य

क) अनुगमन तथा मूल्यांकनको लागि संयन्त्रको निर्माण गर्नु
ख) अनुमगन तथा मूल्यांकन प्रणालीलाई नतिजामा आधारित बनाउनु
ग) योजना कार्यान्वयनको क्रममा आएका समस्या तथा चुनौतिहरुलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्नु

## ८.४ रणनीतिहरू

क) प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने ।
ख) शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने ।
ग) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।
घ) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
ङ) विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित गर्ने
च) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।
छ) योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

## ८.५ पालिका शिक्षा योजनाको अनुगमन तथा मूल्याङ्कन कार्ययोजना

कुनै पनि योजना आफैंमा परिपूर्ण हुँदैन र कार्यान्वयनका अवधिमा समीक्षा, परिमार्जन तथा समायोजन हुनसक्छ। यो १० वर्षे पालिका शिक्षा योजनालाई प्रभावकारी र नतिजामुखी ढङ्गले कार्यान्वयन गर्न शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख जिम्मेवार निकाय हुनेछ। योजनालाई गति दिन गाउँ शिक्षा समिति, विषयगत कार्यदल र प्राविधिक समितिहरू गठन गरी सक्रिय बनाइनेछ। साथै, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक र अभिभावकबिच सवल समन्वय कायम गरिनेछ। यो दीर्घकालीन योजनालाई प्रत्येक वर्षको नीति, कार्यक्रम तथा बजेटसँग आबद्ध गरी चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ। हरेक विद्यालयको विद्यालय सुधार योजना (SIP) लाई यसै योजनासँग तादाम्यता मिलाई स्थानीय तहमा कार्यान्वयन सुनिश्चित गरिनेछ।योजनाका लागि आवश्यक वित्तीय स्रोत पालिकाको आन्तरिक आय, संघीय तथा प्रदेश सरकारको अनुदान र विकास साझेदारहरूको सहयोगबाट जुटाइनेछ।

बजेटलाई प्राथमिकताका आधारमा न्यायोचित वितरण गर्दै नियमित वित्तीय अनुगमन र सार्वजनिक सुनुवाइमार्फत आर्थिक पारदर्शिता कायम गरिनेछ। मानव स्रोत व्यवस्थापन अन्तर्गत आवश्यक शिक्षक तथा कर्मचारीको प्रबन्ध गरिनेछ भने उनीहरूको कार्यक्षमता बढाउन नियमित तालिम र पेशागत विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछन्। शिक्षण सिकाइ र प्रशासनिक कामलाई चुस्त बनाउन प्रविधिको प्रयोग बढाउँदै विद्यालय र पालिकास्तरमा डिजिटल सूचना प्रणाली (EMIS) लाई पूर्ण रूपमा अद्यावधिक राखिनेछ। योजनाको प्रगति मापन र जवाफदेहिता सुनिश्चित गर्न देहाय बमोजिमको अनुगमन, समीक्षा तथा मूल्याङ्कन प्रणाली लागू गरिनेछः

- शिक्षा शाखाले हरेक तीन महिनामा विद्यालयहरूको स्थलगत अनुगमन गरी शिक्षण-सिकाइ, शिक्षक-विद्यार्थी उपस्थिति, भौतिक पूर्वाधार, प्रविधिको प्रयोग र विद्यालय सुधार योजना (SIP) को कार्यान्वयन अवस्थाको मूल्याङ्कन गर्नेछ।
- प्रत्येक चार महिनामा विद्यालयहरूबाट भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन सङ्कलन गरी बजेटको प्रभावकारी उपयोगको विश्लेषण गरिनेछ।
- प्रत्येक वर्षको अन्त्यमा विद्यार्थीको सिकाइ उपलब्धि, परीक्षा नतिजा, भर्ना दर र टिकाउ दर जस्ता शैक्षिक सूचकहरूको विश्लेषण गरी गुणस्तर मापन गरिनेछ। साथै, गाउँ शिक्षा समितिको नेतृत्वमा सरोकारवालाहरूको सहभागितामा 'वार्षिक समीक्षा गोष्ठी' आयोजना गरी थप सुधारका उपायहरू पहिल्याइनेछ।
- योजना लागू भएको पाँचौं वर्षमा विस्तृत 'मध्यावधि मूल्याङ्कन' गरी आवश्यकता अनुसार रणनीतिहरू परिमार्जन गरिनेछ भने दशौं वर्षमा 'अन्तिम मूल्याङ्कन' सम्पन्न गरी योजनाको समग्र प्रभाव र हासिल भएका उपलब्धिहरूको प्रतिवेदन तयार गरिनेछ।

यस व्यवस्थित, पारदर्शी र नतिजामुखी अनुगमन प्रणालीले गढी गाउँपालिकाको १० वर्षे शिक्षा योजनाका दूरगामी लक्ष्यहरू निर्धारित समयभित्रै सफल रूपमा हासिल गर्न मार्गप्रशस्त गर्नेछ।

पालिका शिक्षा योजनाको सफल कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन कार्ययोजनाको असाध्यै महत्त्वपूर्ण भूमिका रहन्छ। यसले योजना अनुसारका शैक्षिक कार्यक्रमहरू र भौतिक पूर्वाधारका कामहरू सही समयमा र तोकिएको गुणस्तरमा भइरहेका छन् वा छैनन् भनी वास्तविक समयमा नियाल्न मद्दत गर्दछ। यस कार्ययोजनाले स्रोत र बजेटको दुरुपयोग हुनबाट रोकी पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्छ भने संकलित तथ्याङ्कका आधारमा देखिएका गल्ती-कमजोरीलाई तत्कालै सुधार्न दिशा-निर्देश गर्दछ। संक्षिप्तमा भन्नुपर्दा, यसले पालिकाको लगानी बालकालिकाको सिकाइ उपलब्धि र गुणस्तरीय शिक्षामा

परिणत भएको छ कि छैन भनी मापन गर्ने मार्गचित्रको रूपमा काम गर्छ। १० वर्षे पालिका शिक्षा योजनाको अनुगमन तथा मूल्याङ्कन कार्ययोजनालाई तलको तालिकामा प्रस्तुत गरिएकोछ।

तालिका नं. ४४

१० वर्षे पालिका शिक्षा योजनाको अनुगमन तथा मूल्याङ्कन कार्ययोजना

| क्र. सं. | अनुगमन तथा मूल्याङ्कन गतिविधि | अनुगमन प्रक्रिया | अनुगमन तथा मूल्याङ्कन सूचक | समयावधि | जिम्मेवार निकाय | अपेक्षित नतिजा | अनुगमन प्रमाण सूचक |
|---|---|---|---|---|---|---|---|
| १ | वार्षिक कार्ययोजना तथा सूचक निर्धारण | Baseline तयार गरी मुख्य उपलब्धि सूचक निर्धारण | सूचक निर्धारण संख्या, लक्ष्य सेट भएको अवस्था | प्रत्येक वर्षको प्रारम्भ | शिक्षा शाखा | मापनयोग्य वार्षिक योजना तयार हुने | वार्षिक कार्ययोजना प्रतिवेदन, मुख्य उपलब्धि सूचक दस्तावेज |
| २ | विद्यालयको नियमित अनुगमन | स्थलगत अवलोकन, कक्षा निरीक्षण | अनुगमन गरिएका विद्यालय संख्या, सुधार प्रतिशत | त्रैमासिक | शिक्षा शाखा, वडा शिक्षा समिति | विद्यालय अवस्था सुधार हुने | अनुगमन प्रतिवेदन, फोटो/निरीक्षण फाराम |
| ३ | बजेट तथा कार्यक्रम अनुगमन | वित्तीय/भौतिक प्रगति समीक्षा | बजेट खर्च %, भौतिक प्रगति % | चौमासिक | शिक्षा शाखा, लेखा शाखा | कार्यक्रम प्रभावकारी कार्यान्वयन | वित्तीय प्रतिवेदन, खर्च विवरण |
| ४ | विद्यालय प्रगति विवरण संकलन | EMIS/विद्यालय रिपोर्ट विश्लेषण | EMIS अद्यावधिक दर, रिपोर्ट बुझाउने % | चौमासिक | विद्यालय, शिक्षा शाखा | अद्यावधिक तथ्याङ्क उपलब्ध हुने | EMIS रिपोर्ट, विद्यालय प्रतिवेदन |
| ५ | सिकाइ उपलब्धि मूल्याङ्कन | परीक्षा विश्लेषण | उत्तीर्ण दर, सिकाइ उपलब्धि % | वार्षिक | शिक्षा महाशाखा | गुणस्तर सुधार मापन हुने | परीक्षा नतिजा, सिकाइ परीक्षण रिपोर्ट |
| ६ | वार्षिक समीक्षा | समीक्षा बैठक र विश्लेषण | लक्ष्य प्राप्ति %, निर्णय कार्यान्वयन दर | वार्षिक | पालिका शिक्षा समिति | सुधारात्मक निर्णय कार्यान्वयन | वार्षिक समीक्षा प्रतिवेदन, निर्णय पुस्तिका |
| ७ | मध्यावधि मूल्याङ्कन | बाह्य विज्ञद्वारा मूल्याङ्कन | ५ वर्षे लक्ष्य प्राप्ति %, प्रभाव सूचक | पाँचौं वर्ष | पालिका शिक्षा समिति | योजना सुधार र पुनःपरिमार्जन | Mid-term Evaluation Report |
| ८ | अन्तिम मूल्याङ्कन | समग्र प्रभाव मूल्याङ्कन | १० वर्षे लक्ष्य प्राप्ति %, प्रभाव विश्लेषण | दशौं वर्ष | पालिका | दीर्घकालीन प्रभाव मापन | Final Evaluation Report |
| ९ | सुधार कार्यान्वयन | प्रतिवेदन आधारित सुधार | सुधार कार्यान्वयन दर, अनुगमन संख्या | निरन्तर | शिक्षा शाखा | निरन्तर सुधार सुनिश्चित | सुधार कार्ययोजना अनुगमन रिपोर्ट |

## ८.६ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धिः**

१ प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल भएको हुनेछ

२ योजनाको मूल्याङ्कनमा नतिजाबाट आवश्यकतामा आधारित नयाँ योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुनेछ ।

**ख) प्रमुख क्रियाकलाप र लक्ष्यः**

तालिका नं. ४५

अनुगमन तथा मूल्याङ्कन कार्यक्रमका प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य इकाइ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र गठन तथा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | अनुगमन तथा मूल्याङ्कन (M&E) ढाँचा र सूचकहरूको विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | कार्यक्रम कार्यान्वनयको चौमासिक तथा वार्षिक प्रतिवेदन तयारी तथा समीक्षा बैठक सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | समग्र कार्यक्रम कार्यान्वनयको बार्षिक स्थिति प्रतिवेदन तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | अनुगमन सम्बन्धी क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | सामाजिक लेखापरीक्षण तथा सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | विद्यालयस्तरीय नियमित अनुगमन तथा कक्षा अवलोकन रोष्टर परीचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | सिकाइ उपलब्धि परीक्षण र नतिजा विश्लेषण कक्षा ५, ८ र १० | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | EMIS व्यवस्थापन प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | बार्षिक अनुगमन प्रतिवेदन तयारी र समीक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ग) प्रमुख क्रियाकलाप र बजेट

तालिका नं. ४६

अनुगमन तथा मूल्याङ्कन कार्यक्रमका प्रमुख क्रियाकलाप तथा बजेट

| १ | १४ अनुगमन तथा मूल्याङ्कन | वित्तिय लक्ष्य (५ वर्ष) रु ००० मा | | | | | | स्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | प्रमुख क्रियाकलाप | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | संघ | प्रदेश | स्थानीय तह | समुदाय र अन्य |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र गठन तथा सञ्चालन | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| २ | अनुगमन तथा मूल्याङ्कन (M&E) ढाँचा र सूचकहरूको विकास | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| ३ | कार्यक्रम कार्यान्वनयको चौमासिक तथा वार्षिक प्रतिवेदन तयारी तथा समीक्षा बैठक सञ्चालन | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | ० | ० | ० |
| ४ | समग्र कार्यक्रम कार्यान्वनयको बार्षिक स्थिति प्रतिवेदन तयारी | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | ० | ० | ० |
| ५ | विद्यालयको कार्यसम्पादन परीक्षण | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| ६ | अनुगमन सम्बन्धी क्षमता विकास | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| ७ | सामाजिक लेखापरीक्षण तथा सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |
| ८ | विद्यालयस्तरीय नियमित अनुगमन तथा कक्षा अवलोकन रोष्टर परीचालन | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ० | ० | १५०० | ० |
| ९ | सिकाइ उपलब्धि परीक्षण र नतिजा विश्लेषण कक्षा ५, ८ र १० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ० | ० | १५०० | ० |
| १० | EMIS व्यवस्थापन प्रणाली सुदृढीकरण | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| ११ | बार्षिक अनुगमन प्रतिवेदन तयारी र समीक्षा | ५० | ५० | ५० | ५० | ५० | २५० | १२५ | ० | १२५ | ० |
| | जम्मा | ११०० | ११०० | ११०० | ११०० | ११०० | ५५०० | ६२५ | ० | ४८७५ | ० |

# अनुसूची १

## शिक्षा योजना निर्माण समिती गठनको निर्णयः

आज मिति २०८१ पौष ५ गते गढी गाउँपालिका, गाउँ शिक्षा समितिको बैठक समितिका अध्यक्ष एवं गाउँपालिका अध्यक्ष श्री आश नारायण चौधरी ज्यूको अध्यक्षतामा बसी देहाय बमोजिम निर्णयहरु गरियो ।

**उपस्थिती**

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री आश नारायण चौधरी | अध्यक्ष | |
| २ | श्री दिल बहादुर खड्का | सदस्य | |
| ३ | श्री चन्द्र कुमार सरदार | सदस्य | |
| ४ | श्री शिवचरण साह | सदस्य | |
| ५ | श्री बंकरलाल थन्दार | सदस्य | |
| ६ | श्री अमरलाल चौधरी | सदस्य | |
| ७ | श्री सरस्वती चौधरी | सदस्य | |
| ८ | श्री भूपनारायण भगत | सदस्य | |
| ९ | श्री हितलाल चौधरी | सदस्य | |
| १० | श्री छवि खड्का | सदस्य सचिव | |

आमन्त्रित

१. श्री अनिता कुमारी साह, उपाध्यक्ष

२. श्री दुर्गा प्रसाद आचार्य, प्रास

३. श्री बाबुराम पौडेल, लेखा प्रमुख

**प्रस्तावहरु :**

१.गाउँ शिक्षा योजना लेखन कार्यदल गठन गर्ने सम्बन्धमा ।

२. शिक्षकलाई काज खटाउने सम्बन्धमा ।

**निर्णय नं. १.**

आ.ब. २०८१/०८२ को स्वीकृत अनुसार स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ (परिमार्जित तथा अद्यावधिक २०८१) बमोजिम गाउँ शिक्षा योजना निर्माण गर्नको लागि तपसिल गाउँ शिक्षा योजना लेखन कार्यदल गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | | |
|---|---|---|
| क. | शाअ श्री छवि खडका , गढी गाउँपालिका | संयोजक |
| ख. | वडाध्यक्ष श्री चन्द्र कुमार सरदार, ५ नं वडा कार्यालय | सदस्य |
| ग. | प्रअ श्री शिवचरण साह, श्री मावि, छिटाहा | सदस्य |
| घ. | प्रअ श्री रामकुमार चौधरी, श्री सरस्वती मावि,औरावनी | सदस्य |
| ङ. | ~~प्रअ श्री लक्ष्मी प्रसाद चौधरी,श्री सरस्वती मावि, दुहवी~~ [illegible] | सदस्य |

# अनुसूची २

गाउँ शिक्षा योजना निर्माणका लागि प्रअ वैठकमा सहभागीहरु

आज मिति २०८१।६।०५ गते शुक्रवारका दिन यस गढी गाँउ पालिका अन्तरगतका सामुदायिक विद्यालयहरुको नियमित प्र०अ० हरुको वैठक यस गाँउ पालिकाका ............ को उपस्थितमा देहाय वमोजिमको निर्णयहरु पारीत गरयौं ।

उपस्थिती

| | नाम थर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री आशनारायण चौधरी | अध्यक्ष | गढी गाउँ पालिका | |
| २. | | | | |
| ३. | | | | |
| ४. | श्री शिवचरण साह | प्र०अ० | श्री मा. वि. छिटाहा | [signature] |
| ५. | श्री कुशल व. कार्की | शिक्षक | श्री जनता मा० वि | [signature] |
| ६. | श्री आशाराम मार्झी | प्र० अ० | श्री म. वि. मा० वि | [signature] |
| ७. | श्री राम कुमार चौधरी | " " | श्री सरस्वती मा० वि | [signature] |
| ८. | श्री दुर्गा प्रसाद आचार्य | प्रमुख प्र० | गढी गा० पा० | |
| ९. | श्री हेम नारायण चौधरी | " | श्री गढदेव आ० वि | [signature] |
| १०. | श्री जगत लाल चौधरी | " | श्री जौडा स्थान आ० वि | [signature] |
| ११. | श्री ओम नारायण यादव | प्र०अ० | श्री जनता आ० वि | [signature] |
| १२. | श्री हित लाल चौधरी | " " | श्री भवानी आ० वि | [signature] |
| १३. | श्री बाद लाल चौधरी | " " | श्री जनता आ० वि | [signature] |
| १४. | श्री उपेन्द्र यादव | " " | श्री राष्ट्रिय आ० वि | [signature] |
| १५. | श्री ज्ञान कुमार सरदार | " " | श्री नन्द आ० वि | [signature] |
| १६. | श्री रविन्द्र ठाकुर | " " | श्री थलाहा आ० वि | [signature] |
| १७. | श्री नागेन्द्र यादव | " " | श्री गंगा आ० वि | [signature] |
| १८. | श्री रुपा कुमारी चौधरी | " " | श्री ग्राम धार्मिक मा० वि | [signature] |
| १९. | श्री नारायण प्रसाद भट्टराई | " " | श्री गोरखनाथ आ० वि | [signature] |
| २०. | श्री लक्ष्य नारायण यादव | " " | श्री रतन आ० वि | |
| २१. | श्री बजरलाल चौधरी | " " | श्री रतन " " | [signature] |
| २२. | श्री हेम कुमारी सिग्देल | " " | श्री कोशिका आ. वि. | [signature] |
| २३. | श्री जग नारायण यादव | प्र.अ. | श्री आधारभूत वि० गढी-५ | |
| २४. | मो० तायब हुसेन मियाँ | प्र.अ. | मदरसा महमदीया गढी | [signature] |
| २५. | श्री भाग्य नारायण चौधरी | प्र०अ० | श्री रामसीता आ० वि | [signature] |

प्रस्तावहरु
१. दैनिक खाजा मेनु सम्बन्धमा ।
२. गाउँ शिक्षा योजना निर्माणका लागी सुझाव पेश गर्ने सम्बन्धमा ।
३. REAL कार्यक्रम अभिमुखिकरण सम्बन्धमा ।

निर्णयहरु :-

प्रस्ताव नं. १ माथी आपसी छलफल गर्दा यस गा० पा० अन्तरगतका विद्यालयहरुमा दिवा खाजा खुवाउँदा तपसिल अनुसारको दिवा खाजा मेनु तयार गरी खुवाउने भनी निर्णय पारित गरियो ।


तपसिल

आइतवार :- हलुवा / cornflakes / chocomix
सोमवार :- चना च्यिउरा / पलाव / बिरयानी
मंगलवार :- खिर / snacks
बुधवार :- पौष्टिलो पोहा / तरकारी च्यिउरा
बिहिवार :- खिचडी / दही च्यिउरा
शुक्रवार :- फलफुल / मिक्स मखाना / snacks

प्रस्ताव नं. २ माथी आपसी छलफल गर्दा यस गाउँ गाo पाo द्वारा निर्माण गर्न लाईरहेको १० वर्षे गाउँ शिक्षा योजना निर्माणका लागी प्रत्येक विद्यालयहरु एक हप्ता भित्र आ-आफ्ना सुझावहरु गाoपाo शिक्षा शाखामा पेश गर्ने भनी निर्णय पारित गरियो ।

# अनुसूची ३

**गढी गाउँपालिका शिक्षा योजनाको मस्यौदाउपर छलफल कार्यक्रमा सहभागिहरु**



गढी गाउंपालिका, सुनसरी

१० वर्षे गाउँ शिक्षा योजनाको मस्यौदा प्रस्तुतीकरण तथा सुझाव संकलन कार्यक्रम

सहभागीहरुको हाजिरी विवरण

स्थान : गढी गाउँपालिकाको सभाहल, औरावनी

| क्र.सं. | सहभागीको नामथर | पद | कार्यालय | हस्ताक्षर | मो.नं. |
|---|---|---|---|---|---|
| १ | श्री आश नारायण चौधरी | अध्यक्ष | गढी गाउँपालिका, सुनसरी | | |
| २ | श्री अनिता कुमारी साह | उपाध्यक्ष | गढी गाउँपालिका, सुनसरी | | |
| ३ | श्री चुडामणी गुरागाई | प्र.प्र.अ. | गढी गाउँपालिका, सुनसरी | | |
| ४ | श्री दिल वहादुर खड्का | ले.अ. | गढी गाउँपालिका, सुनसरी | | ९८४२०८६२५८२ |
| ५ | श्री प्रदिप कुमार चौधरी | वडाध्यक्ष | गढी गाउँपालिका, सुनसरी | | |
| ६ | श्री प्रभाकर माझी | वडाध्यक्ष | गढी गाउँपालिका, सुनसरी | | 9852046852 |
| ७ | श्री कुशेश्वर यादव | वडाध्यक्ष | गढी गाउँपालिका, सुनसरी | — | |
| ८ | श्री रामसेवक साहु | वडाध्यक्ष | गढी गाउँपालिका, सुनसरी | | |
| ९ | श्री चन्द्र कुमार सरदार | वडाध्यक्ष | गढी गाउँपालिका, सुनसरी | | ९८०४३६४६९५ |
| १० | श्री तेतर साह | वडाध्यक्ष | गढी गाउँपालिका, सुनसरी | | ९८१६३३२०४५ |
| ११ | श्री श्याम नारायण माझी | कार्यपालिका सदस्य | गढी गाउँपालिका, सुनसरी | | |
| १२ | श्री रामसेवक शर्मा खत्वे | कार्यपालिका सदस्य | गढी गाउँपालिका, सुनसरी | | |
| १३ | श्री छवि खड्का | शिक्षा प्रमुख | गढी गाउँपालिका, सुनसरी | | |
| १४ | श्री राजेन्द्र प्रसाद यादव | स्वास्थ्य शाखा प्रमुख | गढी गाउँपालिका, सुनसरी | | 9842238539 |
| १५ | श्री दुर्गा प्रसाद आचार्य | शिक्षा अधिकृत | गढी गाउँपालिका, सुनसरी | | |
| १६ | श्री बाबुराम पौडेल | लेखा अधिकृत | गढी गाउँपालिका, सुनसरी | | ९८२२६३२०१८ |
| १७ | श्री लक्ष्मी प्रसाद खाँ | शिक्षा समिति सदस्य | गढी गाउँपालिका, सुनसरी | | ९८०४०८८६५० |
| १८ | श्री विरेन्द्र प्रसाद गुप्ता | शिक्षा समिति सदस्य | गढी गाउँपालिका, सुनसरी | | ९८४२०८८८२६ |
| १९ | श्री सरस्वती चौधरी | शिक्षा समिति सदस्य | गढी गाउँपालिका, सुनसरी | | ९८१६७६८८६५ |
| २० | श्री जगतलाल चौधरी | शिक्षा समिति सदस्य | श्री फौदारस्थान मावि, छिटाहा | | ९८०८६५३०६२ |
| २१ | श्री विजय राई | शिक्षा समिति सदस्य | श्री एभरेष्ट इ.वो., औरावनी | | ९८४२०५२६५८ |
| २२ | श्री हितलाल चौधरी | शिक्षा समिति सदस्य | श्री भवानी आवि, सत्तेरझोरा | | ९८४२०३७९३६ |
| २३ | श्री योगराज निरौला | शाखा प्रमुख | गढी गाउँपालिका, सुनसरी | | |
| २४ | श्री शिवचरण साह | प्रअ | श्री मावि, छिटाहा | | ९८०४३३२६५२ |
| २५ | श्री रामकुमार चौधरी | प्रअ | श्री सरस्वती मावि, औरावनी | | ९८२५३३६८३५ |
| २६ | श्री उपेन्द्र मुखिया | प्र०अ० | श्री गढी वा०मु० आ०वि० | | ९८११३२६३६२ |
| २७ | श्री भाग्यलाल चौधरी | प्र०अ० | श्री रामपति आ०वि०-३ | | ९८६५२५८२९८ |
| २८ | हेम कुमारी सिग्देल | प्र०अ० | श्री कौशिका ल्हो०आ०वि० | | ९८४२९८२६२९ |
| २९ | रत्ना चौधरी | प्र.अ. | [illegible] | | [illegible] |

१० वर्षे गाउँ शिक्षा योजनाको मस्यौदा प्रस्तुतीकरण ताथ सुझाव संकलन कार्यक्रम

सहभागीहरुको हाजिरी विवरण

स्थान : गढी गाउँपालिकाको सभाहल, औरावनी

| क.सं. | सहभागीको नामथर | पद | कार्यालय | हस्ताक्षर | मो.नं. |
|---|---|---|---|---|---|
| ३० | हेम नारायण चौधरी | प्र०अ० | श्री गदहदेव आ० वि० गढी-२ | [illegible] | ९८११०२६४५१ |
| ३१ | चिना कुमारी चौधरी | प्र०अ० | श्री जनता आ.वि. २ | [illegible] | ९८६२९८४५०९ |
| ३२ | राज कुमार यादव | प्र०अ० | श्री गोरखनाथ आ.वि. | [illegible] | ९८११०२३०66 |
| ३३ | जगनारायण यादव | प्र० अ० | श्री आबार ब्रत वि० गढी-१ | जगनारायणयादव | ९८१५२६१४१० |
| ३४ | रविन्द्र ठाकुर | प्र०अ० | श्री थलाहा आ० वि० गढी-१ | [illegible] | ९८४२०५४४६८ |
| ३५ | सान कुमार सरदार | प्र० अ० | श्री नन्द आ० वि० | [illegible] | ९८१५०४४१५० |
| ३६ | पुरण लाल चौधरी | प्र० अ० | श्री चण्डेश्वर आ० वि० गढी | [illegible] | ९८०४०६१६२६ |
| ३७ | जमुनालाल चौधरी | प्र०अ० | श्री कौडा स्थान मा.वि. | [illegible] | ९८०४६६५०६३ |
| ३८ | [illegible] | [illegible] | गढी गा०पा० | [illegible] | ९८०४०४४६५० |
| ३९ | वीरेन्द्रप्रसाद गुप्ता | [illegible] | ,, ,, ,, | [illegible] | ९८४२०४४४२6 |
| ४० | विष्णु चौधरी | प्र० अ० | श्री रतन आ० वि० गढी-२ | [illegible] | ९८०२२३४२५० |
| ४१ | राम कुमार चौधरी | | | | |
| ४२ | आरती कुमारी साह | प्र अ | श्री सरस्वती आ वि | [illegible] | ९८०४०४९२५१ |
| ४३ | ज्ञानेन्द्र यादव | प्र०अ० | श्री गंगा आ०वि० गढी | [illegible] | ९८०४०१८६६ |
| ४४ | [illegible] | प्र०अ० | श्री रतन आ०वि० [illegible] | [illegible] | ९८०४२८८१०६ |
| ४५ | ललित नारायण यादव | प्र०अ० | श्री [illegible] आ०वि० गढी | [illegible] | ९८०४२२३००४ |
| ४६ | [illegible] | ,, | श्री [illegible] | [illegible] | ९८४२१९०६५२ |
| ४७ | निलम [illegible] | गाउँपालिका रिसोर्स | गढी गाउँपालिका | निलम | |
| ४८ | राजाराम मेहता | प्र.अ. | राजापुर ई.बो. स्कुल | [illegible] | ९८१६३२८०२6 |
| ४९ | राधा कुमारी रिसोर्स | गाउँपालिका रिसोर्स | गढी गाउँपालिका | राधा | |
| ५० | | | | | |
| ५१ | | | | | |
| ५२ | | | | | |
| ५३ | | | | | |
| ५४ | | | | | |
| ५५ | | | | | |
| ५६ | | | | | |
| ५७ | | | | | |
| ५८ | | | | | |

# अनुसूची ४

गढी गाउँपालिकाका सार्वजनिक विद्यालय ( सामुदायिक र परम्परागत धार्मिक विद्यालय )हरुको विवरण

| S.N | Iemis Code | School Name | School Type | Ward | Class Registered Upto | School Level |
|---|---|---|---|---|---|---|
| 1 | 060040001 | Gorakh Nath Basic School | Public | 2 | 5 | Primary |
| 2 | 060040002 | Gadh Dev Adharbhut Vidhyalaya | Public | 2 | 8 | Lower Secondary |
| 3 | 060040003 | Janata Pra V | Public | 2 | 5 | Primary |
| 4 | 060040004 | Ratna Pra V | Public | 2 | 5 | Primary |
| 5 | 060040005 | Saraswati Secondary School | Public | 2 | 12 | Higher Secondary |
| 6 | 060040009 | Gadhi Bal Bikas Basic school | Public | 2 | 5 | Primary |
| 7 | 060040010 | Kunti Pra V | Public | 2 | 4 | Primary |
| 8 | 060070026 | Madarasa Hassan Ibn Thabit Basic Level School | Religious | 5 | 1 | Primary |
| 9 | 060070028 | madrsa tazwidul islam | Religious | 3 | 1 | Primary |
| 10 | 060150001 | Ram Sita Adharbhut School | Public | 3 | 5 | Primary |
| 11 | 060150002 | Gram dhami dhamiyen basic school | Public | 4 | 5 | Primary |
| 12 | 060150004 | Phaudarsthan Ma.Vi. | Public | 4 | 10 | Secondary |
| 13 | 060150005 | Ratan Pra V | Public | 3 | 5 | Primary |
| 14 | 060150006 | Ma V | Public | 3 | 12 | Higher Secondary |
| 15 | 060150009 | Koshika Loktantra Pra V | Public | 4 | 3 | Primary |
| 16 | 060320001 | Nanda Primary School | Public | 1 | 5 | Primary |
| 17 | 060320002 | Thalaha Pra V | Public | 5 | 5 | Primary |
| 18 | 060320003 | Majadur Kisan Ma V, Gadhi-1, Sunsari | Public | 1 | 12 | Higher Secondary |
| 19 | 060320005 | Madrasa Mohammadia | Religious | 1 | 8 | Lower Secondary |
| 20 | 060470001 | Adharbhut Vidhyalaya | Public | 5 | 5 | Primary |
| 21 | 060470002 | Bhawani Basic School | Public | 6 | 5 | Primary |
| 22 | 060470003 | Janta basic school | Public | 5 | 8 | Lower Secondary |
| 23 | 060470004 | Rastriya Adharbhut V | Public | 6 | 5 | Primary |
| 24 | 060470005 | Janata secondary school | Public | 6 | 10 | Secondary |
| 25 | 060470008 | Madrassa Saiyadana Abubakar Sindhinka Raji | Religious | 5 | 1 | Primary |
| 26 | 060470009 | Ganga Pra V | Public | 5 | 5 | Primary |
| 27 | 060470010 | Saraswati Pra V | Public | 5 | 5 | Primary |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 28 | 060470011 | Dinabhadri Pra V | Public | 6 | 3 | Primary |

स्रोतः **IEMIS Report 2082**

# अनुसूची ५

## गढी गाउँपालिकाका संस्थागत विद्यालयहरुको विवरण

| S.N | Iemis Code | School Name | School Type | Ward | Class Registered Upto | School Level |
|---|---|---|---|---|---|---|
| 1 | 060020011 | Brilliant English Boarding School | Private | 3 | 3 | Primary |
| 2 | 060040006 | Himshikha English Boarding School, Gadhi-2, Sunsari | Private | 2 | 8 | Lower Secondary |
| 3 | 060040007 | Everest English Boarding School , Gadhi-2, Sunsari | Private | 2 | 10 | Secondary |
| 4 | 060040008 | Purwa English Boarding School | Private | 2 | 6 | Lower Secondary |
| 5 | 060040011 | Peace Buddha Jyoti Academy, | Private | 1 | 12 | Higher Secondary |
| 6 | 060070021 | Bal Bidhya English School | Private | 2 | 4 | Primary |
| 7 | 060070022 | Asian Public school | Private | 3 | 4 | Primary |
| 8 | 060070023 | National GoldenAcademy | Private | 3 | 4 | Primary |
| 9 | 060070025 | Divya Jyoti public school | Private | 6 | 4 | Primary |
| 10 | 060150007 | Little Buds Academy, Gadhi-3,Sunsari | Private | 3 | 10 | Secondary |
| 11 | 060150008 | Om Sai English School | Private | 3 | 10 | Secondary |
| 12 | 060150012 | Rajaji English Boarding School | Private | 3 | 8 | Lower Secondary |
| 13 | 060320004 | Divine Temple English Boarding School | Private | 1 | 10 | Secondary |
| 14 | 060320006 | Kamaksha Vidhya Mandir, Gadhi-1, Sunsari | Private | 1 | 10 | Secondary |
| 15 | 060470012 | Pashupati Academy Sunsari | Private | 6 | 10 | Secondary |

स्रोतः IEMIS Report 2082

गढी पालिका शिक्षा योजनाकको मस्यौदा उपर छलफल कार्यक्रममा सहभागीहरु:२०८३।३।२३



# अनुसूची ६

आज मिति २०८३ असार २४ गते बुधबारका दिन गढी गाउँपालिका, गाउँ शिक्षा समितिको बैठक समितिका अध्यक्ष एवं गाउँपालिका अध्यक्ष श्री आश नारायण चौधरी ज्यूको अध्यक्षतामा बसी देहाय बमोजिम निर्णयहरु गरियो ।

उपस्थिती

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री आश नारायण चौधरी | अध्यक्ष | |
| २ | श्री अनिता कुमारी साह | आ.सदस्य | |
| ३ | श्री चुडामणी गुरागाई | सदस्य | |
| ४ | श्री चन्द्र कुमार सरदार | सदस्य | |
| ५ | श्री हिरालाल चौधरी | सदस्य | |
| ६ | श्री जगतलाल चौधरी | सदस्य | |
| ७ | श्री लक्ष्मी प्रसाद खाँ | सदस्य | |
| ८ | श्री शिष्यलाल चौधरी | सदस्य | |
| ९ | श्री सरस्वती चौधरी | सदस्य | |
| १० | श्री विजय राई | सदस्य | |
| ११ | श्री विरेन्द्र प्रसाद गुप्ता | सदस्य | |
| १२ | श्री छवि खड्का | सदस्य सचिव | |

आमन्त्रित

१. श्री दिल बहादुर खड्का, लेखा प्रमुख
२. श्री बाबुराम [illegible], लेखा अधिकृत
३. श्री दुर्गा प्रसाद आचार्य, शिक्षा अधिकृत

प्रस्तावहरु :

१. गाउँ शिक्षा योजना स्वीकृतको लागि कार्यपालिकामा पेश गर्ने सम्बन्धमा ।

निर्णय नं. १.

प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ ( परिमार्जित तथा अद्यावधिक २०८१) बमोजिम "प्रविधिमैत्री, गुणस्तरीय र जीवनोपयोगी शिक्षा ; समृद्ध गढी हामी सबैको ईच्छा " भन्ने दुरदृष्टिका साथ विषय विज्ञको प्राविधिक सहयोगमा तयार गरिएको गढी गाउँपालिकाको गाउँ शिक्षा योजना २०८३/०८४- २०९२/०९३ लाई दफावार रुपमा छलफल गरी स्वीकृतिको लागि गढी गाउँपालिका, गाउँकार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

# अनुसूची ७

आज मिति २०८३।०३।३१ गते बुधबारका दिन बिहान १०:०० बजे यस गढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयमा, यस गढी गाउँपालिकाका अध्यक्ष श्री आश नारायण चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा आ.व. २०८२/०८३ को २० औं (बिसौं) कार्यपालिका बैठक बसि तलका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

**उपस्थिति**

| क्र.सं. | पद | नामथर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री आश नारायण चौधरी | गढी गाउँपालिका | |
| २ | कार्यपालिका सदस्य | श्री अनिता कुमारी साह | गढी गाउँपालिका | |
| ३ | कार्यपालिका सदस्य | श्री प्रदिप कुमार चौधरी | गढी गाउँपालिका | |
| ४ | कार्यपालिका सदस्य | श्री प्रभाकर माझी | गढी गाउँपालिका | |
| ५ | कार्यपालिका सदस्य | श्री कुशेश्वर यादव | गढी गाउँपालिका | |
| ६ | कार्यपालिका सदस्य | श्री रामसेवक साह तेली | गढी गाउँपालिका | |
| ७ | कार्यपालिका सदस्य | श्री चन्द्र कुमार सरदार | गढी गाउँपालिका | |
| ८ | कार्यपालिका सदस्य | श्री हेतर साहु | गढी गाउँपालिका | |
| ९ | कार्यपालिका सदस्य | श्री राधा कुमारी चाम्लिङ | गढी गाउँपालिका | |
| १० | कार्यपालिका सदस्य | श्री उमदा कुमारी मेहता | गढी गाउँपालिका | |
| ११ | कार्यपालिका सदस्य | श्री सानो देवी उराँव | गढी गाउँपालिका | |
| १२ | कार्यपालिका सदस्य | श्री नीलम कुमारी ऋषिदेव | गढी गाउँपालिका | |
| १३ | कार्यपालिका सदस्य | श्री रामसेवक शर्मा खत्वे | गढी गाउँपालिका | |
| १४ | कार्यपालिका सदस्य | श्री श्याम नारायण माझी | गढी गाउँपालिका | |
| १५ | सदस्य सचिव | श्री चुडामणी पुराई | गढी गाउँपालिका | |
| आमन्त्रित | | | | |
| १६ | लेखा अधिकृत (कर्जे) | श्री दिल बहादुर खड्का | गढी गाउँपालिका | |
| १७ | शा.अ | श्री धनि खड्का | गढी गाउँपालिका | |
| १८ | प्रशासन प्रमुख | श्री योगराज निरौला | गढी गाउँपालिका | |
| १९ | लेखा अधिकृत | श्री बालुराम पौडेल | गढी गाउँपालिका | |
| २० | प्रशासन सहायक | श्री प्रविण लुइटेल्ली | गढी गाउँपालिका | |
| २१ | कार्यालय सहयोगी | श्री रन्जिता चौधरी | गढी गाउँपालिका | |
| २२ | इन्जीनियर | पुस्पराज चौधरी | | |
| २३ | योजना शाखा प्र. | हरेराम साह | | |
| २४ | | मुकेश यादव | | |

प्रस्ताव :

१. गाउँ शिक्षा योजना स्वीकृत गरी वेबसाइटमा प्रकाशन गर्ने सम्बन्धमा।
२. कर्मचारी तह वृद्धि सम्बन्धमा।
३. ब्याज थप गर्ने सम्बन्धमा।
४. हरिया ठेक्का पुनः सूचना (चौथो पटक) प्रकाशन गर्ने सम्बन्धमा।
५. बोलपत्र आह्वान गर्ने सम्बन्धमा।

निर्णयहरू:

निर्णय नं. ०१: गाउँ शिक्षा योजना स्वीकृत गरी वेबसाइटमा प्रकाशन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १ माथि छलफल गर्दा गढी गाउँपालिका, गाउँ शिक्षा समितिको मिति २०८३/०३/२४ गतेको बैठक निर्णयानुसार स्वीकृतिको लागि कार्यपालिकामा पेश भएको शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट जारी भएको स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ (परिमार्जित तथा अद्यावधिक २०८१) बमोजिम "प्रविधिमैत्री, गुणस्तरीय र जीवनोपयोगी शिक्षा; समृद्ध गढी हाम्रो सबैको इच्छा" भन्ने दूरदृष्टि साथ विज्ञको प्राविधिक सहयोगमा तयार गरिएको गढी गाउँपालिकाको गाउँ शिक्षा योजना २०८३/०८४ – २०९२/०९३ लाई स्वीकृत गरी गाउँपालिकाको वेबसाइटमा प्रकाशन गर्ने निर्णय गरियो।